*सङ्घीयता, सुशासन, सामाजिक न्याय र समाजवाद*

# जनता समाजवादी पार्टी, नेपालको विधान

वि.स. २०८० (सन् २०२३)



## विषय सूची


क. सं.

१. **प्रस्तावना**
२. **परिच्छेद - १** प्रारम्भिक
३. **परिच्छेद - २** पार्टी कार्यालय
४. **परिच्छेद - ३** पार्टीको छाप, चिन्ह र झण्डा
५. **परिच्छेद - ४** पार्टीका उद्देश्यहरू
६. **परिच्छेद - ५** पार्टीको सदस्यता, नवीकरण र अभिलेख
७. **परिच्छेद - ६** पार्टीको सङ्गठनात्मक संरचना
८. **परिच्छेद - ७** केन्द्रीय निकाय
९. **परिच्छेद - ८** प्रदेश समिति तथा प्रादेशिक संरचना
१०. **परिच्छेद - ९** प्रादेशिक निकाय
११. **परिच्छेद - १०** पहिचानमा आधारित प्रादेशिक संरचना
१२. **परिच्छेद - ११** स्थानीय तह/निकाय
१३. **परिच्छेद - १२** निर्वाचन, मनोनयन, पदरिक्तता र पदपूर्ति
१४. **परिच्छेद - १३** संसदीय दल र संसदीय बोर्ड
१५. **परिच्छेद - १४** विभाग, संयन्त्र, कार्यदल र इन्चार्ज
१४. **परिच्छेद - १५** विशेष महाधिवेशन तथा अधिवेशन
१५. **परिच्छेद - १६** राष्ट्रिय महाधिवेशन र अधिवेशनको निर्णय प्रमाणीकरण
१६. **परिच्छेद - १७** बैठक र निर्णय
१७. **परिच्छेद - १८** पार्टी कोष र सम्पत्ति
१८. **परिच्छेद - १९** विवाद समाधान समिति
१९. **परिच्छेद - २०** **अ**विश्वासको प्रस्ताव
२०. **परिच्छेद - २१** विधान संशोधन
२१. **परिच्छेद - २२** उम्मेदवार मनोनयनको मापदण्ड
२२. **परिच्छेद - २३** सङ्गठनात्मक सिद्धान्त र कार्यपद्धति
२३. **परिच्छेद - २४** जनवर्गीय तथा सामाजिक सङ्गठन
२४. **परिच्छेद - २५** सम्पर्क समिति, विशेष प्रदेश समिति र विशेष संरचना
२५. **परिच्छेद - २६** कार्यविभाजन, जिम्मेवारी पालन र अनुगमन तथा कार्यमूल्याङ्कन
२६. **परिच्छेद - २७** अनुशासनसम्बन्धी कारवाही र पुनरावेदन
२७. **परिच्छेद - २८** विविध
२८. **अनुसूचीहरू -**

# जनता समाजवादी पार्टी, नेपालको

# विधान

## वि.स. २०८० (सन् २०२३)

**प्रस्तावना**

सार्वभौमसत्ता सम्पन्न जनताका हामी प्रतिनिधिहरू नेपाललाई स्वतन्त्र, स्वाधीन, समृद्ध, धर्मनिरपेक्ष, समानुपातिक समावेशी, सहभागीतामूलक, सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनाउने ध्येयप्रति प्रतिवद्ध हुँदै,

नेपाल एक सार्वभौमसत्ता सम्पन्न, अविभाज्य, बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक विविधताले भरीपूर्ण राज्य हो भन्ने मान्यतालाई आत्मसात गर्दै,

समानता, स्वतन्त्रता, राष्ट्रिय पहिचान, सुशासन, सामाजिक न्याय र समृद्धिको आकाङ्क्षा पुरा गर्न जनताद्वारा, जनताले जनताकै लागि गरिने शासन प्रणाली स्थापनाका लागि राजनीतिक पार्टी निर्माण गर्न, राष्ट्रको गरिमा अभिवृद्धि, जनताको सर्वोतम् हित र समृद्धि नै पार्टीको लक्ष्य हो भन्ने मान्यतालाई आत्मसात गर्दै,

इतिहासको विभिन्न कालखण्डमा जनताले सञ्चालन गरेका राणाशासन बिरोधी आन्दोलन, निरङकुश निर्दलीय पञ्चायती व्यवस्था बिरोधी आन्दोलन, एकात्मक एवम् राजतन्त्रात्मक शासन प्रणालीको अन्त्य तथा राष्ट्रिय स्वाधीनता, शान्ति र अग्रगामी परिवर्तनको पक्षमा भएका जनक्रान्ति, जनआन्दोलन, जनयुद्ध, मधेस जनविद्रोह, आदिवासी जनजाति, खस, थारू, महिला, मुस्लिम, दलित, पिछडा वर्गलगायत उत्पीडित एवम् शोषित जनताले चलाएको जनसङ्घर्ष र आन्दोलनमा गरेका त्याग, सङ्घर्ष, बलिदान र उत्सर्गको उच्च सम्मान गर्दै,

जनताको सार्वभौमिकता, सङ्घीय शासन प्रणाली, बहुलतायुक्त खुला समाज, नागरिक स्वतन्त्रता, वालिग मताधिकार, आवधिक निर्वाचन, समावेशी लोकतन्त्र, बहुदलीय प्रतिस्पर्धा, समानुपातिक समावेशीता, संवैधानिक सर्वोच्चता, कानूनी राज्य, मौलिक हक एवम् मानव अधिकार, नागरिक र राजनीतिक अधिकार, आर्थिक सामाजिक र साँस्कृतिक अधिकार, अल्पसङ्ख्यक अधिकार, महिला पुरूषबिच समानता, शक्तिपृथकीकरण, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासन, सामाजिक सुरक्षा, सामाजिक तथा आर्थिक न्यायको सिद्धान्त र समाजवादी लोकतन्त्र (Socialist Democracy) को मूल्य मान्यतालाई आत्मसात गर्दै,

सामन्ती, पितृसत्तात्मक, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी आर्थिक र सामाजिक न्याय प्राप्ति सँग-सँगै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक लोकतन्त्रमा आधारित समाजको निर्माण गर्ने, जहाँ प्रत्येक व्यक्ति र समुदायका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा, सामाजिक सुरक्षा, रोजगार, सबैका लागि स्वास्थ्य जीवन, खाद्य सुरक्षा तथा उन्नत पोषण, आवासका साथै राष्ट्रको आर्थिक, सामाजिक र साँस्कृतिक जीवनमा स्वतन्त्रता, समानता, सामाजिक तथा आर्थिक न्याय र सुरक्षामा सहभागीता तथा पहुँच, विज्ञान र प्रविधियुक्त, समृद्ध र समुन्नत जीवनको सुनिश्चित्तता गर्न सबैले समान अवसर प्राप्त गर्ने ध्येयप्रति प्रतिवद्ध हुँदै,

विविधतामा एकता र एकतामा विविधतालाई आत्मसात गरी हाम्रो समाजमा वर्ग, वर्ण, जात, जाति, धर्म, भाषा, लिङ्ग आदिका आधारमा भइरहेका विभेद, असमानता, शोषण र उत्पीडनलाई उन्मूलन गरी देशमा शान्ति, विकास र समृद्धिका लागि हिमाल, पहाड र तराई/मधेसको बिशिष्टतालाई सम्बोधन गर्ने उद्देश्यका साथ नेपालमा आदिवासी जनजाति, मधेसी, थारू, दलित, मुस्लिम, खस, महिला, पिछडा वर्ग, अपाङ्गता भएको व्यक्ति, सीमान्तकृत अल्पसङ्ख्यक समुदाय, लोपोन्मुख उत्पीडित जात र जाति, श्रमजीवी वर्ग, किसान, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलगायत बिभिन्न समुदायहरूमाथि शताब्दियौंदेखि कायम रहेको

विभेद, शोषण, उत्पीडन र असमानतलाई अन्त्य गरी जातीय/समुदायगत जनसङ्ख्याको आधारमा राज्यको हरेक अङ्ग, निकाय र तहमा समानुपातिक सहभागिता तथा प्रतिनिधित्वको प्रत्याभूति गराउँदै,

सबै प्रकारका गरिबी, भोकमरी, कुपोषण एवम् लैङ्गिक विभेद उन्मुलन गरी मर्यादा एवम् समता कायम गर्ने, जेष्ठ नागरिक, महिला र बाल अधिकारको संरक्षण गर्दै, आर्थिक, स्वास्थ्य, शिक्षा र अवसर प्राप्तिमा रहेका असमानता र अन्यायलाई अन्त्य गरी शान्तिपूर्ण, न्यायसङ्गत, समावेशी लोकतान्त्रिक एवम् समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै,

पार्टीको आधारभूत उद्देश्य- समानता, सम्पन्नता, सामाजिक एबम् आर्थिक न्याय र व्यक्तिको स्वतन्त्रतालाई समाजमा अभिबृद्धि गर्नु हो भन्ने मान्यताका साथ जनताका लागि शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था, असमानताको न्यूनिकरण, गरिबीको निवारण, भोकमरी तथा कुपोषणबाट मुक्ति तथा पार्टीलाई नेपाली श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूको अगुवा (Vanguard) राजनीतिक प्रतिनिधि संस्थाको रूपमा विकास गरी समाजवादी अर्थव्यवस्था, राजनीति र संस्कृतिको विकास गर्न प्रतिवद्ध हुँदै, सामन्ती वर्ण व्यवस्था, जात प्रथा र पितृसत्तात्मक संस्कृतिको आधारमा समाजलाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने जातीय अहङ्कारवादी मनोवृत्तिको विरोध गरी द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनका साथै समाज विकासको क्रममा विकसित सूचना, सञ्चार, ज्ञान, विज्ञान र प्रविधिको आधारमा समाजलाई हेर्ने, बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने वैचारिक प्रतिबद्धताका साथ वर्गीय, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनलाई एकाकार गरी नेपालमा सङ्घीय समाजवाद (Federal Socialism) स्थापना गर्ने सङ्कल्प गर्दै,

संसारभरका उत्पीडित राष्ट्रियता र श्रमजीवि बर्गमाथिको दमन, सामन्तवादी तथा पूँजीवादी, शोषण, उत्पीडन, जात र जातीय/राष्ट्रिय विभेद (Caste and ethnic based discrimination) का बिरूद्ध विश्वव्यापीरूपमा भइरहेको सङ्घर्ष, नव-उपनिवेशवाद, पुँजीवादी एकाधिकार र साम्राज्यवाद, रङ्गभेद बिरूद्ध हुने वा भइरहेका आन्दोलन एवम् सङ्घर्षप्रति समर्थन र ऐक्यबद्वता राख्दै समाजवादी लोकतन्त्र, सामाजिक र आर्थिक लोकतन्त्र, पर्यावरणीय लोकतन्त्र, महिला आन्दोलन, श्रमजीवी वर्गको आन्दोलन, राष्ट्रिय मुक्ति आन्दोलन तथा सामाजिक मुक्तिलगायतका आन्दोलनहरूप्रति प्रतिबद्ध रहँदै, सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक, नेपाल स्थापना गर्ने रणनीतिक लक्ष्य प्राप्तिका लागि सामूहिक नेतृत्व र समावेशी प्रतिनिधित्व भएको राष्ट्रिय चरित्रको क्रान्तिकारी पार्टी निर्माण गर्न अपरिहार्य भएकाले जनता समाजवादी पार्टी, नेपाल (People's Socialist Party, Nepal) को विधान अधिवेशनद्वारा पारित गरी यो विधान जारी गरिएको छ ।

परिच्छेद - १

## प्रारम्भिक

### धारा - १ पार्टीको नाम र प्रारम्भ

यस पार्टीको नाम जनता समाजवादी पार्टी, नेपाल रहने छ । सङ्क्षिप्तमा यसलाई जसपा, नेपाल भनिने छ । अङ्ग्रेजीमा People's Socialist Party, Nepal सङ्क्षिप्तमा PSP, Nepal भनिने छ ।

### धारा - २ विधानको नाम

यो विधानको नाम जनता समाजवादी पार्टी, नेपालको विधान हुने छ । विधान अधिवेशनद्वारा पारित भएको मितिदेखि प्रारम्भ हुने छ ।

### धारा - ३ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस विधानमा,

1. 'पार्टी' भन्नाले जनता समाजवादी पार्टी, नेपाल सम्झनुपर्छ ।
2. 'विधान' भन्नाले जनता समाजवादी पार्टी, नेपालको विधान वि.स.२०८० (सन् २०२३) सम्झनुपर्छ ।

3. ‘अध्यक्ष’ भन्नाले केन्द्र, प्रदेश, राष्ट्रिय समिति, जिल्ला, निर्वाचन क्षेत्र, पालिका, वडालगायत यस विधानमा उल्लेखित विभिन्न समिति र उपसमिति र आयोगका सम्बन्धित अध्यक्षहरूलाई समेत जनाउँछ ।
4. ‘प्रमुख’ भन्नाले विभिन्न समिति, उपसमिति र विभागका प्रमुखहरूलाई सम्झनुपर्छ ।
5. ‘सदस्य’ भन्नाले पार्टीको सदस्य सम्झनुपर्छ ।
6. ‘कार्यकारिणी समिति’ भन्नाले पार्टीको सबै तहका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।
7. ‘केन्द्रीय समिति’ भन्नाले पार्टीको केन्द्रीय समिति सम्झनुपर्छ ।
8. ‘अधिवेशन’ भन्नाले सङ्घीय/ केन्द्रीय तहमा राष्ट्रिय महाधिवेशन र प्रदेश, प्रादेशिक संरचना तथा स्थानीय तहमा अधिवेशन भन्ने सम्झनुपर्छ ।
9. ‘समानुपातिक समावेशी’ भन्नाले जातीय, सामुदायिक र लैङ्गिक जनसङ्ख्याको आधारमा प्रतिनिधित्व गरिने मान्यतालाई सम्झनुपर्छ ।
10. ‘प्रदेश समिति’ भन्नाले प्रदेश तहमा गठन र परिचालन हुने प्रदेश समिति सम्झनुपर्छ ।
11. ‘प्रादेशिक संरचना’ भन्नाले प्रदेश तहमा गठन र परिचालन हुने राष्ट्रिय समिति सम्झनुपर्छ ।
12. ‘प्रदेश निकाय’ भन्नाले प्रदेश तहमा गठन र परिचालन हुने सल्लाहकार समिति तथा आयोगहरू सम्झनुपर्छ ।
13. ‘पालिका’ भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, र महानगरपालिका समेतलाई सम्झनुपर्छ ।
14. ‘नियमावली’ भन्नाले पार्टीको विधानबमोजिम बनेका नियमावलीहरूलाई सम्झनुपर्छ ।
15. ‘तोकिएको वा तोकिएबमोजिम’ भन्नाले यस विधान, नियमावली र सोअन्तर्गत केन्द्रीय कार्यकारीणी समितिले निर्णय गरी परिपत्र जारी गरेकोलाई समेत बुझाउँछ ।
16. ‘समिति’ भन्नाले पार्टीको केन्द्र, प्रदेश, प्रादेशिक संरचना, जिल्ला, पालिका, वडालगायतका समितिलाई सम्झनुपर्छ र यस शब्दले पार्टीको विभिन्न समितिहरूलाई समेत जनाउँछ ।
17. ‘केन्द्रीय निकाय’ भन्नाले पार्टीको केन्द्रीय सल्लाहकार समिति, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परिक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग सम्झनुपर्छ ।
18. ‘कोष’ भन्नाले सम्बन्धित तहको पार्टी समितिको निर्णयअनुसार स्थापित पार्टी कोष सम्झनुपर्छ ।
19. ‘कार्यकारी अधिकार’ भन्नाले पार्टीको तर्फबाट निर्णय गर्न विधानबमोजिम प्राप्त अधिकार सम्झनुपर्छ ।
20. ‘पदाधिकारी’ भन्नाले यस विधानबमोजिम निर्वाचित वा गठन हुने समितिका अध्यक्ष, वरिष्ठ नेता, सहअध्यक्ष, संयोजक, सहसंयोजक, उपाध्यक्ष, महासचिव, उपमहासचिव, मुख्यसचिव, सचिव, कोषाध्यक्ष, उपसचिव तथा सल्लाहकार समिति र आयोगका पदाधिकारीहरूलाई समेत सम्झनुपर्छ ।
21. ‘श्रमजीवी वर्ग’ भन्नाले शारीरिक र बौद्धिक दुवैखाले श्रम गर्ने वर्ग सम्झनुपर्छ ।
22. ‘सङ्गठित पार्टी सदस्य’ भन्नाले यस विधानको धारा ११ (२ र ३) बमोजिम सदस्य सम्झनुपर्छ ।
23. ‘संयन्त्र’ भन्नाले सरोकारवाला वा जनवर्गीय सङ्गठन, संस्था र राज्यका स्थानीय तहको कामलाई व्यवस्थित गर्न त्यहाँ कार्यरत सङ्गठित पार्टी सदस्य र पार्टी सदस्यहरू सम्मिलित पार्टीको प्रत्यक्ष निर्देशनमा चल्ने संयन्त्र सम्झनुपर्छ ।
24. ‘संसदीय दल’ भन्नाले सङ्घीय संसद वा प्रदेश सभामा पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरू सम्मिलित सङ्घीय वा प्रदेश तहको संसदमा विधानको धारा ९२ र ९३ बमोजिम गठित पार्टीको संसदीय दल सम्झनुपर्छ ।
25. ‘संसदीय बोर्ड’ भन्नाले यस विधानको धारा ९५ बमोजिम गठित पार्टीको संसदीय बोर्ड सम्झनुपर्छ ।
26. ‘स्थानीय तह’ भन्नाले जिल्ला, विशेष जिल्ला, महानगर, उपमहानगर, नगर, गाउँ, वडा वा शाखा र टोल वा प्रारम्भिक तहका अधिवेशन, परिषद, समिति, सल्लाहकार समिति, प्रतिनिधि सभा/प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समिति समेत जनाउँछ ।

27. 'निर्वाचन समिति' भन्नाले धारा ८४ को उपधारा ८ बमोजिम गठन हुने निर्वाचन समिति सम्झनुपर्छ ।
28. 'माथिल्लो समिति' भन्नाले वडा तहको समितिको हकमा पालिका समिति, पालिका समितिको हकमा, जिल्ला समिति, जिल्ला समितिको हकमा प्रदेश समिति वा पहिचानमा आधारित प्रादेशिक संरचना, प्रदेश समितिको हकमा केन्द्रीय समितिलाई सम्झनुपर्छ ।
29. 'समावेशी समूह' भन्नाले आदिवासी जनजाति, मधेसी, महिला, दलित, थारू, मुस्लिम, खसलगायत पार्टीको नियमावलीमा तोकिएको वर्ग, क्षेत्र र समुदायलाई सम्झनुपर्छ ।
30. 'निर्वाचन क्षेत्र' भन्नाले पार्टीको महाधिवेशन वा अधिवेशनमा प्रतिनिधि निर्वाचन गर्नका लागि तय गरिएको क्षेत्र सम्झनुपर्छ । यो शब्दले पार्टीको विभिन्न तहका कार्यकारी समितिमा निर्वाचन गर्नका लागि तोकिएका क्षेत्रलाई समेत जनाउने छ ।
31. 'ऐन' भन्नाले राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई सम्झनुपर्छ ।
32. 'जनवर्गीय सङ्गठन' भन्नाले पार्टीको उद्देश्य र सिद्धान्तलाई मान्ने वर्गीय र अन्य रचनात्मक क्रियाकलापमा संलग्न भई यसै विधानबमोजिम गठन भएका जनवर्गीय सङ्गठन बुझाउने छ ।
33. 'प्रतिनिधि' भन्नाले पार्टीले निर्धारित गरेको क्षेत्रबाट छनौट वा निर्वाचित प्रतिनिधि सम्झनुपर्छ ।
34. 'विभाग' भन्नाले विधानबमोजिम विभिन्न तहका समितिहरूले गठन गरेका विभागलाई सम्झनुपर्छ ।
35. 'इन्चार्ज/सहइन्चार्ज' भन्नाले विभिन्न तहका समितिहरूले आआफना मातहत एक तहमुनिका समितिहरूका लागि खटाईएका प्रतिनिधिहरूलाई जनाउने छ ।
36. 'युवा' भन्नाले १८ वर्षदेखि ४० वर्ष उमेरका नागरिकलाई सम्झनुपर्छ ।
37. 'विशेष संरचना' भन्नाले राष्ट्रिय/जातीय, भाषिक, सामाजिक, साँस्कृतिक तथा पहिचानमा आधारित स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र स्तरीय सङ्गठन वा संरचना सम्झनुपर्छ ।
38. 'अल्पसङ्ख्यक समुदाय' भन्नाले जातीय, भाषिक, धार्मिक र साँस्कृतिक विविधतायुक्त समाजमा तुलनात्मक रूपले थोरै सङ्ख्या भएका सीमान्तकृत जाति तथा जातीय, भाषिक तथा धार्मिक समूहलाई सम्झनुपर्छ ।

परिच्छेद - २

## पार्टी कार्यालय

### धारा - ४ पार्टी कार्यालय

1. पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ । हाल ललितपुर जिल्लाको ललितपुर महानगरपालिका वडा नं. ८ बालकुमारीमा रहनेछ ।
2. पार्टीले यस विधानबमोजिम आफ्ना कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि प्रत्येक प्रदेश र स्थानीय तहमा प्रदेश तथा स्थानीय कार्यालय स्थापना र सञ्चालन गर्ने छ ।
3. दलको प्रदेश तथा स्थानीय तहमा स्थापना गर्ने कार्यालयको ठेगाना र विवरण कार्यालय स्थापना भएको मितिले १५ दिनभित्र आफुभन्दा माथिल्लो तहको सम्बन्धित कार्यालय/समितिलाई उपलब्ध गराउने छ ।

### धारा - ५ पार्टी स्वशासित र सङ्गठित संस्था हुने

1. जनता समाजवादी पार्टी, नेपाल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुने छ ।
2. पार्टीले ऐनको अधिनमा रही व्यक्तिसरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, भोग चलन गर्न, बेचबिखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्ने छ ।

3. पार्टीले आफ्नो नामबाट नालिस उजुर गर्न र पार्टीउपर सोही नामबाट नालिस उजुर लाग्न सक्ने छ।
4. पार्टीले ऐनको अधिनमा रही व्यक्तिसरह करार गर्न र करारबमोजिमको अधिकार प्रयोग गर्न वा दायित्व निर्वाह गर्न सक्ने छ।
5. ऐनबमोजिम पार्टी खारेज भएमा पार्टीको सम्पत्ति यस विधानमा अन्यथा उल्लेख भएकोमा बाहेक नेपाल सरकारको हुने छ।

परिच्छेद- ३

## पार्टीको छाप, चिन्ह र झण्डा

### धारा - ६ पार्टीको छाप

पार्टीको छाप अनुसूची- १ मा व्यबस्था भएबमोजिम हुने छ।

### धारा - ७ पार्टीको चुनाव चिन्ह

पार्टीको चुनाव चिन्ह अनुसूची- २ मा व्यबस्था भएबमोजिम हुने छ।

### धारा - ८ पार्टीको झण्डा

पार्टीको झण्डा अनुसूची- ३ र लोगो अनुसूची- ४ मा व्यवस्था भएबमोजिम हुने छ।

परिच्छेद - ४

## पार्टीका आदर्श र उद्देश्यहरू

### धारा - ९ पार्टीका आदर्श र उद्देश्यहरू

सङ्घीयता, सुशासन, सामाजिक न्याय र समाजवाद पार्टीको आदर्श हुन्।
पार्टीका उद्देश्यहरू निम्नानुसार रहेका छन्।

1. नेपालको राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षा गर्दै हिमाल, पहाड, तराई/मधेसबिच भावनात्मक एकीकरण गरी सबैको स्वामित्व, प्रतिनिधित्व र पहिचानको मान्यतामा आधारित सङ्घीय राज्यको स्थापना र संस्थागत गर्ने।
2. पहिचानसहितको सङ्घीयता, सुशासन, समतामूलक समृद्धि र सामाजिक न्यायसहितको प्रगतिशील एवम् लोकतान्त्रिक राजनीतिक शक्तिको माध्यमबाट समाजको रूपान्तरण गर्ने।
3. राज्यका सबै क्षेत्र, तह र निकायहरूमा जातीय/समुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व गर्ने।
4. सहभागीतामूलक समावेशी लोकतन्त्रसहितको समाजवादी लोकतन्त्रका साथै समाजवादी आर्थिक, राजनीतिक, सामाजिक तथा साँस्कृतिक प्रणालीको विकास गर्ने।
5. बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट जनताको नागरिक र राजनीतिक अधिकार, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको प्रत्याभूति गराउने। समता, स्वतन्त्रता एवम् सामाजिक न्यायमा आधारित व्यवस्था निर्माण गर्ने।
6. राष्ट्रिय, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय तहमा समान उद्देश्य भएका विभिन्न राजनीतिक, सामाजिकलगायतका सङ्गठनहरूसँग सहकार्य, कार्यगत एकता एवम् मित्रवत् सम्बन्ध राख्ने।
7. देशभित्र वा बाहिर जातिभेद, रङ्गभेद र उत्पीडनका बिरूद्ध उठेका न्यायपूर्ण सङ्घर्ष एवम् राष्ट्रिय मुक्ति आन्दोलनप्रति ऐक्यबद्धता साथ समर्थन गर्ने।

8. जातीय/समुदायिक पहिचानको मान्यता, स्वशासन र स्वायत्तता, समानुपातिक प्रतिनिधित्व एवम् सहभागीताको अधिकारलाई सुनिश्चित एवम् सुरक्षित गर्ने ।
9. जलवायु परिवर्तन र प्राकृतिक विपत्का कारण उत्पन्न नकारात्मक असरलाई नियन्त्रण गर्ने, जैविक विविधता र पर्यावरणको संरक्षण गर्ने ।
10. जनतालाई आर्थिक, राजनीतिक, सामाजिक र  साँस्कृतिक रूपले सबलीकरण गर्दै श्रमजीवी वर्ग, किसान, बहिस्करण र बञ्चितीकरणमा पारिएका समुदायहरूको जीवनमा गुणात्मक र स्तरीय सुधार ल्याउन खाद्य सुरक्षा, पूर्ण रोजगारी, गुणस्तरीय शिक्षा, स्वास्थ्य र आवासमा सबै जनताको पहुँचका लागि प्रयत्न गर्ने ।
11. समाजमा शताब्दियौंदेखि परम्पराको नाममा रहि आएको अन्धविश्वास, रूढीवादी प्रथा प्रचलन, चिन्तन र व्यबहारलाई अन्त्य गरी ज्ञान, विज्ञान र सूचना प्रविधिमा आधारित आधुनिक समाजको निर्माण गर्नका लागि प्रयत्न गर्ने ।
12. सबै नागरिकका लागि समान विकासको अवसर, प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्वको स्वतन्त्र विकास गर्ने अधिकार तथा व्यक्तित्वको क्षमताको अधिकतम् विकास सँगसँगै समानता र न्यायको प्रत्याभूति गर्ने ।
13. एक मानवद्वारा अर्को मानवमाथि, एउटा समाजिक समुदायद्वारा अर्को सामाजिक समुदायमाथि, एउटा जात/जातिद्वारा अर्को जात/जातिमाथि, एउटा वर्गद्वारा अर्को वर्गमाथि हुने गरेका शोषण, उत्पीडन र विभेदको अन्त्य गर्ने ।
14. कुनै निश्चित धर्म, जात, जाति, लिङ्ग र साँस्कृतिक समुदायकाले मात्रै उपभोग गरिरहेका विशेषाधिकारलाई अन्त्य गरी सीमान्तकृत बनाइएका समुदायहरूलाई राज्य संरचनाको मूल प्रवाहमा ल्याउनका लागि उनीहरूको राजनीतिक, आर्थिक र सामाजिक सवालहरूको समाधान गर्न प्रयत्नरत रहने ।

परिच्छेद - ५

## पार्टीको सदस्यता, नवीकरण र अभिलेख

### धारा - १० सदस्यताको प्रकार

पार्टीमा देहायबमोजिम सदस्यहरू रहने छन् ।

1. पार्टी सदस्य
2. सङ्गठित पार्टी सदस्य

### धारा - ११ पार्टी सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता

**१. पार्टी सदस्यता**

पार्टी सदस्यता प्राप्त गर्नका लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्ने छ ।

(क) नेपाली नागरिक भएको ।
(ख) १८ वर्ष उमेर पूरा गरेको ।
(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पती शुद्धीकरण, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा कैदको सजाय नपाएको ।
(घ) मानसिक सन्तुलन नगुमेको ।
(ङ) पार्टीको सिद्धान्त, उद्देश्य, नीति र विधानमा आस्था भएको ।
(च) अन्य राजनीतिक दलको सदस्यता नभएको वा सदस्यता त्याग गरेको ।

**(२) सङ्गठित पार्टी सदस्यता**

धारा ११ (३) बमोजिम योग्यता पुगेका पार्टी सदस्यले सङ्गठित पार्टी सदस्यता प्राप्तिका लागि तोकिएबमोजिमको सदस्यता शुल्कसहित आवेदन फारम भरी आफ्नो सदस्यता भएको जिल्ला वा पालिका समितिमार्फत आवेदन गर्न सक्ने छ ।

**(३) सङ्गठित पार्टी सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता**

देहायबमोजिमको योग्यता पुगेको पार्टी सदस्यले पार्टीको सङ्गठित पार्टी सदस्यता प्राप्त गर्न सक्ने छ ।

(क) पार्टीको उद्देश्य, नीति, सिद्धान्त तथा कार्यक्रमलाई निरन्तर सहयोग पुऱ्याउँदै आएको ।

(ख) निर्वाचनमा पार्टीको निर्देशनमा सक्रियतापूर्वक संलग्न रहेको र निर्वाचनको समयमा पार्टी र उम्मेदवारको पक्षमा काम गरेको ।

(ग) पार्टीले सञ्चालन गरेको आन्दोलन, जनसङ्घर्ष र अभियानमा सक्रियतापूर्वक सहभागी भएको ।

(घ) पार्टीले आयोजना गरेको प्रशिक्षण, अभिमुखिकरण, गोष्ठी, अन्तरक्रियालगायत राजनीतिक, सामाजिक, साँस्कृतिक एवम् विविध रचनात्मक कार्यक्रमहरूमा सक्रियतापूर्वक सहभागी भएको ।

(ङ) आफू जिम्मा रहेको वा आफूले तोकिएबमोजिम बुझाउनुपर्ने पार्टीको रकम वा सम्पत्ति बुझाउन बाँकी नरहेको वा बुझाउनु नपर्नेगरी सम्बन्धित निकायले निर्णय गरेको ।

(च) आफू प्रतिनिधि भएको अधिवेशन वा उपस्थित हुनुपर्ने बैठक वा पार्टीले उपस्थित हुन निर्देशन गरेको स्थान र कार्यक्रममा सक्रिय भई भाग लिएको ।

(छ) जिल्ला/पालिका/वडाभित्र पार्टीको आयोजनामा सञ्चालन भएका विभिन्न कार्यक्रमहरूमा उपस्थित भई सक्रियतापूर्वक जिम्मेवारी पूरा गरेको ।

(ज) पार्टीद्वारा आयोजित कार्यक्रमहरूमा सहभागी भएको वा जनवर्गीय सङ्गठन वा सम्पर्क मञ्चमा, पार्टी सदस्यता प्राप्त गरी कम्तीमा एक वर्षको अवधि पुरा गरेको ।

(ज) पार्टीले दिएको जिम्मेवारी अनुसार काम गरेको ।

## धारा - १२ सदस्य हुन नसक्ने

देहायको अवस्था भएका कुनै पनि व्यक्ति पार्टीको सदस्य हुन योग्य हुने छैन ।

1. गैर-नेपाली नागरिक ।
2. १८ वर्ष उमेर पूरा नभएको ।
3. दामासाहीमा परेका ।
4. मगज बिग्रिएको वा होस ठेगानमा नरहेको ।
5. कुनै प्रकारको चोरी, ठगी किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको, दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भुक्तान नभएको ।
6. असामाजिक कार्यमा संलग्न रहेको ।

## धारा - १३ सदस्यता समाप्ति

1. सदस्यता समाप्ति देहाय अवस्थामा कुनै व्यक्तिको पार्टीको सदस्यता कायम रहने छैन ।

(क) धारा - ११ बमोजिम सदस्यता प्राप्त गर्न नसक्ने भएमा ।

(ख) यस विधानबमोजिमको प्रक्रिया पूरा गरी पार्टीले सदस्यबाट हटाएमा ।

(ग) आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

(घ) मृत्यु भएमा ।

(ङ) सम्बन्धित सदस्यले पार्टी त्याग गरेको लिखित सूचना दिएमा ।

(च) अर्को दलको सदस्यता प्राप्त गरेमा ।

(छ) नेपाली नागरिकता परित्याग गरेमा ।
(ज) समयमा पार्टी सदस्यता नवीकरण नगरेमा ।
(झ) प्रतिनिधि सभा/प्रदेश सभा वा स्थानीय तहमा पार्टीको आधिकारिक उम्मेदवार बिरूद्धमा उम्मेदवार भएमा वा त्यस्ता बिद्रोही उम्मेदवारको प्रस्तावक/समर्थक भएमा वा निजको पक्षमा प्रचार प्रसार गरेमा, अन्तर्घात गरेको ठहर भएमा, पार्टीको उद्देश्य, नीति, सिद्धान्त, आदर्श र निर्णयविपरीत कार्य गरेमा ।
(ञ) अनुशासनको कार्वाहीको सिलसिलामा निलम्बनमा परेका सदस्य निलम्बनको अवधिभर पार्टीको निर्वाचनमा उम्मेदवार हुन, मतदान गर्न र बैठकमा भाग लिन पाउने छैन ।

2. उपधारा (१) को (ख), (च), (ज), (झ) र (ञ) बमोजिम सदस्यता कायम नरहने निर्णय गर्नु अघि सम्बन्धित सदस्यलाई सफाई पेस गर्ने मौका दिनुपर्ने छ ।
3. उपधारा (२) बमोजिम मौका दिएकोमा निजले सफाई पेस गरेपछि वा सफाई पेस गर्ने अवधि समाप्त भएपछि मात्र सदस्यता कायम रहने वा नरहने सम्बन्धमा अन्तिम निर्णय गर्नुपर्ने छ ।
4. उपधारा (३) बमोजिम दलले गरेको निर्णयउपर चित्त नबुझेको सदस्यले पार्टीबाट भएको निर्णयउपर यस विधानबमोजिम पुनरावेदन गर्न सक्ने छ ।
5. उपधारा (३) बमोजिम भएको निर्णय उपधारा (४) बमोजिम पुनरावेदन परेकोमा पुनरावेदनको सुनुवाईबाट भएको निर्णयबमोजिम र पुनरावेदन नपरेकोमा पुनरावेदन गर्ने म्याद समाप्त भएपछि मात्र कार्यान्वयन गरिने छ ।
6. माथि जे सुकै लेखिएको भएता पनि पार्टी एकतामा आघात पुऱ्याउने कार्य गरेको ठहर भएमा तत्काल कार्यान्वयन प्रक्रिया अगाडि बढाउन सक्ने छ ।

## धारा - १४ सदस्यता शुल्क

पार्टीको सदस्यता शुल्क देहायबमोजिम हुने छ ।

1. पार्टी सदस्यको सदस्यता शुल्क वार्षिक रू २५।- हुने छ ।
2. सङ्गठित पार्टी सदस्यको वार्षिक सदस्यता शुल्क रू १००।- हुने छ ।
3. प्रत्येक वर्षको चैत्र मसान्तसम्ममा वार्षिक सदस्यता शुल्क तिरी सदस्यता नवीकरण गर्नुपर्ने छ ।
4. सदस्यता शुल्कको अतिरिक्त सदस्यहरूले स्वेच्छिकरूपमा वा पार्टीले तोकेबमोजिम लेभी तिर्नुपर्ने छ ।

## धारा - १५ पार्टी सदस्यता प्रदान गर्ने कार्यविधि

धारा ११ बमोजिम पार्टी सदस्यता प्रदान गर्ने कार्यविधि वा प्रक्रिया देहायबमोजिम हुने छ ।

1. धारा ११ (१) बमोजिम योग्यता पुगेको व्यक्तिले कम्तीमा एक जना सङ्गठित पार्टी सदस्यको सिफारिश साथमा राखी आफू रहेको पालिका वा वडाको पार्टी समितिमा आवेदन दिने ।
2. पालिका समितिले धारा ११(१) बमोजिम योग्यता पुगेको भए तोकिएको शुल्क लिई पार्टी सदस्यता प्रदान गर्ने ।
3. पालिका समितिले धारा ११ (१) को योग्यता पुगेको वा नपुगेको हेरी योग्यता पुगेको भए सदस्यता प्रदान गरी अभिलेख राख्नका लागि व्यक्तिगत विवरणसहित जिल्ला समितिमा पठाउने ।
4. जिल्ला समितिले व्यक्तिगत विवरणसहितको अभिलेख राखी सङ्ख्यात्मक विवरण प्रदेश/राष्ट्रिय समिति तथा केन्द्रीय सङ्गठन विभागमा पठाउने ।
5. कुनै सदस्यको कार्यक्षेत्र स्थानान्तरण गर्नुपर्ने भएमा दुवै समितिहरूले सूचना आदानप्रदान गरी निवेदनका आधारमा स्थानान्तरण गर्न सक्ने छन् । यस्तो विवरण केन्द्रीय अभिलेखमा समेत अद्यावधिक गर्नुपर्ने छ ।
6. पार्टी सदस्यताको सम्पूर्ण अभिलेख केन्द्रीय तथा प्रदेशको सङ्गठन विभागमा रहने छ । स्थानीय समितिहरूले पनि आ-आफ्नो कार्यक्षेत्रभित्रका सबै सदस्यहरूको अभिलेख राख्नुपर्ने छ ।

7. पार्टी सदस्यता अनलाइनको माध्यमबाट पनि वितरण गर्ने व्यवस्था गर्ने ।

**धारा - १६ पार्टी सदस्यहरूको काम, कर्तव्य र अधिकार**

पार्टी सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

1. पार्टीको कुनै जनवर्गीय सङ्गठन, संयन्त्र वा सङ्गठनमा सङ्गठित भई काम गर्ने ।
2. पार्टीका दस्तावेजहरू प्राप्त गरी अध्ययन गर्ने ।
3. पार्टीको आफू रहेको टोल/वडा/पालिकाको सभा, भेला वा कार्यक्रममा सहभागी हुने ।
4. आफू रहेको टोल/वडा/पालिका स्तरीय पार्टीको प्रशिक्षण वा अन्तरक्रियामा सहभागी हुने ।
5. पार्टीद्वारा आयोजित कार्यक्रमहरूमा सहभागी हुने ।
6. तोकिएको समयमा पार्टी सदस्यता नवीकरण गर्ने ।
7. धारा ११ (२) को योग्यता पूरा गरी पार्टी सङ्गठित पार्टी सदस्यताको निम्ति आवेदन गर्ने ।
8. पार्टी सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू अध्ययन गरी कार्यान्वयन गर्ने ।
9. पार्टीद्वारा सञ्चालित आन्दोलन, जनसङ्घर्ष वा अभियानमा सहभागी हुने ।
10. पार्टीको एकता, गोपनियता, हित र प्रतिष्ठाको पक्षमा क्रियाशील रहने, पार्टीप्रति सदैव इमान्दार रहने र पार्टी अनुशासन पालना गर्ने ।

**धारा - १७ सङ्गठित पार्टी सदस्यको काम, कर्तव्य र अधिकार**

सङ्गठित पार्टी सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. पार्टी सङ्गठन वा आयोग वा विभाग वा जनवर्गीय सङ्गठन वा संयन्त्रमा सङ्गठित भई काम गर्ने ।
2. पार्टीको सिद्धान्त, कार्यक्रम, घोषणापत्र र नीतिको दृढतापूर्वक अनुसरण र कार्यान्वयन गर्दै आफूले पाएको जिम्मेवारी पुरा गर्ने ।
3. पार्टीले सङ्गठित पार्टी सदस्यताको निम्ति जारी गरिएको निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना गर्ने तथा ति सबैको बारेमा सम्बन्धित समितिमा आफ्नो मत जाहेर गर्ने ।
4. तोकिएको विधि र प्रक्रियाबमोजिम बैठक, अधिवेशन र महाधिवेशनमा चुनिने वा चुन्ने र नीति तथा निर्णयमा मतदान गर्ने ।
5. पार्टीको कुनै समितिभित्र वा पार्टीले दिएको जिम्मेवारी वा खटाएको कुनै निश्चत निकाय वा सगठनमा सङ्गठित भई काम गर्ने ।
6. समिति प्रणालीको अनुशरण एवम् पालना गर्ने र पार्टी एकता, गोपनियता, हित र प्रतिष्ठालाई जोगाई राख्न निरन्तर क्रियाशील रहने ।
7. माथिल्लो समितिमा सुझाव टिप्पणी तथा रचनात्मक सुझाव पठाउने ।
8. तोकिएबमोजिमको सदस्यता शुल्क नियमित बुझाउने र तोकिएको समयमा सदस्यता नवीकरण गर्ने ।
9. आफ्नो कार्यको वार्षिक प्रगति विवरण आफू सङ्गठित रहेको समितिमा बुझाउने ।
10. सङ्गठित पार्टी सदस्यले आफ्नो सदस्यता पार्टीको कुनै पनि टोल/वडा/पालिकामा स्थानान्तरण गर्न र पार्टीको महाधिवेशन/अधिवेशनमा भाग लिन सक्ने छ तर, पार्टीको कुनै तहको अधिवेशनको मितिभन्दा ६ महिना अगावै स्थानान्तरण नभएमा अधिवेशन/महाधिवेशनमा भाग लिन पाउने छैन ।

**धारा - १८ सङ्गठित पार्टी सदस्यता प्रदान गर्ने कार्यविधि**

1. पालिकाका समितिले नियमितरूपमा सङ्गठित पार्टी सदस्यताको सिफारिश गरी जिल्ला समितिमा पठाउनुपर्ने छ ।

2. जिल्ला समितिले पालिका समितिबाट नाम प्राप्त भएको १५ दिनभित्र बैठक गरी सिफारिश भई आएका व्यक्ति सङ्गठित पार्टी सदस्य पाउन योग्य भएमा सोहीबमोजिम पालिका समितिलाई सङ्गठित पार्टी सदस्यताको फारम उपलब्ध गराउने छ ।
3. पालिका समितिले सम्बन्धित व्यक्तिलाई फारम प्राप्त भएको दुई हप्ताभित्र फारम भर्न लगाई सिफारिश साथ जिल्ला समितिमा पठाउने छ । जिल्ला समितिले बैठक गरी सङ्गठित पार्टी सदस्यताका लागि ३० दिनभित्र प्रदेश/राष्ट्रिय समितिमा पठाउने छ ।
4. राष्ट्रिय वा जिल्ला समितिबाट सिफारिश भई प्राप्त भएको मितिले बढीमा ४५ दिनभित्र सिफारिशमा योग्यता पुगेका व्यक्तिलाई प्रदेश समितिले बैठक गरी सङ्गठित पार्टी सदस्यता प्रदान गर्ने निर्णय गर्ने छ । यसको सम्पूर्ण विवरण प्रदेशमा राख्ने र मातहतका समितिमा राख्न लगाउने ।
5. प्रदेश समितिले सङ्गठित पार्टी सदस्यहरूको सम्पूर्ण विवरण केन्द्रीय सङ्गठन विभागमा पठाउने र केन्द्रीय सङ्गठन विभागले सोको अभिलेख राख्ने ।
6. पार्टी महाधिवेशन/अधिवेशन हुन ६ महिना अगावै सङ्गठित पार्टी सदस्यता प्रदान गर्ने वा नवीकरण गर्ने कार्य गरी सक्नुपर्ने छ ।
7. कुनै पनि व्यक्तिलाई आवश्यक जाँचबुझ गरी केन्द्रीय समितिले सङ्गठित पार्टी सदस्यता प्रदान गर्न सक्ने छ र सोको जानकारी महाधिवेशन/अधिवेशन हुनुभन्दा ६ महिना अगावै सम्बन्धित प्रदेश समिति वा जिल्ला समितिलाई दिनुपर्ने छ ।
8. कुनै पनि व्यक्तिले सङ्गठित पार्टी सदस्यता प्राप्त गर्ने योग्यता प्राप्त गरी विधि प्रक्रिया पूरा गरेर पनि प्रदेश समितिले सङ्गठित पार्टी सदस्यता प्रदान नगरेको खण्डमा निजले केन्द्रीय समितिसमक्ष उजुरी/निवेदन दिन सक्ने छ । केन्द्रीय समितिले आवश्यक छानबिन गरी विधानबमोजिम योग्यता पूरा गरेको ठहर गरेमा सङ्गठित पार्टी सदस्यता प्रदान गर्न सक्ने छ ।
9. पार्टीको सङ्गठित पार्टी सदस्यता प्रदान गर्न निर्णय भएको सदस्यलाई पार्टीको केन्द्रीय अध्यक्ष वा प्रदेश/राष्ट्रिय समितिका अध्यक्ष वा जिल्ला अध्यक्षको हस्ताक्षर भएको पार्टीको सङ्गठित पार्टी सदस्यताको प्रमाणपत्र प्रदान गरिने छ ।

## धारा - १९ पार्टी सदस्यताको अभिलेख र नवीकरण

सदस्यताको अभिलेख र नवीकरण देहायबमोजिम हुने छ ।

1. पार्टी सदस्यको अभिलेख (अनुसूची - ११ अनुसार) केन्द्रीय सङ्गठन विभागमा राखिने छ ।
2. मातहतका समितिहरूले आ-आफ्नो कार्यक्षेत्रका पार्टी सदस्यको अभिलेख राख्ने छन् ।
3. पार्टी सदस्यताको नवीकरण प्रत्येक वर्षको मसान्तभित्र तोकिएबमोजिमको शुल्क र लेभी तिरी गर्नुपर्ने छ । तर अधिवेशन/महाधिवेशनको हुने मितिभन्दा ६ महिना अगावै नवीकरण गरी सक्नुपर्ने छ ।
4. पार्टी सदस्यता नवीकरण नगरेको व्यक्तिको सदस्यता स्वतः समाप्त हुने छ ।
5. पार्टी सदस्यता नवीकरणसम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुने छ ।

## धारा - २० पार्टी सदस्यताको पुनः प्राप्ति

देहाय अवस्थामा पार्टीको सदस्यता पुनः प्राप्त हुने छ ।

1. नवीकरण नभएको कारण सदस्यता गुमेका व्यक्तिले तोकिएबमोजिम पुनः नवीकरण गरेमा निजको सदस्यता कायम हुने छ ।
2. स्वेच्छाले सदस्यता परित्याग गरेको व्यक्तिले पुनः सदस्यता लिन चाहेमा सुरूको प्रक्रिया पूरा गरी सदस्यता लिन सक्ने छ ।

3. सम्बन्धित पार्टी समितिले कारवाही फिर्ता लिएको वा कारवाहीको स्वरूप परिवर्तन गरेकोमा बाहेक अनुशासनको कारवाहीमा परी पार्टी सदस्यबाट निष्काशित व्यक्तिले तोकिएको शर्त पूरा गरी लगातार एकवर्ष पार्टीको पक्षमा क्रियाशील रहेमा सदस्यताका लागि आवेदन दिन सक्ने छ ।
4. सदस्यता समाप्ति र पुनः प्राप्तिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

**धारा - २१ सदस्यता दर्ता किताब**

1. पार्टीले प्रदान गरेको प्रत्येक सदस्यको सदस्यताको प्रकार खुल्ने गरी अनुसूची १३ बमोजिमको ढाँचामा सम्बन्धित पालिका, जिल्ला, प्रदेश/राष्ट्रिय र केन्द्रमा सदस्यता दर्ता किताब राखिने छ ।
2. सदस्यता प्रदान गरेको मितिले सम्बन्धित पालिका स्तरको समितिले १५ दिनभित्र, जिल्ला र प्रदेश/राष्ट्रिय समितिले एक महिनाभित्र र केन्द्रीय समितिले तीन महिनाभित्र दर्ता किताबमा सदस्यको अभिलेख कायम गर्ने छ ।
3. उपधारा (२) बमोजिम कायम भएको दर्ता किताबबमोजिमको अभिलेख विवरण केन्द्रीय सङ्गठन विभागले व्यवस्थित गर्ने छ ।

**धारा - २२ सदस्यता पत्र तथा परिचयपत्र**

1. पार्टी सदस्यलाई अनुसूची ६ बमोजिम र सङ्गठित पार्टी सदस्यलाई अनुसूची ७ बमोजिम सदस्यता प्रदान गर्ने छ ।
2. सङ्गठित पार्टी सदस्य, विभिन्न समितिका पदाधिकारी र सदस्यहरूलाई अनुसूची ८ बमोजिम पार्टी परिचयपत्र प्रदान गरिने छ ।

परिच्छेद- ६

## पार्टीको सङ्गठनात्मक संरचना

**धारा - २३ सङ्गठनात्मक संरचना**

पार्टीका सङ्गठनात्मक संरचना सङ्घीय प्रणालीअनुरूप सृङ्खलावद्ध समिति प्रणाली (Chain of Command System) मा आधारित हुने छ, जुन देहायबमोजिम हुने छ ।

1. राष्ट्रिय महाधिवेशन/विशेष महाधिवेशन
2. सङ्घीय परिषद
3. केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय निकायहरू
4. प्रदेश अधिवेशन
5. प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रादेशिक निकायहरू
6. पहिचानमा आधारित प्रादेशिक संरचना
7. स्थानीय तह समिति
   (क) जिल्ला अधिवेशन
   (ख) जिल्ला समिति र जिल्ला कार्यकारिणी समिति
   (ग) पालिका अधिवेशन
   (घ) पालिका समिति र पालिका कार्यकारिणी समिति
   (ङ) वडा अधिवेशन
   (च) वडा समिति र वडा कार्यकारिणी समिति
   (छ) प्रारम्भिक समिति/टोल समिति/बूथ समिति

**धारा - २४ केन्द्रीय निकायहरू**

पार्टीको केन्द्रीय निकायहरू देहायबमोजिम हुने छन् ।

1. केन्द्रीय सल्लाहकार समिति
2. केन्द्रीय अनुशासन आयोग
3. केन्द्रीय लेखा परिक्षण आयोग
4. केन्द्रीय निर्वाचन आयोग

**धारा - २५ राष्ट्रिय महाधिवेशन**

1. राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च अधिकारसम्पन्न निकाय हुने छ । यसको आयोजना केन्द्रीय समितिद्वारा सामान्यतः पाँच वर्षभित्र गरिने छ । राष्ट्रिय सङ्कट वा विशेष परिस्थिति उत्पन्न भएमा बढीमा एकवर्षसम्म अघि वा पछि सार्न सकिने छ ।
2. राष्ट्रिय महाधिवेशनको मिति र स्थान केन्द्रीय समितिले तोक्ने छ ।
3. राष्ट्रिय महाधिवेशनमा समितिगत र सङ्गठित पार्टी सदस्यताको अनुपातमा प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट देहायबमोजिम प्रतिनिधित्व हुने छ ।
   (क) सङ्गठित पार्टी सदस्य सङ्ख्याको अनुपातमा केन्द्रीय समितिद्वारा तोकेबमोजिम प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधिहरू, केन्द्रीय समितिले तोकेबमोजिम केन्द्रीय निकाय, प्रदेश समिति, पहिचानमा आधारित राष्ट्रिय समिति, प्रादेशिक निकाय र जिल्ला समितिहरूबाट निर्वाचित प्रतिनिधिहरू, जनवर्गीय सङ्गठनका सङ्गठित पार्टी सदस्यहरूमध्येबाट निर्वाचित प्रतिनिधिहरू र प्रवास क्षेत्रका प्रतिनिधिहरू,
   (ख) कुल महाधिवेशन प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी समानुपातिक समावेशीको प्रयोजनार्थ केन्द्रीय समितिबाट मनोनित प्रतिनिधिहरू ।
   (ग) महाधिवेशनमा समितिगत प्रतिनिधि छनौट गर्दा सम्बन्धित समितिमा रहेका सङ्गठित पार्टी सदस्यहरू मध्येबाट चुन्ने र चुनिने प्रकृया अपनाउनुपर्ने छ भने सदस्य सङ्ख्याको अनुपातमा छनौट हुने प्रतिनिधि सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रका पार्टी सदस्यहरूबाट चुन्ने र चुनिने प्रकृयाबाट हुने छ । तर समितिगत प्रतिनिधित्वका लागि उम्मेदवार भइसकेका तथा मतदानमा भाग लिइसकेका पार्टी सदस्यहरू पुनः सदस्य सङ्ख्याको अनुपातमा हुने प्रतिनिधि छनौटमा उम्मेदवार वा मतदाता हुन पाउने छैनन् । ३ जना प्रतिनिधि हुने अवस्थामा १ जना अनिवार्यरूपमा महिला हुनुपर्ने छ ।
4. केन्द्रीय समितिका सदस्यहरू महाधिवेशनका आयोजक हुने छन् । तर महाधिवेशनमा प्रतिनिधि हुनका लागि तोकिएको कुनै क्षेत्रबाट निर्वाचित हुनुपर्ने छ ।

**धारा-२६ राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार**

राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. राष्ट्रिय महाधिवेशन सञ्चालन गर्न ५ सदस्यीय अध्यक्ष मण्डल र आवश्यक संरचना गठन गर्ने ।
2. केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने ।
3. केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परिक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने ।
4. केन्द्रीय समितिले आवश्यक ठानी प्रस्तुत गरेका राजनीतिक प्रतिवेदन, पार्टीको नीति तथा कार्यक्रम, सङ्गठनात्मक प्रतिवेदन र विधान संशोधन प्रस्ताव छलफल गरी पारित गर्ने ।
5. महाधिवेशन सञ्चालन प्रक्रिया तय गर्ने ।

**धारा - २७ सङ्घीय परिषद**

1. पार्टीमा एक सङ्घीय परिषद रहने छ । यो दुई महाधिवेशनबिचको सर्वोच्च अङ्ग हुने छ र महाधिवेशनप्रति उत्तरदायी हुने छ ।

2. केन्द्रीय समिति र केन्द्रीय निकायका सदस्यहरू, प्रदेश, प्रादेशिक निकाय र राष्ट्रिय समितिका पदाधिकारीहरू, जिल्ला समितिका अध्यक्षहरू तथा पार्टीको मान्यता प्राप्त जनवर्गीय तथा सामाजिक सङ्गठनका अध्यक्षहरू यसका पदेन सदस्य हुने छन् ।

## धारा - २८ सङ्घीय परिषदको काम, कर्तव्य र अधिकार

1. केन्द्रीय समितिले प्रस्तुत गरेका प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
2. केन्द्रीय समितिको कार्यको मूल्याङ्कन गरी केन्द्रीय समितिलाई आवश्यक सुझाव र निर्देशन दिने
3. समसामयिक विषयहरूमा पार्टीको नीति तय गर्ने तथा राजनीतिक प्रतिवेदन एवम् प्रस्ताव पारित गर्ने ।
4. पार्टीको कामको आवधिक समीक्षा र पार्टी सञ्चालनका लागि नीति निर्माण गर्ने ।
5. तोकिएको अन्य काम गर्ने ।

## धारा - २९ केन्द्रीय समिति

1. केन्द्रीय समिति राष्ट्रिय महाधिवेशन र सङ्घीय परिषद्को बैठक नभएको बेला पार्टीको सर्वोच्च कार्यकारी संस्था हुने छ । यो महाधिवेशन र सङ्घीय परिषद्प्रति उत्तरदायी हुने छ ।
2. राष्ट्रिय महाधिवेशनले अध्यक्ष - १, सहअध्यक्ष-१, उपाध्यक्ष - ३, महासचिव - १, उपमहासचिव -३, सचिव -७ र कोषाध्यक्ष -१ समेत १५१ सदस्यीय केन्द्रीय समिति निर्वाचन गर्ने छ । पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्दा ३ जना निर्वाचित हुने पदहरूमा १ जना महिलासहित सामाजिक समूहहरूको समावेशी हुनुपर्ने छ । सचिवमा समावेशी समूहअनुसार प्रतिनिधित्व गराइने छ ।
3. सङ्घीय परिषद अध्यक्ष, केन्द्रीय समिति अध्यक्ष, वरिष्ठ नेता, सहअध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिव, सचिव, कोषाध्यक्ष र केन्द्रीय समितिबाट निर्वाचित ११ जना सदस्य समेत रहने गरी केन्द्रीय कार्यकारिणी (Central Executive committee) समिति गठन गरिने छ । केन्द्रीय निकायका अध्यक्षहरू यस समितिका पदेन सदस्य हुने छन् ।
4. केन्द्रीय समितिको निर्वाचनमा कम्तीमा एक तिहाई महिलासहित नेपालको विविधता प्रतिविम्बित हुने गरी आदिवासी जनजाति, मधेसी, खस क्षेत्री र ब्राम्हण समूह, थारू, दलित, मुस्लिम, अपाङ्गता भएका र अल्पसङ्ख्यक समुदायका जातीय/सामाजिक समूहरू (Social Cluster) बाट ७० प्रतिशत र खुला प्रतिस्पर्धाबाट ३० प्रतिशत केन्द्रीय सदस्यहरू (पदाधिकारीबाहेक) निर्वाचित हुने छन् । यसरी निर्वाचित गर्दा कम्तीमा ४० प्रतिशत युवाहरू हुनुपर्ने छ ।
5. राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय समिति निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो केन्द्रीय समिति स्वतः विघटन हुने छ ।
6. सामान्यतः पार्टी समितिका निवर्तमान अध्यक्ष वरिष्ठ नेता हुने छन् । महाधिवेशनले अन्यथा निर्धारण गरेकोमा बाहेक निजको मर्यादाक्रम केन्द्रीय समितिको अध्यक्ष पछि रहने छ ।
7. अध्यक्षसहित बढीमा ९ सदस्यीय केन्द्रीय सचिवालय र महासचिवसहित ५ सदस्यीय केन्द्रीय कार्यालय समिति गठन गरिने छ ।

## धारा - ३० केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार

केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

1. समग्र पार्टीको नेतृत्व गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण र नीति तय गर्ने, राजनीतिक तथा सङ्गठनात्मक विषयमा आवश्यकताअनुसार निर्णय गर्ने, नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम पार्टीले गर्ने भनी उल्लेख भएको कार्य गर्ने ।
2. केन्द्रीय समितिका सदस्यहरू मध्येबाट सङ्घीय परिषदका अध्यक्ष, वरिष्ठ नेता र केन्द्रीय कार्यकारिणी सदस्यहरूको निर्वाचन गर्ने । अध्यक्षको नेतृत्वमा पदाधिकारीहरू सदस्य रहेको केन्द्रीय सचिवालय गठन गर्ने, महासचिवको नेतृत्वमा उपमहासचिव र सचिवहरू सदस्य रहेको

केन्द्रीय कार्यालय समिति गठन गर्ने, तोकिएबमोजिमका केन्द्रीय विभाग, संयन्त्र र कार्यदल गठन गर्ने र तिनको अधिकार तथा कर्तव्य तोक्ने, विधानबमोजिम आवश्यकताअनुसार मनोनयन गर्ने ।

3. तीनै तहका सरकार तथा प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तह सञ्चालनसम्बन्धी नीति, निर्माण गर्ने, निर्देशिका जारी गर्ने र ती निकायहरूमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने ।
4. देश र जनताको हक, हित, न्याय र अधिकारका लागि जनपरिचालन, जनसङ्घर्ष र आवश्यकताअनुसार अन्दोलनलगायत अन्य कार्यक्रमहरू सञ्चालन गर्ने ।
5. जनतालाई पार्टी वरिपरि गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, सङ्गठित गर्ने र परिचालन गर्ने । पार्टी मातहतका समितिहरू र जनवर्गीय सङ्गठनमा रहेका सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनको कार्यहरूको अनुगमन तथा मुल्याङ्कन गर्ने । प्रवास क्षेत्रको कामलाई समन्वय गर्न आवश्यक नीति, विधि र संयन्त्र निर्माण गर्ने ।
6. केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकताअनुसार स्थानान्तरण गर्ने । केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयका निर्णयअनुरूप अन्तरपार्टी निर्देशन/परिपत्र जारी गर्ने, आवश्यकताअनुसार प्रचार सामग्री तथा पुस्तक प्रकाशन गर्ने र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
7. मातहतका समिति/सङ्गठनहरूलाई लेभी तथा शुल्क तोक्ने, विधान, नियमावली तथा विनियममा उल्लेख भएबमोजिम श्रोत परिचालन र व्यवस्थापन गर्ने ।
8. अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने ।
9. केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारवाही गर्ने ।
10. अनुशासन पालना नगर्ने सङ्गठन/समितिलाई विधानबमोजिम विघटन गर्ने र सदस्यहरूलाई कार्यवाही गर्ने ।
11. यस विधानमा केन्द्रीय समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने ।
12. अन्य समितिको अधिकार भनी नतोकिएको र प्रचलित कानूनमा पार्टीले गर्ने भनिएको सबै कार्य गर्ने ।
13. मापदण्ड पूरा गरेका कुनै पनि व्यक्तिलाई सङ्गठित पार्टी सदस्यता प्रदान गर्ने ।
14. केन्द्रीय पार्टी स्कूल सञ्चालन गर्ने ।
15. पार्टी एकता, सहकार्य, मोर्चा, एकीकरणलाई अगाडि बढाउन आवश्यक निर्णय गर्ने ।
16. राष्ट्रिय महाधिवेशन, सङ्घीय परिषद र केन्द्रीय समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्न योजना बनाउने ।
17. कुनै कारणले पद रिक्त हुन आएमा अर्को निर्वाचन नभएसम्मका लागि सो पदपूर्ति गर्ने ।
18. प्रदेश समितिहरूको कामको समन्वय, निरिक्षण र अनुगमन गर्ने तथा जनवर्गीय सङ्गठनहरूको कार्यहरूको सुपरीवेक्षण, अनुगमन र मुल्याङ्कन गर्ने ।
19. विधानमा तोकिएका अन्य कामहरू गर्ने ।

## धारा - ३१ केन्द्रीय कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार

केन्द्रीय समितिको बैठक नबसेको बेला पार्टीद्वारा तत्काल कार्यसम्पादन गर्नुपर्ने विषयहरूमा निर्णय गर्न धारा २९ (३) बमोजिम केन्द्रीय कार्यकारिणी (Central Executive committee) समिति गठन हुने छ । केन्द्रीय सल्लाहकार समिति, अनुशासन आयोग, लेखा परिक्षण आयोग र निर्वाचन आयोगका अध्यक्षहरू यस समितिका पदेन सदस्य हुने छन् । केन्द्रीय कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. केन्द्रीय समिति नबसेको वा बस्न नसकेको अवस्थामा केन्द्रीय समितिको अधिकार प्रयोग गर्ने ।
2. केन्द्रीय समितिप्रति उत्तरदायी रही पार्टीद्वारा तत्काल कार्यसम्पादन गर्नुपर्ने नीतिगत तथा समसामयिक विषयमा आवश्यक निर्णय गर्ने ।
3. केन्द्रीय समितिले गरेका निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने/गराउने ।

4. समसामयिक विषयमा पार्टीको धारणा सार्वजनिक गर्ने ।
5. पार्टीमा देखापरेका समस्या समाधान गर्ने ।
6. पार्टीका केन्द्रीय कामहरू, विभागहरू, जनवर्गीय सङ्गठनहरू, संयन्त्रहरू तथा कार्यदल निर्माण गर्ने सन्दर्भमा आवश्यक गृहकार्य गर्ने र निर्णय लिने ।
7. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने ।
8. आवश्यकताअनुसार समितिको बैठक बस्ने ।
9. केन्द्रीय समितिद्वारा तोकिएका अन्य कार्यहरू गर्ने ।

## धारा - ३२ केन्द्रीय सचिवालयको काम, कर्तव्य र अधिकार

केन्द्रीय सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिको बैठक नबसेको अवस्थामा आवश्यकताअनुसार राजनीतिक तथा सङ्गठनात्मक विषयमा निर्णय गर्ने र समसामयिक विषयमा पार्टी दृष्टिकोण सार्वजनिक गर्ने ।
2. आफूले गरेका निर्णय र कार्य अनुमोदनका निम्ति केन्द्रीय कार्यकारिणी समिति वा केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने ।
3. केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने ।
4. केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिबाट गरिनुपर्ने नीतिगत तथा सङ्गठनात्मक कामको प्रस्ताव तयार गर्ने ।
5. केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने/गराउने ।

## धारा - ३३ केन्द्रीय कार्यालय समितिको काम, कर्तव्य र अधिकार

1. केन्द्रीय कार्यालयको सञ्चालन र व्यवस्थापन गर्ने ।
2. केन्द्रीय निकाय, केन्द्रीय विभाग/संयन्त्र, मातहतका समिति, जनवर्गीय सङ्गठन, तीनै तहको सरकार, जनप्रतिनिधि संस्था, राज्यका विभिन्न निकाय र समुदायिक एवम् जनसरोकारका संस्थासँग सम्पर्क तथा समन्वय गर्ने ।
3. मातहत समिति र जनवर्गीय सङ्गठनको कामको प्रतिवेदन प्राप्त गर्ने, विश्लेषण गर्ने र अध्यक्षसमक्ष प्रस्तुत गर्ने ।
4. केन्द्रीय तहमा आयोजना हुने बैठक तथा कार्यक्रमहरूको व्यवस्थापन गर्ने ।
5. केन्द्रीय कार्यालयको जनशक्ति र भौतिक सामाग्रिहरूको परिचालन, प्रयोग, व्यवस्थापन र सुरक्षा गर्ने ।
6. कार्यालयमा विभिन्न कार्यका लागि सम्पर्कमा आउने व्यक्ति र विभिन्न तहका पार्टी तथा सङ्गठनमा आवद्ध सदस्यहरूलाई सेवा, परामर्श र आवश्यक सुचना दिने ।
7. केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

## धारा - ३४ पदाधिकारी तथा सदस्य काम, कर्तव्य र अधिकार

पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. सङ्घीय परिषद अध्यक्षको काम, कर्तव्य र अधिकार
   (क) सङ्घीय परिषद्को अध्यक्षको हैसियतमा समग्र पार्टी कामको नेतृत्व गर्ने ।
   (ख) सङ्घीय परिषद्को बैठकको अध्यक्षता गर्ने, पार्टीको केन्द्रीय सल्लाहकार समिति, अनुशासन आयोग, लेखा परिक्षण आयोग, निर्वाचन आयोगलगायत सबै केन्द्रीय निकायहरूको संयोजन गर्ने तथा भएका निर्णयहरू कार्यान्वयन भए, नभएको रेखदेख गर्ने/गराउने ।

(ग) पार्टीको नीति निर्माणमा भूमिका निर्वाह गर्ने ।
(घ) राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको प्रतिष्ठा बढाउन आवश्यक पहल गर्ने ।
(ङ) देशमा विभिन्न राजनीतिक दलहरूबिच सहकार्य र ध्रुवीकरणको पहल गर्ने ।
(च) पार्टी एकतालाई मजबुत बनाउन पार्टीभित्रका समस्याहरू समाधान गर्न पहल गर्ने ।
(छ) पार्टीका नीति निर्णयहरू कार्यान्वयनको समन्वय, निरीक्षण र अनुगमन गर्ने ।
(ज) पार्टीका विभिन्न निकायहरूबिच नियन्त्रण र सन्तुलन कायम गर्ने ।
(झ) विधानअन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने ।

2. **केन्द्रीय समिति अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) प्रमुख कार्यकारी नेता, प्रवक्ता तथा केन्द्रीय कार्यालय प्रमुखको हैसियतमा पार्टीको नेतृत्व गर्ने, वैचारिक तथा राजनीतिक विषयमा पार्टीको दृष्टिकोण सार्वजनिक गर्ने ।
(ख) राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने ।
(ग) राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयको बैठकको अध्यक्षता गर्ने र आवश्यक परे निर्णायक मत दिने ।
(घ) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयको बैठक बोलाउन निर्देशन दिने, आवश्यकताअनुसार केन्द्रीय समितिको बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।
(ङ) केन्द्रीय समितिको तर्फबाट राष्ट्रिय महाधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।
(च) पार्टी विधानको कार्यान्वयन गर्ने/गराउने ।
(छ) केन्द्रीय समितिका सदस्य मध्येबाट प्रवक्ता तोक्ने ।
(ज) पार्टीका तर्फबाट रािष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिनिधित्व गर्ने/गराउने ।
(झ) पार्टीका अगाडी तत्काल परिआएका कार्यहरू गर्ने र त्यसको जानकारी केन्द्रीय कार्यकारिणी समितिलाई दिने ।
(ञ) केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारीहरूको नियुक्ति र हेरफेर गर्ने ।
(ट) अध्यक्षले आफु विदेश गएको अवस्थामा सहअध्यक्षको अनुपस्थितिमा उपाध्यक्षहरूमध्ये १ जनालाई कार्यवाहक अध्यक्ष तोक्ने ।
(ठ) योग्यता पुगेका कुनै व्यक्तिलाई तत्काल पार्टी सदस्यता वा सङ्गठित पार्टी सदस्यता दिनुपर्ने अवस्था भएमा सदस्यता प्रदान गर्ने ।
(ड) मातहतका समितिहरूलाई परिचालन तथा आवश्यक निर्देशन दिने ।
(ढ) केन्द्रीय समिति सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।
(ण) अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ ।

3. **केन्द्रीय अध्यक्षको राजीनामा**

(क) केन्द्रीय समितिका अध्यक्षले राजीनामा दिन चाहेमा सहअध्यक्षमार्फत केन्द्रीय समितिमा प्रस्तुत गर्नुपर्ने छ ।
(ख) केन्द्रीय समितिले राजीनामा स्वीकृत गरेमा सहध्यक्ष कार्यवाहक अध्यक्ष भई कार्य सम्हाल्नेछ र ६ महिनाभित्र विशेष राष्ट्रिय महाधिवेशन बोलाई केन्द्रीय अध्यक्षको निर्वाचन गरिने छ ।
(ग) अन्य कुनै कारणबाट अध्यक्षको पद रिक्त हुन आएमा उपधारा ३ (ख) बमोजिम गरिने छ ।

4. **वरिष्ठ नेताको काम, कर्तव्य र अधिकार**

(क) केन्द्रीय विभागको कामहरूको समन्वय, निरिक्षण र अनुगमन गर्ने ।
(ख) पार्टी एकतालाई मजबुत बनाउन पार्टीभित्रका समस्याहरू समाधान गर्न पहल गर्ने ।
(ग) पार्टीले दिएका जिम्मेवारी पुरा गर्ने ।
(घ) पार्टीका नीति निर्णयहरू कार्यान्वयनमा भूमिका खेल्ने ।
(ङ) विधानअन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने ।

5. **सहध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) पार्टीको दैनिक कार्य सञ्चालनमा अध्यक्षको काममा सहयोग गर्ने ।
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने ।
(ग) केन्द्रीय संयन्त्रहरूको कामहरूको समन्वय, निरीक्षण र अनुगमन गर्ने ।
(घ) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

6. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्ष र सहअध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।
(ख) अध्यक्ष र सहअध्यक्षको अनुपस्थितिमा तोकिएका उपाध्यक्षले अध्यक्षले गर्ने कार्य गर्ने ।
(ग) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका कार्य गर्ने ।

7. **महासचिवको काम, कर्तव्य र अधिकार**

(क) राष्ट्रिय महाधिवेशनबाट पारित नीति-निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयसमक्ष प्रस्तुत गर्ने ।
(ख) अध्यक्षको परामर्शमा केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयको बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने ।
(ग) आवश्यकताअनुसार केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने तथा राष्ट्रिय महाधिवेशनमा केन्द्रीय समितिको तर्फबाट सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने ।
(घ) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयको बैठक सञ्चालन गर्ने र तिनका निर्णय कार्यान्वयन गर्ने/गराउने ।
(ङ) केन्द्रीय कार्यालय समितिको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।
(च) सङ्गठनात्मक कामको अनुगमन गर्ने, अभिलेख राख्ने, राख्न लगाउने ।
(छ) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्य गर्ने ।

8. **उपमहासचिवको काम, कर्तव्य र अधिकार**

(क) महासचिवको काममा सहयोग गर्ने ।
(ख) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने कार्यहरू गर्ने ।
(ग) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका कार्यहरू गर्ने ।

9. **सचिवको काम, कर्तव्य र अधिकार**

(क) महासचिव र उपमहासचिवको काममा सहयोग गर्ने ।
(ख) आफ्नो कार्यक्षेत्रमा पार्टी सङ्गठन बिस्तार तथा सुदृढीकरणको कार्य गर्ने ।
(ग) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

10. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) केन्द्रीय कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने ।
(ख) केन्द्रीय कोषको निर्माण तथा व्यवस्थापनको योजना बनाउने र त्यसलाई केन्द्रीय समितिबाट पारित गराई लागू गर्ने ।
(ग) पार्टी कोषको सञ्चालन गर्ने ।
(घ) केन्द्रीय समितिले तोकेबमोजिम बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने ।
(ङ) नियमानुसार लेखा परीक्षण गराउने ।
(च) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

11. **केन्द्रीय सदस्यको काम, कर्तव्य र अधिकार**

(क) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेको कार्य गर्ने ।
(ख) आफ्नो कार्यक्षेत्रमा केन्द्रीय समितिको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

(ग) पार्टीको नीति-निर्णयअनुरूप आफ्नो कार्यक्षेत्रमा पार्टीलाई सङ्गठित, बिस्तार, सुदृढ र एकताबद्ध बनाउने ।

12. **कार्यालय सचिवको काम, कर्तव्य र अधिकार**
   (क) केन्द्रीय कार्यालयको दैनिक प्रशासकिय कार्य सञ्चालन गर्ने ।
   (ख) पार्टीको तर्फबाट पत्राचार गर्ने ।
   (ग) पार्टी कार्यालयमा कार्यरत कर्मचारीहरूको कामको अनुगमन गर्ने ।
   (घ) पार्टी सम्पत्तिको अभिलेख राख्ने र रेखदेख गर्ने ।
   (ङ) केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

परिच्छेद - ७

## केन्द्रीय निकाय

### धारा - ३५ केन्द्रीय सल्लाहकार समिति

1. केन्द्रीय समितिले आवश्यकताअनुसार सल्लाह-सुझाव लिन केन्द्रीय सल्लाहकार समिति गठन गर्ने छ । केन्द्रीय सल्लाहकार समिति, केन्द्रीय समितिप्रति उत्तरदायी रहने छ ।
2. सल्लाहकार समितिमा अध्यक्ष -१, उपाध्यक्ष - १, सचिव - १ र आवश्यकताअनुसार विभिन्न विषय विज्ञहरूसहित सदस्यहरूको मनोनयन गर्ने छ । यसको अध्यक्षको मर्यादा केन्द्रीय कार्यकारिणी समिती सदस्य र अन्य पदाधिकारीहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुने छ । अध्यक्षले केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिको बैठकमा भाग लिने छ तर, निजलाई मताधिकार हुने छैन ।
3. केन्द्रीय सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।
   (क) सङ्घीय परिषद अध्यक्षसँग परामर्श गरी सल्लाहकार समितिका अध्यक्षले बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।
   (ख) आवश्यकताअनुसार पार्टीको नीति तथा योजना निर्माण कार्यमा केन्द्रीय समितिलाई सहयोग गर्ने ।
   (ग) केन्द्रीय समितिलाई विभिन्न विषयहरूमा सल्लाह र सुझाव दिने ।
   (घ) आफ्नो सम्पूर्ण कामको प्रतिवेदन महाधिवेशनमा प्रस्तुत गर्ने ।
   (ङ) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

### धारा - ३६ केन्द्रीय अनुशासन आयोग

1. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष - १, उपाध्यक्ष - १ र सचिव - १ समेत ९ (नौ) सदस्यीय केन्द्रीय अनुशासन आयोगको निर्वाचन गरिने छ ।
2. आयोगको अध्यक्षको मर्यादा केन्द्रीय कार्यकारिणी सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुने छ । अध्यक्षले केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिको बैठकमा भाग लिने छ, तर निजलाई मताधिकार हुने छैन ।
3. आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी रहने छ ।
4. आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै समिति, निकाय वा जनवर्गीय सङ्गठनमा सङ्गठित हुने छैनन् ।
5. आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
   (क) आयोगका अध्यक्षको परामर्शमा सचिवले बैठक बोलाउने र सञ्चालन गर्ने ।
   (ख) पार्टी विधानविपरीत भए गरेका अनुशासन उल्लङ्घनका कार्यहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ग) केन्द्रीय समितिले गरेका अनुशासनात्मक कारवाही तथा प्रादेशिक अनुशासन आयोगको निर्णयउपर पुनरावेदन सुन्ने र त्यसबारे तथ्य प्रमाणको आधारमा निर्णय गरी सोको जानकारी सम्बन्धित व्यक्ति र समितिलाई दिने ।

(घ) नैतिक आचरणका बारेमा उठेका प्रश्नहरूको छानबिन गर्ने ।

(ङ) पार्टी पदाधिकारीहरू र केन्द्रीय समितिका सदस्यहरूको सम्पत्ति विवरणको निजी फाइल राखी नियमितरूपमा प्राप्त सामग्रीको आधारमा अद्यावधिक गर्ने ।

(च) आफ्ना समितिका सदस्यहरू माथि अनुशासनको कारवाही गर्ने ।

(छ) आफ्ना समितिका सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।

(ज) आफ्ना काम कारवाहीको प्रतिवेदन राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने ।

(झ) जनप्रतिनिधि संस्था र लाभका पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा, वहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र आवश्यकताअनुसार छानबिन गर्ने ।

(ञ) आयोगले आफ्नो कार्य-सम्पादन कार्यविधि र नियमावली आफैं बनाउने ।

## धारा - ३७ केन्द्रीय लेखा परिक्षण आयोग

1. पार्टी केन्द्रीय समिति र जनवर्गीय सङ्गठनहरूको केन्द्रीय तहको आय-व्ययको लेखा परिक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।
2. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष - १, उपाध्यक्ष - १ र सचिव - १ समेत - ९ सदस्यीय केन्द्रीय लेखा परिक्षण आयोगको निर्वाचित हुने छ । आयोगको अध्यक्षको मर्यादा कार्यकारिणी समिति सदस्यसरह र अरूको केन्द्रीय सदस्यसरह हुने छ ।
3. आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुने छ ।
4. आयोगका पदाधिकारी र सदस्यहरू अन्य कुनै पार्टी समिति, निकाय र जनवर्गीय सङ्गठनमा सङ्गठित हुने छैनन् ।
5. आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

(क) लेखा र आर्थिक व्यवस्थापनसम्बन्धी आवश्यक नीति नियम बनाई कार्यान्वयनका निम्ति केन्द्रीय समितिमा पेस गर्ने र आफ्नो कामको प्रतिवेदन आवधिकरूपमा केन्द्रीय समितिलाई जानकारी गराउने ।

(ख) केन्द्रीय सचिवालयसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ।

(ग) लेखा परीक्षणसम्बन्धी कामको सन्दर्भमा सम्बन्धित समितिको बैठकमा उपस्थित हुन सक्ने,

(घ) आफ्नो कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्ने ।

(ङ) आयोगका अध्यक्ष केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिको बैठकमा पदेन सदस्यकोरूपमा भाग लिने ।

(च) आफ्नो कार्य-सम्पादन नियमावली, कार्यविधि बनाउने ।

(छ) यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

## धारा - ३८ केन्द्रीय निर्वाचन आयोग

1. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष -१, उपाध्यक्ष -१ र सचिव १ समेत ९ सदस्यीय केन्द्रीय निर्वाचन आयोगको निर्वाचन हुने छ ।
2. आयोगको अध्यक्षको मर्यादा केन्द्रीय कार्यकारिणी समिति सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुने छ, अध्यक्षले केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिको बैठकमा भाग लिने छ, तर निजलाई मताधिकार हुने छैन ।
3. आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुने छ ।

4. आयोगका पदाधिकारी र सदस्यहरू अन्य कुनै पार्टी समिति, निकाय र जनवर्गीय सङ्गठनमा सङ्गठित हुने छैनन् ।
5. आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
   (क) केन्द्रीय समिति र केन्द्रीय आयोगहरूको निर्वाचन गराउनका लागि राष्ट्रिय महाधिवेशनमा निर्वाचन समिति प्रस्ताव गर्ने ।
   (ख) पार्टीको आन्तरिक निर्वाचनसम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गराउने र आफ्नो कामको प्रतिवेदन आवधिकरूपमा केन्द्रीय समितिलाई जानकारी गराउने ।
   (ग) प्रदेश समिति र प्रदेश आयोगका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गराउने ।
   (घ) प्रदेश निर्वाचन आयोगले गराएका निर्वाचनको सम्बन्धमा उजुरी परेको खण्डमा पुनरावलोकन गर्ने ।
   (ङ) पार्टीका जनवर्गीय सङ्गठनका केन्द्रीय पदाधिकारी र सदस्यहरूको निर्वाचन गराउने ।
   (च) आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी समितिको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने ।
   (छ) आफ्नो कार्यको प्रतिवेदन राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्ने ।
   (ज) यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

**धारा - ३९ आयोगहरू स्वायत्त निकाय हुने**

1. केन्द्र तथा प्रदेशमा रहने अनुशासन आयोग, लेखा परिक्षण आयोग र निर्वाचन आयोग स्वायत्त निकाय हुने छन् । यी आयोगहरूले विधानको अधिनमा रही आफ्नो कार्यसम्पादन नियमावली र कार्यविधि आफै बनाई स्वतन्त्र ढङ्गले काम गर्ने छ ।
2. आयोगका पदाधिकारी तथा सदस्यहरू पार्टीका अन्य सङ्गठन वा निकायमा सङ्गठित हुने छैनन् तर पार्टी काम विस्तारका लागि काम गर्न बाधा परेको मानिने छैन ।
3. आयोग आफैले आफ्ना पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारवाही र उनीहरूको राजीनामा स्वीकृत गर्ने छ । रिक्त पदमा पदपूर्ति गर्ने छन् ।

परिच्छेद - ८

## प्रदेश समिति तथा प्रादेशिक संरचनाहरू

**धारा - ४० पार्टीका प्रदेश तथा प्रादेशिक संरचनाहरू**

पार्टीका प्रदेश तथा प्रादेशिक संरचनाहरू निम्नानुसार हुने छन् ।

1. प्रदेश अधिवेशन
2. प्रदेश समिति र प्रदेश कार्यकारिणी समिति
3. प्रदेश सल्लाहकार समिति तथा प्रादेशिक आयोगहरू
4. पहिचानमा आधारित प्रादेशिक संरचनाहरूको अधिवेशन
5. राष्ट्रिय समिति र राष्ट्रिय कार्यकारिणी समिति

**धारा - ४१ प्रदेश अधिवेशन**

1. प्रदेश अधिवेशन प्रदेश तहको सर्वोच्च निकाय हुने छ । यसको आयोजना प्रदेश समितिद्वारा सामान्यत हरेक ४ बर्षमा आयोजना गरिने छ ।
2. प्रदेश अधिवेशनमा समितिगत र सङ्गठित पार्टी सदस्यताको अनुपातमा प्रदेश निर्वाचन क्षेत्रबाट देहायबमोजिम प्रतिनिधित्व हुने छ ।

(क) प्रदेशमा रहेका सङ्गठित पार्टी सदस्य सङ्ख्याको अनुपातमा प्रदेश समितिले तोकेबमोजिम प्रदेश सभा निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश अधिवेशनको प्रतिनिधिहरू, सम्बन्धित प्रदेशभित्रका पहिचानमा आधारित राष्ट्रिय समिति, प्रादेशिक निकाय, जिल्ला समिति र विशेष संरचना समितिबाट निर्वाचित प्रतिनिधिहरू तथा प्रदेश स्तरीय जनवर्गीय सङ्गठनका सङ्गठित पार्टी सदस्यहरूमध्येबाट निर्वाचित प्रतिनिधिहरू ।

(ख) निर्वाचित प्रतिनिधिको पांच प्रतिशतमा नबढ्ने गरी समानुपातिक समावेशीको प्रयोजनार्थ प्रदेश समितिबाट मनोनित प्रतिनिधिहरू ।

(ग) प्रदेश समितिका पदाधिकारी र सदस्यहरू प्रदेश अधिवेशनको आयोजक हुने छन् । तर अधिवेशनमा प्रतिनिधि हुनका लागि तोकिएको कुनै क्षेत्रबाट निर्वाचित हुनुपर्ने छ ।

## धारा - ४२ प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार

प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. प्रदेश अधिवेशन सञ्चालन गर्न ५ सदस्यीय अध्यक्ष मण्डल र आवश्यक संरचना गठन गर्ने ।
2. प्रदेश समितिको तर्फबाट प्रस्तुत राजनीतिक प्रतिवेदन, आर्थिक प्रतिवेदन र सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
3. प्रदेश सल्लाहकार समिति तथा आयोगहरूको प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
4. प्रदेश अधिवेशन सञ्चालन प्रक्रिया तय गर्ने ।
5. प्रदेश आयोग/निकायहरूका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गर्ने ।
6. प्रदेश समितिका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गर्ने ।

## धारा - ४३ प्रदेश समिति

1. प्रदेश समिति दुई अधिवेशनबिचको पार्टीको मुख्य कार्यकारी संस्था हुने छ । यस समितिले मूलतः राजनीतिक, प्रशासनिक तथा निर्वाचनसँग सम्बन्धित कार्यहरू गर्ने छ ।
2. प्रदेश समिति प्रदेश अधिवेशन र केन्द्रीय समितिप्रति उत्तरदायी हुने छ ।
3. प्रदेश अधिवेशनले अध्यक्ष - १, उपाध्यक्ष -३, मुख्यसचिव - १, सचिव - ३, कोषाध्यक्ष -१ समेत बढीमा ५१ जना सम्म सदस्यहरू निर्वाचित गर्ने छ । प्रादेशिक निकाय, राष्ट्रिय समितिका अध्यक्षहरू र प्रदेश संसदीय दलका नेता प्रदेश समितिका पदेन सदस्य हुने छन् । मधेस प्रदेश र कर्णाली प्रदेशको हकमा जिल्ला समितिका निर्वाचित अध्यक्षहरू पदेन सदस्य हुने छन् ।
4. प्रदेश समितिमा कम्तीमा एक तिहाई महिलासहित प्रदेशको जातीय/सामुदायिक विविधता झल्कने गरी समावेशीकरण गरिने छ ।
5. प्रदेश अधिवेशनद्वारा समानुपातिक समावेशी हुने गरी जातीय/सामाजिक समूहरू (Social Cluster) बाट ६० प्रतिशत र खुला प्रतिष्पर्धाबाट ४० प्रतिशत निर्वाचित हुनेगरी प्रदेश समितिले सङ्ख्या निर्धारण गरी निर्वाचन गराइने छ ।
6. प्रदेशको पदाधिकारी र प्रदेश समितिबाट निर्वाचित ८ जना सदस्यसहित प्रदेश कार्यकारिणी समिति गठन गरिने छ । प्रदेश समितिका अध्यक्षसहित बढीमा सात सदस्यीय प्रदेश सचिवालय र प्रदेश समितिका मुख्य सचिवसहित ५ सदस्यीय प्रदेश कार्यालय समिति गठन गरिने छ ।
7. प्रदेश अधिवेशनबाट नयाँ प्रदेश समिति निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो प्रदेश समिति स्वतः विघटन हुने छ ।

## धारा - ४४ प्रदेश समितिको काम काम, कर्तव्य र अधिकार

प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. प्रदेशभित्र पार्टी कामको नेतृत्व गर्ने, राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन र केन्द्रीय समितिले गरेका निर्णयहरू, निर्देशन कार्यान्यन गर्ने र गराउने, राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।
2. प्रदेश कार्यकारिणी समिति र आवश्यकताअनुसार प्रदेश सचिवालय गठन गर्ने ।
3. प्रदेशभित्रका राष्ट्रिय समितिहरूको परिचालन गर्ने । मधेस प्रदेश र कर्णाली प्रदेशको हकमा जिल्ला समितिहरूको परिचालनलगायत राष्ट्रिय समितिहरूले गर्ने सम्पूर्ण कार्यहरू प्रदेश समितिले नै गर्ने । राष्ट्रिय समिति गठन नभएको अवस्थामा प्रदेश समितिलाई आफ्नो काम गर्न यसले वाधा गर्ने छैन ।
4. राष्ट्रिय समितिहरूबाट प्राप्त सङ्गठित पार्टी सदस्यहरूको सदस्यताको सिफारिशका आधारमा सङ्गठित पार्टी सदस्यसम्बन्धी निर्णय गर्ने र आवश्यकता परे मातहत समितिको सङ्गठित पार्टी सदस्यता प्रदान गर्ने सिफारिस अध्ययन गरी योग्यता, विधि र प्रक्रिया पूरा गरेको नगरेको जाँच गरी निर्णय दिने ।
5. राष्ट्र र जनताको हित रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकताअनुसार जनसङ्घर्ष, आन्दोलन र जनपरिचालनलगायत अन्य कार्यक्रम सञ्चालन गर्ने, गराउने ।
6. प्रदेश अधिवेशन र प्रदेश समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने र मातहतका समितिहरूलाई अन्तरपार्टी परिपत्र जारी गर्ने ।
7. प्रदेश अधिवेशनमा राजनीतिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन र सङ्गठनात्मक प्रतिवेदन तथा प्रस्तावहरू प्रस्तुत गर्ने ।
8. प्रदेश सल्लाहकार समिति र प्रादेशिक आयोगहरू गठन गर्ने ।
9. प्रदेश स्तरीय सङ्गठन विभाग, प्रशिक्षण विभाग, आर्थिक विभागलगायत आवश्यकताअनुसार अन्य विभागहरू र संयन्त्र गठन गर्ने ।
10. आवश्यकता अनुसार, काम, कर्तव्य र अधिकार तोकी यस विधानमा व्यवस्था गरिएका बाहेकका विभिन्न समिति, उपसमिति, कार्यदल आदि गठन गर्ने गराउने ।
11. समय समयमा प्रशिक्षण, गोष्ठी, शिविर र भ्रमण आदिको आयोजना गर्ने, गराउने ।
12. प्रदेश समितिका सदस्यहरूको वरियता तोक्ने र कार्यविभाजन गर्ने ।
13. आफ्नो मातहतका जनवर्गीय सङ्गठनहरूलाई वैचारिक तथा राजनीतिक नेतृत्व प्रदान गर्ने ।
14. पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने । अनुशासन र आचारसंहिता पालना भएको, नभएको अनुगमन र निरिक्षण गर्ने, यसप्रति मातहतका समितिहरूलाई सचेत गराउने र आवश्यक परे विधानबमोजिम सम्बन्धित समितिमार्फत कारवाही गर्न प्रक्रिया थाल्ने ।
15. आफ्नो समितिका पदाधिकारी र सदस्यहरूमाथि विधानअनुसार अनुशासनको कारवाही गर्ने ।
16. अनुशासनात्मक कारवाहीमा परी राष्ट्रिय समिति विघटन भएमा वा कार्यकाल समाप्त भएमा वा अधिवेशन समयभित्र सम्पन्न नगरेमा वा क्रियाशील नरहेमा वा कुनै कारणवश विघटन भएमा, तदर्थ समिति गठन गर्ने ।
17. आफ्नो समितिका पदाधिकारी र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।
18. राजिनामा गरी वा निधन भई वा अनुशासनको कारबाहीमा परी प्रदेश समितिका कुनै सदस्यको पदरिक्त भएमा अर्को निर्वाचन नभएसम्मका लागि पदपूर्ति गर्ने ।
19. तोकिएबमोजिम पार्टी कोषको सञ्चालन गर्ने ।
20. प्रशासनिक कामहरू तथा निर्वाचनसँग सम्बन्धित सबै कार्यहरू गर्ने ।
21. धारा ९६ को उपधारा (३ र ५) बमोजिम निर्वाचनका लागि मातहत निकायबाट प्राप्त रायसहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिश र निर्णय गर्ने ।
22. सङ्घीय संसद (प्रतिनिधि सभा), प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा प्रदेशभित्रका पार्टीका सबै समितिहरू र निकायहरूलाई परिचालन गर्ने, समन्वय गर्ने र आवश्यकताअनुसार निर्देशन दिने ।

23. प्रदेश अधिवेशनद्वारा स्वीकृत कार्यक्रम, निर्णय र घोषणा पार्टीको प्रदेश सभा संसदीय दललाई उपलब्ध गराउने तथा प्रदेश सभा संसदीय दलको प्रतिवेदन प्रदेश समिति र प्रदेश अधिवेशनमा प्रस्तुत गर्ने ।
24. प्रदेश सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा केन्द्रसँग समन्वय गरी नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा केन्द्रको स्वीकृतिमा प्रदेश सरकारमा जाने मन्त्रीको मापदण्ड तयार गर्ने, प्रदेश सरकार र मन्त्रीहरूको कामको अनुगमन गर्ने र केन्द्रीय समितिलाई जानकारी गराउने, केन्द्रको स्वीकृति लिई मन्त्रीमण्डलमा हेरफेर गर्न दलको नेतालाई सल्लाह दिने ।
25. पार्टीको विधान, नियमावली, निर्देशिका तथा प्रचलित कानूनमा प्रदेश समितिले गर्ने भनिएको कार्य गर्ने ।

## धारा - ४५ प्रदेश कार्यकारिणी समिति को काम, कर्तव्य र अधिकार

प्रदेश समितिको बैठक नबसेको बेला प्रदेशले तत्काल कार्यसम्पादन गर्नुपर्ने विषयमा निर्णय गर्न प्रदेश कार्यकारिणी समिति गठन हुने छ । यस समितिमा प्रदेश पदाधिकारीहरूका साथै प्रदेश सल्लाहकार समिति र आयोगका अध्यक्षहरू तथा राष्ट्रिय समितिका अध्यक्षहरू पदेन रहने छन् । प्रदेश कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार यसप्रकार छन् ।

1. प्रदेश समितिको बैठक नबसेको अवस्थामा प्रदेश समितिका निम्ति तोकिएका अधिकार प्रयोग गर्ने र कर्तव्य पालना गर्ने ।
2. प्रदेश समितिप्रति उत्तरदायी रही आवश्यक निर्णयहरू गर्ने ।
3. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका लागि प्रदेश समितिको बैठकमा प्रस्तुत गर्ने ।
4. प्रदेश समितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।

## धारा - ४६ प्रदेश सचिवालयको काम, कर्तव्य र अधिकार

1. प्रदेश समिति र प्रदेश कार्यकारिणी समितिको बैठकबिचको अवधिमा तत्काल गर्नुपर्ने राजनीतिक तथा सङ्गठनात्मक निर्णय गर्ने ।
2. आफूले गरेका आवश्यक निर्णय र कार्यहरू अनुमोदनका निम्ति कार्यकारिणी समितिको बैठकमा प्रस्तुत गर्ने ।
3. प्रदेश समिति र प्रदेश कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## धारा - ४७ प्रदेश समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन :

1. **अध्यक्षको काम, कर्तव्य र अधिकार**
   (क) आफ्नो कार्यक्षेत्रको पार्टीको प्रमुख नेताको हैसियतमा नेतृत्व गर्ने, आफ्नो समितिको बैठक बोलाउन निर्देशन दिने ।
   (ख) माथिल्लो समिति, आफ्नो तहको अधिवेशन र आफ्नो समितिका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने ।
   (ग) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयको बैठकको अध्यक्षता गर्ने ।
   (घ) प्रदेश अधिवेशन र प्रदेश समितिको बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।
   (ङ) आय-व्ययको लेखा राख्न लगाउने, पार्टी सदस्य दर्ता किताव राख्न लगाउने ।
   (च) सम्बन्धित समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
2. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार**
   (क) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।
   (ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरू गर्ने ।

(ग) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

3. **मुख्यसचिवको काम, कर्तव्य र अधिकार**
   (क) माथिल्लो समिति र प्रदेश अधिवेशनको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र आफ्नो प्रदेश समिति,समक्ष प्रस्तुत गर्ने ।
   (ख) प्रदेश समितिको कार्यालय सञ्चालन गर्ने ।
   (ग) प्रदेशको क्षेत्राधिकारभित्रको सङ्गठनात्मक कार्यको अनुगमन गर्ने, सङ्गठनात्मक अभिलेख राख्ने ।
   (घ) अध्यक्षको परामर्शमा प्रदेश समितिका बैठकको कार्यसूची तयार गर्ने र बोलाउने ।
   (ङ) प्रदेशको अधिवेशन र समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेस गर्ने ।
   (च) प्रदेश समितिको बैठक सञ्चालन गर्ने ।
   (छ) प्रदेश समितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।
4. **सचिवको काम, कर्तव्य र अधिकार**
   (क) मुख्यसचिवको काममा आवश्यक सहयोग गर्ने ।
   (ख) मुख्यसचिवको अनुपस्थितिमा मुख्यसचिवले गर्ने कार्यहरू गर्ने ।
   (ग) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
5. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**
   (क) प्रदेश समितिको कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने ।
   (ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, त्यसलाई प्रदेश समितिबाट पारित गरी लागु गर्ने ।
   (ग) पार्टी कोषको सञ्चालन गर्ने ।
   (घ) आय-स्रोतहरूको सङ्कलन, परिचालन विस्तारका साथै प्रदेश समितिले तोकेबमोजिम बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने ।
   (ङ) नियमानुसार लेखा परिक्षण गराउने ।
   (च) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
6. **सदस्यको काम, कर्तव्य र अधिकार**
   (क) प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति र प्रदेश सचिवालयले तोकेका कार्यहरू गर्ने ।
   (ख) आफ्नो जिम्मेवारी कार्यक्षेत्रमा प्रदेश समितिको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।
   (ग) आफ्नो कार्यक्षेत्रमा माथिल्ला समितिहरू र प्रदेश समितिको निर्णय तथा निर्देशनअनुरूप पार्टी काम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकतावद्ध बनाउने ।

## परिच्छेद - ९

## प्रादेशिक निकाय

### धारा - ४८ प्रदेश सल्लाहकार समिति

1. प्रदेश समितिले आवश्यकताअनुसार राय, सल्लाह र सुझाव लिन विभिन्न विषयका विज्ञहरूसहितको प्रदेश सल्लाहकार समिति गठन गर्ने छ । प्रदेश सल्लाहकार समिति प्रदेश समितिप्रति उत्तरदायी रहने छ ।
2. प्रदेश सल्लाहकार समितिमा अध्यक्ष - १, उपाध्यक्ष -१, सचिव -१ र २५ जना सम्म सदस्यहरू रहने गरी मनोनयन प्रदेश समितिले गर्ने छ । यसको अध्यक्षको मर्यादा प्रदेश कार्यकारिणी समिति सदस्य र अन्य पदाधिकारीको मर्यादा प्रदेश समिति सदस्यसरह हुने छ । प्रदेश अध्यक्षले प्रदेश समिति र प्रदेश कार्यकारिणी समितिको बैठकमा भाग लिन सक्ने छ । तर, निजलाई मताधिकार हुने छैन ।

**धारा - ४९ प्रदेश सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार**

1. प्रदेश अध्यक्षसँग परामर्श गरी सल्लाहकार समितिको बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।
2. आवश्यकताअनुसार प्रदेश समितिलाई विभिन्न विषयहरूमा राय, सुझाव र सल्लाह दिने ।
3. प्रदेश समितिले तोकेको अन्य कार्यहरू गर्ने ।
4. आफ्नो सम्पूर्ण कामको प्रतिवेदन प्रदेश अधिवेशनमा प्रस्तुत गर्ने ।

**धारा - ५० प्रदेश आयोगहरू**

1. प्रदेशहरूमा अधिवेशनबाट निर्वाचित अनुशासन आयोग, लेखा परिक्षण आयोग र निर्वाचन आयोग रहने छन् । प्रदेश आयोगहरू प्रदेश अधिवेशनप्रति उतरदायी हुने छन् ।
2. प्रदेश आयोग अध्यक्ष, उपाध्यक्ष र सचिवसहित ९ सदस्यीय हुने छन् ।
3. प्रदेश आयोगका अध्यक्षहरूको मर्यादा प्रदेश कार्यकारिणी समिति सदस्यसरह र अन्य पदाधिकारी एवम् सदस्यहरूको मर्यादा प्रदेश समिति सदस्यसरह हुने छ ।
4. प्रदेश आयोगहरूले आफ्नो कामको प्रतिवेदन आवधिकरूपमा प्रदेश समितिलाई जानकारी दिनुपर्ने छ ।

**धारा - ५१ प्रदेश अनुशासन आयोगको काम, कर्तव्य र अधिकार**

1. प्रदेश समितिको पदाधिकारी र सदस्यहरूलगायत प्रदेशअन्तर्गतका राष्ट्रिय समिति, जिल्ला समिति, पालिकालगायतका समितिहरू वा अन्य कुनै समिति र सदस्यहरूले गरेको अनुशासनात्मक कार्यवाहीबाट चित्त नबुझि दिएको पुनरावेदन ग्रहण गरी आवश्यक छानबिन एवम् जाँचबुझ गरी फैसला गर्ने र त्यसको कार्यान्वयनका लागि निर्देशन दिने ।
2. आयोगद्वारा विचाराधिन मुद्दाको सन्दर्भमा अनुसन्धान गर्न पार्टीका विभिन्न समितिका बैठकहरूमा उपस्थित हुन सक्ने ।
3. आफ्नो प्रदेशभित्रका तोकिएका समिति सदस्यहरू र पार्टीको तर्फबाट जनप्रतिनिधिमूलक संस्था एवम्  लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको सम्पत्ति विवरण लिने, आवश्यकताअनुसार छानबिन गर्ने र आवधिक रूपमा सार्वजनिक गर्ने ।
4. अनुशासनको कारवाही सम्बन्धित निर्णय र पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित समितिलाई र सबै किसिमका निर्णयहरूको जानकारी प्रदेश समितिलाई दिने ।
5. आफ्नो कामको प्रतिवेदन प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने ।
6. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

**धारा - ५२ प्रदेश लेखा परिक्षण आयोगको काम, कर्तव्य र अधिकार**

1. प्रदेश र प्रदेशअन्तर्गतका पार्टी सङ्गठन तथा प्रदेश स्तरीय जनवर्गीय सङ्गठनहरूका आय-व्ययको लेखा परिक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि प्रदेश समितिमा प्रस्तुत गर्ने ।
2. प्रदेश समितिसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ।
3. लेखा परीक्षणसम्बन्धी कामको सन्दर्भमा सम्बन्धित समितिका बैठकमा उपस्थित हुन सक्ने ।
4. आफ्नो कामको प्रतिवेदन प्रदेश अधिवेशन समक्ष प्रस्तुत गर्ने ।
5. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका कार्यहरू गर्ने ।

**धारा - ५३ प्रदेश निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार**

1. प्रदेश र राष्ट्रिय समिति तथा सोअन्तर्गतका पार्टी समिति र जनवर्गीय सङ्गठनका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गराउने ।
2. आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी समितिको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने ।
3. आफ्ना कामको प्रतिवेदन प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने ।
4. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

परिच्छेद - १०

## पहिचानमा आधारित प्रादेशिक संरचना

**धारा - ५४ पहिचानमा आधारित प्रादेशिक संरचना**

1. पहिचानमा आधारित प्रादेशिक संरचनाको रूपमा पार्टीमा राष्ट्रिय समितिहरू हुने छन् । यस समितिले मूलतः राजनीतिक तथा पहिचानको आन्दोलनसँग सम्बन्धित कार्यहरू गर्ने छ ।
2. पहिचानमा आधारित प्रादेशिक संरचनाहरू लिम्बुवान, किरात, मधेस, शेर्पालुङ, नेवाः, ताम्सालिङ, तमुवान, मगरात, थरुहट, खसान र शिल्पी/दलित विशेष समिति हुने छन् ।
3. राष्ट्रिय समितिअन्तर्गतका जिल्लाहरू अनुसूची १२ मा उल्लेख भएबमोजिम हुने छन् । यसका साथै अर्को राष्ट्रिय समितिमा परेका सीमा जोडिएका जिल्लाका पालिका अध्यक्ष/प्रतिनिधिहरू जातीय/सामुदायिक बाहुल्यताको आधारमा सम्बन्धित राष्ट्रिय समितिको काममा सहभागी हुन सक्ने छन् । यससम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुने छ ।

**धारा - ५५ राष्ट्रिय समितिको अधिवेशन**

1. राष्ट्रिय समितिको अधिवेशन प्रत्येक ४ वर्षमा हुने छ । राष्ट्रिय समितिका पदाधिकारीहरू अधिवेशनबाट चुनिने छन् । अधिवेशनमा पहिचानमा आधारित राष्ट्रिय समितिभित्रका सङ्गठित पार्टी सदस्य सङ्ख्याको अनुपातमा समितिले तोकेबमोजिम प्रत्येक पालिकाबाट निर्वाचित प्रतिनिधिहरू, जिल्ला समिति र विशेष संरचना समितिका समितिगत प्रतिनिधिहरू तथा सम्बन्धित तहका जनवर्गीय सङ्गठनका सङ्गठित पार्टी सदस्यहरूमध्येबाट निर्वाचित प्रतिनिधिहरू ।
2. निर्वाचित प्रतिनिधिको पांच प्रतिशतमा नबढ्ने गरी समानुपातिक समावेशीको प्रयोजनार्थ राष्ट्रिय समितिबाट मनोनित प्रतिनिधिहरू ।
3. राष्ट्रिय समितिका पदाधिकारी र सदस्यहरू अधिवेशनको आयोजक हुने छन् । तर अधिवेशनमा प्रतिनिधि हुनका लागि तोकिएको कुनै क्षेत्रबाट निर्वाचित हुनुपर्ने छ ।
4. अधिवेशनले अध्यक्ष-१, उपाध्यक्ष-३, मुख्यसचिव- १, सचिव-३, कोषाध्यक्ष-१ सहित ३९ सदस्य निर्वाचित गर्ने छ ।
5. पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्दा ३ जना निर्वाचित हुने पदहरूमा अनिवार्य रूपमा १ जना महिलासहित विभिन्न सामाजिक समूहहरूको समावेशी हुनुपर्ने छ ।
6. पहिचानमा आधारित राष्ट्रिय समितिहरूमा जिल्ला समितिका अध्यक्षहरू, विशेष जिल्ला समितिका अध्यक्षहरू, सम्बन्धित राष्ट्रिय समितिभित्रका विशेष संरचनाका अध्यक्षहरू तथा समितिले आवश्यकतानुसार १५ प्रतिशतमा नबढाई मनोनित गरेका सदस्यहरू रहने छन् ।
7. निर्वाचित पदाधिकारीहरूको शपथग्रहणपश्चात पुरानो राष्ट्रिय समिति स्वतः विघटन हुने छ ।

**धारा ५६ - राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार**

1. समितिका पदाधिकारीहरू तथा सदस्यहरू मध्येबाट समितिले चुनेका ६ जनासहित १५ सदस्यीय कार्यकारिणी समिति गठन गर्ने ।

2. समितिका  पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्ने ।
3. मातहतका जिल्ला समितिहरू परिचालन गर्ने, आवश्यक निर्णयहरू कार्यान्वयनका लागि अन्तरपार्टी परिपत्र जारी गर्ने ।
4. विधानबमोजिम  विभाग र संयन्त्र गठन गर्ने ।
5. आवश्यकता परे काम, कर्तव्य र अधिकार तोकी यस विधानमा व्यवस्था गरिएका बाहेकका विभिन्न समिति, उपसमिति, कार्यदल आदि गठन गर्ने, गराउने ।
6. अधिवेशनमा राजनीतिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन र सङ्गठनात्मक प्रतिवेदन तथा प्रस्तावहरू प्रस्तुत गर्ने ।
7. आफ्नो कार्य क्षेत्रमा प्रशिक्षण, विचार गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।
8. केन्द्रीय समिति र प्रदेश समितिका निर्णयहरू कार्यान्वयन गर्न योजना बनाउने ।
9. तोकिएको प्रक्रिया तथा मापदण्डबमोजिम पार्टी सदस्यता प्रदान गर्न स्थानीय तहबाट सिफारिस भई आएका उपर रायसहित प्रदेश समितिमा पठाउने ।
10. आफ्नो मुखपत्रलगायत आवश्यक सामग्रीको सम्पादन र प्रकाशन गर्ने ।
11. तोकिएबमोजिम पार्टी कोषको सञ्चालन गर्ने ।
12. आफ्नो समितिका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने ।
13. आफ्नो समितिका पदाधिकारी र सदस्यहरूमाथि विधानअनुसार अनुशासनको कारवाही गर्ने ।
14. राजिनामा गरी वा निधन भई वा अनुशासनको कारबाहीमा परी समितिका कुनै सदस्यको पदरिक्त भएमा अर्को निर्वाचन नभएसम्मका लागि पदपूर्ति गर्ने ।
15. केन्द्रीय समिति र प्रदेश समितिसँग समन्वय गरी पहिचान र अधिकारसँग सम्बन्धित राष्ट्रिय आन्दोलन सञ्चालन गर्ने ।
16. अधिवेशन र राष्ट्रिय समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।
17. अनुशासनात्मक कार्यवाहीमा परी जिल्ला समिति विघटन भएमा वा कार्यकाल समाप्त भएमा वा अधिवेशन समयभित्र सम्पन्न नगरेमा वा क्रियाशील नरहेमा वा कुनै कारणवश विघटन भएमा, जिल्ला तदर्थ समिति गठन गर्ने ।
18. पार्टीको विधान, नियमावली तथा निर्देशिकामा तोकिएका अन्य कामहरू गर्ने ।

### धारा - ५७  राष्ट्रिय समन्वय समिति गठन

1. पहिचानमा आधारित राष्ट्रिय समिति दुई वा दुईभन्दा बढी प्रदेशमा विभाजित भएमा राष्ट्रिय समन्वय समिति गठन गरिने छ । समन्वय समितिमा १ जना संयोजक तोकिने छ ।
2. दुई वा दुईभन्दा बढी प्रदेशमा विभाजित पहिचानमा आधारित राष्ट्रिय समितिको कामलाई संयोजन गर्न तोकिएको इन्चार्जले प्रदेश समितिहरूसँग समन्वय गरी अनुसूची- १२ बमोजिम पहिचानमा आधारित राष्ट्रिय समन्वय समिति गठन गर्ने छ । यस समन्वय समितिमा सामान्यतया आफ्नो क्षेत्रभित्रका जिल्ला समन्वय समितिका अध्यक्ष र राष्ट्रिय समितिले तोकेका सदस्यहरू रहने छन् । यससम्बन्धी थप व्यवस्था तोकिएबमोजिम हुने छ ।
3. समितिको गठन भेलामा प्रदेश समिति र केन्द्रीय निर्वाचन आयोगको प्रतिनिधिलाई आमन्त्रित गरिने छ । निर्वाचन सम्पन्न भएपछि समन्वय समिति गठन भएको घोषणा गरिने छ ।
4. समावेसीतालाई ध्यान दिँदै कुल समिति सङ्ख्याको १५ प्रतिशतमा नबढ्ने गरी समन्वय समितिले सदस्यहरू मनोनित गर्न सक्ने छन् ।
5. आफ्नो क्षेत्रभित्रका माथिल्लो समितिका सदस्यलाई गठन भेलामा आमन्त्रण गर्न सकिने छ ।

### धारा - ५८ राष्ट्रिय कार्यकारिणी समिति र त्यसको काम, कर्तव्य र अधिकार

1. राष्ट्रिय समितिको दुई बैठकबिचको अवधिमा तत्काल गर्नुपर्ने राजनीतिक तथा सङ्गठनात्मक निर्णय गर्ने ।

2. आफूले गरेका आवश्यक निर्णय र कार्यहरू अनुमोदनका निम्ति राष्ट्रिय समितिको बैठकमा प्रस्तुत गर्ने ।
3. राष्ट्रिय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## धारा - ५९ राष्ट्रिय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

राष्ट्रिय समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन :

1. **अध्यक्षको काम, कर्तव्य र अधिकार**
   (क) आफ्नो कार्यक्षेत्रको पार्टीको प्रमुख नेताको हैसियतमा नेतृत्व गर्ने, आफ्नो समितिको बैठक बोलाउन निर्देशन दिने ।
   (ख) माथिल्लो समिति, आफ्नो तहको अधिवेशन र आफ्नो समितिका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने ।
   (ग) राष्ट्रिय समिति र कार्यकारिणी समितिको बैठकको अध्यक्षता गर्ने ।
   (घ) राष्ट्रिय समितिको अधिवेशन र बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।
   (ङ) आय-व्ययको लेखा राख्न लगाउने, पार्टी सदस्य दर्ता किताव राख्न लगाउने ।
   (च) सम्बन्धित समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
2. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार**
   (क) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।
   (ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरू गर्ने ।
   (ग) राष्ट्रिय समिति तथा कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
3. **मुख्यसचिवको काम, कर्तव्य र अधिकार**
   (क) माथिल्ला समितिहरू र राष्ट्रिय समितिको अधिवेशनको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र समितिको बैठकमा प्रस्तुत गर्ने ।
   (ख) राष्ट्रिय समितिको कार्यालय सञ्चालन गर्ने ।
   (ग) प्रदेशको क्षेत्राधिकारभित्रको सङ्गठनात्मक कार्यको अनुगमन गर्ने, सङ्गठनात्मक अभिलेख राख्ने ।
   (घ) अध्यक्षको परामर्शमा समितिका बैठकको कार्यसूची तयार गर्ने र बोलाउने ।
   (ङ) राष्ट्रिय समितिको अधिवेशन र समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेस गर्ने ।
   (च) समितिको बैठक सञ्चालन गर्ने ।
   (छ) राष्ट्रिय समिति र कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।
4. **सचिवको काम, कर्तव्य र अधिकार**
   (क) मुख्यसचिवको काममा आवश्यक सहयोग गर्ने ।
   (ख) मुख्यसचिवको अनुपस्थितिमा मुख्यसचिवले गर्ने कार्यहरू गर्ने ।
   (ग) राष्ट्रिय समिति र कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
5. **कोषाध्यक्षको काम र कर्तव्य**
   (क) राष्ट्रिय समितिको कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने,
   (ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, त्यसलाई राष्ट्रिय समितिबाट पारित गरी लागु गर्ने ।
   (ग) पार्टी कोषको सञ्चालन गर्ने ।
   (घ) आय-स्रोतहरूको सङ्कलन, परिचालन विस्तारका साथै राष्ट्रिय समितिले तोकेबमोजिम बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने ।
   (ङ) नियमानुसार लेखा परिक्षण गराउने ।
   (च) राष्ट्रिय समिति र कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
6. **सदस्यको काम, कर्तव्य र अधिकार**
   (क) राष्ट्रिय समिति र कार्यकारिणी समितिले तोकेका कार्यहरू गर्ने ।

(ख) आफ्नो जिम्मेवारी कार्यक्षेत्रमा राष्ट्रिय समितिको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

(ग) आफ्नो कार्यक्षेत्रमा माथिल्लो समिति तथा आफ्नो समितिको निर्णय तथा निर्देशनअनुरूप पार्टी काम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकतावद्ध बनाउने ।

परिच्छेद - ११

## स्थानीय तह/निकायहरू

### धारा - ६० पार्टीका स्थानीय तह र समितिहरू निम्नानुसार हुने छन् ।

1. जिल्ला अधिवेशन
2. जिल्ला समिति र जिल्ला कार्यकारिणी समिति
3. पालिका अधिवेशन
4. पालिका समिति र पालिका कार्यकारिणी समिति
5. वडा अधिवेशन
6. वडा समिति
7. प्रारम्भिक समिति/टोल समिति/ बुथ समिति

### धारा - ६१ जिल्ला अधिवेशन

1. जिल्ला समितिले हरेक चार वर्षमा जिल्ला अधिवेशनको आयोजना गर्ने छ ।
2. जिल्ला अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुने छन् ।
   (क) जिल्ला समितिले तोकेबमोजिम पार्टी सदस्य सङ्ख्याको अनुपातमा प्रत्येक वडाबाट सङ्गठित पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू, जिल्ला सल्लाहकार समिति र पालिका समितिबाट निर्वाचित प्रतिनिधिहरू र जिल्ला स्तरीय जनवर्गीय सङ्गठनहरूबाट सङ्गठित पार्टी सदस्यहरूमध्येबाट निर्वाचित प्रतिनिधिहरू ।
   (ख) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी जिल्ला समितिबाट समावेशीको प्रयोजनार्थ मनोनित प्रतिनिधिहरू ।
3. जिल्ला समितिका पदाधिकारी र सदस्यहरू जिल्ला अधिवेशनको आयोजक हुने छ, तर प्रतिनिधि हुनका लागि तोकिएको कुनै क्षेत्रबाट निर्वाचित हुनुपर्ने छ ।
4. आवश्यकताअनुसार जिल्ला समितिले पर्यवेक्षकहरू मनोनित गर्न सकिने छ ।

### धारा - ६२ जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार

जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् :

1. अधिवेशन सञ्चालन गर्न ५ सदस्यीय अध्यक्ष मण्डल र आवश्यक संरचना गठन गर्ने ।
2. जिल्ला समितिको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
3. जिल्ला समितिको लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
4. जिल्ला समितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने ।

### धारा - ६३ जिल्ला समिति

1. जिल्ला समिति दुई जिल्ला अधिवेशनबिचको अवधिमा आफ्नो कार्यक्षेत्रभित्र पार्टीको मुख्य कार्यकारी संस्था हुने छ । जिल्ला समिति जिल्ला अधिवेशन, प्रदेश/राष्ट्रिय समिति र केन्द्रीय समितिप्रति उत्तरदायी हुने छ ।

2. जिल्ला अधिवेशनले अध्यक्ष -१, उपाध्यक्ष -२, सचिव -१, उपसचिव -२, कोषाध्यक्ष -१ समेत गरी ५७ जना सम्म सदस्यहरू रहेको जिल्ला समिति निर्वाचन गर्ने छ । जिल्लामातहतका पालिका समितिका अध्यक्षहरू, निर्वाचन क्षेत्र (प्रतिनिधि सभा र प्रदेश सभा) का संयोजकहरू, जिल्ला समितिका पदेन सदस्य हुने छन् ।
3. जिल्ला समितिमा कम्तीमा एक तिहाई महिलासहित जिल्लाको विविधता प्रतिविम्वित हुनेगरी जातीय/भाषिक/धार्मिक/साँस्कृतिक समुदायहरूको समावेशीकरण गरिने छ ।
4. जिल्ला सदस्यहरूका लागि ५० प्रतिशत जातीय/सामाजिक समूहरूको समावेशीकरणबाट र ५० प्रतिशत खुला प्रतिस्पर्धाबाट निर्वाचित हुने छ ।
5. सङ्घीय राजधानीमा विभिन्न पेसा व्यवसायमा संलग्न पार्टी कार्यकर्ताहरूबिचको पार्टी कामलाई व्यवस्थित गर्न नेवाः राष्ट्रिय समितिअन्तर्गत बौद्धिक पेसाकर्मी, मजदूर तथा विद्यार्थी विशेष जिल्ला समिति हुने छ । जिल्ला समितिको काम, कर्तव्य र अधिकार नै विशेष जिल्ला समितिको पनि काम, कर्तव्य र अधिकार हुने छ । यससम्बन्धि थप व्यवस्था तोकिएबमोजिम हुने छ ।
6. अधिवेशनबाट नयाँ समिति निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो समिति स्वतः विघटन हुने छ ।

## धारा - ६४ जिल्ला समितिको काम, कर्तव्य र अधिकार

जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहायबमोजम हुने छन् ।

1. जिल्लाभित्रका प्रतिनिधिसभा, प्रदेशसभा, निर्वाचन क्षेत्रका समन्वय समितिहरू र गाउँपालिका समितिबिच सम्पर्क र समन्वयको काम गर्ने । मातहतका समिति र निकायहरूलाई आवश्यक सहयोग र निर्देशन दिने ।
2. जिल्लाभित्र अन्य राजनीतिक दलहरूको प्रभावबारे जानकारी लिने र पार्टीप्रति जनआकर्षण बढाउन आवश्यक कार्य गर्ने, गराउने ।
3. जिल्लाभित्रको जनसङ्ख्या, मतदाता सङ्ख्या र बसोबासको अवस्था जानकारी हुने गरी जिल्ला प्रोफइल बनाउने र अद्यावधिक गर्ने । आफूमातहतको सबै निकायलाई आफ्नो क्षेत्रभित्रका प्रोफाइल बनाउन लगाउने ।
4. जिल्ला अधिवेशन, जिल्ला समिति र माथिल्लो तहका निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।
5. पार्टी सदस्यता निरन्तर वितरण गर्ने, गराउने र यसको अभिलेख राखी माथिल्लो समितिमा विवरण पठाउने ।
6. सङ्गठित पार्टी सदस्यता नवीकरण गराई अभिलेख राख्ने ।
7. पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणा-पत्रलगायत पार्टी प्रकाशनहरूको व्यापक प्रचार प्रसार गर्ने गराउने, समय समयमा प्रशिक्षण, गोष्ठी, अभिमुखीकरण र भ्रमण आदिको आयोजना गर्ने ।
8. जिल्ला समितिका कुनै पद रिक्त भएमा पदपूर्ति गर्ने र सोको जानकारी प्रदेश निर्वाचन आयोगलाई गराउने ।
9. मातहतका समितिबाट प्राप्त रायसहित पार्टीको तर्फबाट निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिश गर्ने र आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयमा निर्णय गर्ने ।
10. निर्वाचनको तयारी, सञ्चालन र व्यवस्थापनसम्बन्धी सबै काम गर्ने, गराउने ।
11. जिल्ला स्तरीय जनवर्गीय सङ्गठनहरूको परिचालन, समन्वय गर्ने र आवश्यक निर्देशन दिने ।
12. मातहतका पार्टी समिति र जनवर्गीय सङ्गठनहरूलाई क्रियाशील बनाउने, क्रियाशील हुन नसक्ने पार्टी समितिहरूलाई विघटन वा पुनर्गठन गरी क्रियाशील बनाउने ।
13. पार्टीको तर्फबाट जिल्ला स्तरमा वा पालिका वा वडामा निर्वाचित जनप्रतिनिधि र उम्मेदवारसँग कम्तीमा ३/३ महिनामा एकपटक बैठक गरी छलफल, परामर्श र प्रशिक्षण दिने, निर्देशन दिने र समन्वय गर्ने ।

14. सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्ने, गराउने र सोका लागि आवश्यक कार्य गर्ने गराउने ।
15. जिल्लाभित्रको पार्टी कामको नेतृत्व गर्ने, माथिल्लो समिति र महाधिवेशनको निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गतका राजनीतिक र सङ्गठनात्मक निर्णय गर्ने ।
16. जिल्ला समितिको पदाधिकारीहरू र जिल्ला समिति सदस्यहरू मध्येबाट जिल्ला समितिद्वारा निर्वाचित आठ जना सदस्यसहित १५ (पन्ध्र) सदस्यीय जिल्ला कार्यकारिणी समिति गठन गर्ने ।
17. आवश्यकताबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।
18. आवश्यकताअनुसार जिल्ला सल्लाहकार समिति गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,
19. राष्ट्र र जनताको हितका लागि आवश्यकताअनुसार जनसङ्घर्ष, जनआन्दोलन, जनपरिचालन र अन्य कार्यक्रम गर्ने ।
20. आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, सङ्गठित गर्ने ।
21. पालिका समितिबाट पार्टी सदस्यताको सिफारिश भएकोमा आवश्यक निर्णय गरी अनुमोदन गर्ने सङ्गठित पार्टी सदस्यता प्रदान गर्नका लागि माथिल्लो समितिमा पठाउने ।
22. विधानअनुरूप नियमित बैठकको आयोजना गर्ने र मातहतका समितिहरू, जनवर्गीय सङ्गठनहरूको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।
23. पदाधिकारी र सदस्यहरूको कार्य विभाजन गर्ने, समितिले आवश्यक निर्णय गरी मातहतका समितिहरूलाई अन्तरपार्टी परिपत्र जारी गर्ने । पार्टी प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने, गराउने ।
24. मातहतका समितिलाई लेभी तथा शुल्क तोक्ने, माथिल्लो समितिले तोकेको लेभी तथा शुल्क बुझाउने ।
25. अनुशासन पालना नगर्ने मातहतको पार्टी समितिलाई विधानबमोजिम विघटन गर्ने र त्यस्ता निर्णय माथिल्लो समितिबाट अनुमोदन भएपछि कार्यान्वयन गर्ने । आफ्ना समितिका पदाधिकारी तथा सदस्यहरूलाई अनुशासनको कारवाही गर्ने, मातहतका समितिका सदस्यहरूमध्ये अनुशासनको कारवाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि निर्णय दिने ।
26. पार्टीको विधान, नियमावली तथा निर्देशिकामा जिल्ला समितिले गर्ने भनिएको कार्य गर्ने ।

## धारा - ६५ जिल्ला कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार

जिल्ला कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् ।

1. जिल्ला समितिको बैठक बस्न नसकेको अवस्थामा जिल्ला समितिको अधिकार प्रयोग गरी आवश्यक निर्णयहरू गरी कार्यान्वयन गर्ने गराउने ।
2. समसामयिक विषयमा पार्टीको धारणा सार्वजनिक गर्ने ।
3. जिल्ला समिति र माथिल्लो समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।
4. दैनिक कार्य सञ्चालन गर्ने र निर्णयहरूको कार्यान्वयनको अनुगमन गर्ने ।
5. पार्टीका जिल्ला स्तरीय कामहरू, विभागहरू र संयन्त्र तथा कार्यदलहरूको निर्माण गर्ने सन्दर्भमा आवश्यक गृहकार्य गर्ने ।
6. जिल्ला समितिद्वारा तोकिएका अन्य कार्यहरू गर्ने ।

## धारा - ६६ जिल्ला समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार

जिल्ला समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. **अध्यक्ष**

जिल्ला अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

(क) आफ्नो कार्य क्षेत्रको पार्टी प्रमुख नेताको हैसियतमा नेतृत्व गर्ने । जिल्ला समितिको बैठक बोलाउन निर्देशन दिने ।
(ख) माथिल्लो समिति, जिल्ला अधिवेशन र जिल्ला समितिका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने ।
(ग) जिल्ला समिति, जिल्ला कार्यकारिणी समिति, जिल्ला सचिवालयको बैठकको अध्यक्षता गर्ने,
(घ) जिल्ला समिति र जिल्ला अधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।
(ङ) आय-व्ययको लेखा राख्न लगाउने ।
(च) जिल्ला समिति, राष्ट्रिय समिति, प्रदेश समिति र केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

2. **उपाध्यक्ष**

जिल्ला उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) अध्यक्षको काममा सहयोग गर्ने ।
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।
(ग) जिल्ला समिति, जिल्ला कार्यकारिणी समिति र जिल्ला सिचिवालयले अन्य कार्यहरू गर्ने ।

3. **सचिवको काम, कर्तव्य र अधिकार**

जिल्ला सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) केन्द्रीय समिति, राष्ट्रिय समिति र जिल्ला अधिवेशनको निर्णयहरू कार्यान्वयन गर्न कार्ययोजना तयार पार्ने र जिल्ला समितिसमक्ष प्रस्तुत गर्ने ।
(ख) जिल्ला समितिको कार्यालय सञ्चालन गर्ने ।
(ग) जिल्ला समितिको कार्यक्षेत्रभित्रको सङ्गठनात्मक कार्यको अनुगमन गर्ने, सङ्गठनात्मक अभिलेख राख्ने,
(घ) अध्यक्षको परामर्शमा जिल्ला समिति/जिल्ला कार्यकारिणी समिति बैठकको कार्यसूची तयार गर्ने र बोलाउने ।
(ङ) जिल्ला अधिवेशन र जिल्ला समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेस गर्ने ।
(च) आफ्नो समितिको बैठक सञ्चालन गर्ने ।
(छ) जिल्ला समिति/जिल्ला कार्यकारिणी समिति र जिल्ला सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

4. **उपसचिव**

जिल्ला उपसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) सचिवको काममा आवश्यक सहयोग गर्ने ।
(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्यहरू गर्ने ।
(ग) जिल्ला समिति/जिल्ला कार्यकारिणी समिति र जिल्ला सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

5. **कोषाध्यक्ष**

जिल्ला कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) जिल्ला कोषको संरक्षण र सम्वर्द्धन गर्ने ।
(ख) आय-व्ययको अभिलेख राख्ने ।
(ग) जिल्ला कोषको निर्माण तथा व्यवस्थापनको योजना बनाउने । अनुमोदनका लागि जिल्ला समितिसमक्ष प्रस्तुत गर्ने ।
(घ) पार्टी कोषको सञ्चालन गर्ने ।
(ङ) जिल्ला समितिले तोकेबमोजिमको बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने ।
(च) नियमानुसार लेखा परिक्षण गराउने ।
(छ) जिल्ला समिति/जिल्ला कार्यकारिणी समिति र जिल्ला सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

6. **सदस्य**

जिल्ला सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) जिल्ल्ला समिति, जिल्ला कार्यकारिणी समिति र सचिवालयले तोकेका कार्यहरू गर्ने ।

(ख) आफ्नो जिम्मेवारीको कार्यक्षेत्रमा आफ्नो समिकिो प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

(ग) आफ्नो कार्य क्षेत्रमा आफ्नो समिति तथा माथिल्लो समितिको निर्णय तथा निर्देशनअनुरूप पार्टीकाम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकताबद्ध बनाउने ।

## धारा - ६७ निर्वाचन क्षेत्र समन्वय समिति

1. जिल्ला समितिले सम्बन्धित निर्वाचन क्षेत्रबाट जिल्ला समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरू, पालिका समितिका पदाधिकारीहरू र पालिकाअन्तर्गतका वडा समितिका अध्यक्षहरू रहेको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समिति गठन गर्न सक्ने छ । वडा अध्यक्ष र सोभन्दा माथिल्लो जिम्मेवारीमा रहेका जनप्रतिनिधिहरू निर्वाचन क्षेत्र समन्वय समितिका स्थायी आमन्त्रित हुने छन् । जिल्ला समितिले बढीमा पाँच जना सम्म सदस्यहरू मनोनित गर्न सक्ने छ । एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेको जिल्लामा प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समिति रहने छैन ।
2. प्रतिनिधि सभा र प्रदेश सभाका छुट्टा-छुट्टै निर्वाचन क्षेत्र समन्वय समिति हुने छन् । निर्वाचन क्षेत्र समन्वय समितिका संयोजक, सहसंयोजक र सचिव जिल्ला समितिले निर्णय गरेबमोजिम हुने छ ।
3. निर्वाचन क्षेत्र समन्वय समितिको कार्यकाल सामान्यतया चार वर्षको हुने छ ।
4. निर्वाचन क्षेत्र समन्वय समितिका अधिकार तथा कर्तव्य देहायबमोजिम हुने छन् ।

(क) पार्टीको नीति तथा माथिल्लो समितिको निर्देशनअनुरूप प्रतिनिधि सभा/प्रदेश सभा निर्वाचन क्षेत्रको पार्टीको काम संयोजन गर्ने ।

(ख) प्रतिनिधि सभा/प्रदेश सभा सदस्यको निर्वाचनमा संयोजन र जनपरिचालन गर्ने ।

(ग) नियमित बैठक बसी कामको योजना बनाउने र कार्यान्वयन गर्ने ।

(घ) आफ्नो क्षेत्रको समग्र विकास र आर्थिक, सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने ।

(ङ) समितिका सदस्यहरूको क्षमता वृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने ।

(च) जिल्ला समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

(छ) प्रतिनिधि सभा/प्रदेश सभा क्षेत्रीय समन्वय समितिको बैठक कम्तीमा प्रत्येक महिनामा एकपटक बस्ने ।

(ज) आफ्नो निर्वाचन क्षेत्रभित्र पर्ने मातहतका वडा, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकामा पार्टी सदस्यता वितरण, जनवर्गीय सङ्गठनहरूको निर्माणलगायतका कामहरूमा सहयोग गर्ने ।

(झ) प्रतिनिधि सभा/प्रदेश सभा क्षेत्रीय समन्वय समितिले प्रतिनिधि सभा/प्रदेश सभा सदस्य र अन्य सबै तहको निर्वाचनको तयारी, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आवश्यक काम गर्ने ।

(ञ) मातहतका निकाय र जिल्लासँग सम्पर्क र समन्वय गरी सङ्गठनको विस्तार र सुदृढीकरणका लागि सक्रिय रहने ।

(ट) तोकिएबमोजिमका बाहेक आवश्यकताअनुसार विभिन्न समिति/उपसमिति गठन गर्ने, परिचालन गर्ने, अनुगमन र मुल्याङ्कन गर्ने ।

(ठ) प्रत्येक वर्ष आफ्नो कार्यको प्रतिवेदन जिल्ला समितिमा पठाउने ।

## धारा - ६८ पालिकाको अधिवेशन

1. पालिका समितिले सामान्यतया हरेक तीन वर्षमा आफ्नो तहको अधिवेशन आयोजना गर्ने छ ।
2. पालिका अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुने छन् :

(क) पालिका समितिले सङ्गठित पार्टी सदस्य सङ्ख्याको अनुपातमा प्रत्येक वडाहरूबाट निर्वाचित प्रतिनिधिहरू ।

(ख) पालिका समिति र सल्लाहकार समितिका सदस्यहरू ।

(ग) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी पालिका समितिद्वारा सङ्गठित पार्टी सदस्यहरूबाट समानुपातिक समावेशीको प्रयोजनार्थ मनोनित प्रतिनिधिहरू ।

3. सम्बन्धित समितिले निर्णय गरेका पार्टी सदस्यहरू पर्यवेक्षक हुने छन् ।

## धारा - ६९ पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार

पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. अधिवेशन सञ्चालन गर्न ५ सदस्यीय अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने ।
2. पालिका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनहरूमाथि छलफल गरी पारित गर्ने ।
3. पालिका समितिको लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
4. पालिका समितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने ।

## धारा - ७० पालिका समिति

1. पालिका समिति दुई अधिवेशनबिचको अवधिमा आफ्नो कार्यक्षेत्रमा पार्टीको प्रमुख कार्यकारी संस्था हुने छ ।
2. पालिका अधिवेशनले अध्यक्ष -१, उपाध्यक्ष-२, सचिव - १, उपसचिव -२, कोषाध्यक्ष - १ समेत गरी गाउँपालिका र नगरपालिका समितिको सदस्य सङ्ख्या ७१ जना सम्म, उपमहानगरपालिका समितिको अधिकतम् सदस्य सङ्ख्या ९१ जनासम्म, महानगरपालिका समितिको सदस्य सङ्ख्या १०५ जना सम्म हुने छ । पालिकामातहतका वडा समितिका अध्यक्षहरू पालिका समितिका पदेन सदस्य हुने छन् ।
3. पालिका समितिमा कम्तीमा एक तिहाई महिलासहित पालिकाको विविधता झल्कने गरी समावेशीकरण हुने छ ।
4. अधिवेशनबाट नयाँ समिति निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो समिति स्वतः विघटन हुने छ ।

## धारा - ७१ पालिका समितिको काम, कर्तव्य र अधिकार

पालिका समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।

1. पालिका समितिका पदाधिकारीहरू र पालिका समिति सदस्यहरू मध्येबाट पालिका समितिद्वारा निर्वाचित १४ जना सदस्यसहित २१ जनासम्म सदस्यहरू रहने गरी पालिका कार्यकारिणी समिति गठन गर्ने ।
2. पालिकाभित्रको पार्टीको कामको नेतृत्व गर्ने । राष्ट्रिय महाधिवेशन र माथिल्लो समितिका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गतका राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने । आफ्नो समितिको निर्णय र माथिल्लो समितिका निर्देशन कार्यान्वयन गर्ने, गराउने ।
3. पार्टी सदस्यता निरन्तर वितरण गर्ने, गराउने र यसको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने ।
4. सङ्गठित पार्टी सदस्यको सदस्यता नवीकरण गर्नका लागि वडा समितिको समेत रायसहित माथिल्लो निकायमा सिफरिश गर्ने ।
5. पालिकाअन्तर्गतका वडा समितिलाई परिचालन र समन्वय गरी आवश्यक निर्देशन दिने ।
6. पालिका क्षेत्रभित्रका मतदाताको विवराण राख्ने, अद्यावधिक गर्ने, मतदाता नामावलीमा थपघट गर्नुपर्ने कार्य गर्ने, गराउने ।

7. निर्वाचनको समयमा निर्वाचन तथा मतदातासँग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने, गराउने र वडा समिति समेतको रायको आधारमा निर्वाचनको समग्र मूल्याङ्कन र समीक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।
8. पालिकाभित्रका विकास  निर्माणका योजना छनौट गरी पालिका र नगरपालिकामा सिफारिश गर्ने,
9. पालिका अधिवेशन, पालिका समिति र माथिल्लो निकायका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,
10. कम्तीमा प्रत्येक ६/६ महिनामा पालिका क्षेत्रभित्रका सङ्गठित पार्टी सदस्यहरूको भेला र अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।
11. पालिका स्तरका जनवर्गीय सङ्गठनहरूलाई परिचालन, समन्वय गरी आवश्यक निर्देशन दिने ।
12. समय समयमा पालिका स्तरीय पार्टी कार्यकर्ता प्रशिक्षण, गोष्ठी, भ्रमण आदि कार्यक्रमको सञ्चालन गर्ने, गराउने ।
13. सार्वजनिक सम्पत्ति, धार्मिक, साँस्कृतिक एवम् ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहने ।
14. पालिकाभित्रका नगरपालिका आवश्यकता र समस्याको पहिचान गरी तिनको समाधान गर्न क्रियाशील रहने ।
15. पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूसँग समन्वय गर्ने र पार्टीको तर्फबाट पालिकामा निर्वाचित स्थानीय जनप्रतिनिधि, पार्टीका उम्मेदवार र पालिका समितिबिच प्रत्येक महिनामा कम्तीमा एकपटक बैठक बसी छलफल, परामर्श  र आवश्यक निर्णय गर्ने ।
16. सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने गराउने ।
17. आवश्यकताअनुसार विभिन्न समिति/उपसमिति गठन गर्ने ।
18. वडा समितिहरूबाट प्राप्त रायसहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिश र निर्णय गर्ने ।
19. पार्टीको हितमा तोकिएबमोजिमका अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।
20. आवश्यकताअनुसार विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।
21. पालिका समितिले आवश्यकताअनुसार २५ जना सम्मको सल्लाहकार समिति गठन गर्ने ।
22. पालिका समितिका पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्ने ।
23. पार्टीको विधान, नियमावली तथा विनियममा उल्लेख भएबमोजिम आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने, एक तह मातहतका समितिलाई लेभी तथा शुल्क तोक्ने र माथिल्लो समितिले तोकेको शुल्क, लेभी बुझाउने ।
24. अनुशासन पालना नगर्ने मातहतको समितिलाई विधानबमोजिम विघटन वा पुर्नगठन गर्ने र त्यस्तो निर्णय जिल्ला समितिबाट अनुमोदन भएपछि कार्यान्वयन गर्ने । आफ्नो समितिका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारवाही गर्ने, मातहतका समितिबाट अनुशासनको कार्वाहीमा परेका व्यक्ति तथा समितिको उजुरी माथि निर्णय दिने ।
25. पार्टीको विधान, नियमावली, निर्देशिका वा परिपत्रमा पालिकाले गर्ने भनिएको कार्य गर्ने ।

**धारा - ७२ पालिका कार्यकारिणी समिति**

पालिका कार्यकारिणी समिकिो काम, कर्तव्य र अधिकार देहायबमोजिम रहने छ ।

1. पालिका समितिको बैठक नबसेको समयमा पालिकाको अधिकार प्रयोग गर्ने छ । आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने, गराउने छ ।
2. मातहतका समितिहरूलाई नेतृत्व प्रदान गर्ने ।
3. माथिल्लो समितिले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्ने ।
4. पार्टीको दैनिक कार्य सञ्चालन गर्ने र निर्णयहरूको कार्यान्वयनको अनुगमन गर्ने ।

5. पार्टीको कामहरू, विभागहरू र संयन्त्रहरू तथा कार्यदल निर्माण गर्ने सन्दर्भमा आवश्यक गृहकार्य गर्ने ।
6. पालिका समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## धारा - ७३ पालिका समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार

पालिका समितिका पदाधिकारी र सदस्यहरूको अधिकर र कर्तव्य देहायबमोजिम हुने छन् ।

1. **अध्यक्षको काम, कर्तव्य र अधिकार**
   (क) पालिका क्षेत्रभित्र पार्टीको नेतृत्व गर्ने, पालिका अधिवेशन, पालिका समिति, कार्यकारिणी समिति र सचिवालयको बैठकको अध्यक्षता गर्ने ।
   (ख) माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, पालिका अधिवेशन र पालिका समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।
   (ग) पालिका समितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकताअनुसार कार्यविभाजन हेरफेर गर्ने ।
   (घ) पालिका समिति र पालिका अधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।
   (ङ) अध्यक्ष आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएको अवस्थामा आवश्यकताअनुसार उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
   (च) जिल्ला समिति, राष्ट्रिय समिति र केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
2. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार**
   (क) अध्यक्षको कामममा आवश्यक सहयोग गर्ने ।
   (ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।
   (ग) पालिका समिति र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
3. **सचिवको काम, कर्तव्य र अधिकार**
   (क) माथिल्लो समिति, पालिका अधिवेशनको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार पार्ने र आफ्नो समितिसमक्ष प्रस्तुत गर्ने ।
   (ख) आफ्नो समितिको कार्यालय सञ्चालन गर्ने ।
   (ग) पालिका कार्य क्षेत्रभित्रको सङ्गठनात्मक कामको अनुगमन गर्ने, सङ्गठनात्मक अभिलेख राख्ने ।
   (घ) अध्यक्षको परामर्शमा पालिका समितिको बैठकको कार्यसूची तयार गर्ने, बैठक बोलाउने र सञ्चालन गर्ने ।
   (ङ) पालिकाको अधिवेशन र पालिका समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेस गर्ने ।
   (च) पालिका समिति र पालिका कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
4. **उपसचिवको काम, कर्तव्य र अधिकार**
   (क) सचिवको काममा आवश्यक सहयोग गर्ने ।
   (ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्यहरू गर्ने ।
   (ग) पालिका समिति र पालिका कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
5. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**
   (क) पालिकाको कोषको संरक्षण र सम्बर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने ।
   (ख) कोषको निर्माण तथा व्यवस्थापन गर्ने ।
   (ग) पार्टी कोषको सञ्चालन गर्ने ।
   (घ) पालिका समितिको निर्णयबमोजिम बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने ।
   (ङ) नियमानुसार लेखापरीक्षण गराउने ।
   (च) माथिल्लो समिति र पालिका समितिले तोकेको अन्य कार्यहरू गर्ने ।
6. **सदस्यको काम, कर्तव्य र अधिकार**
   (क) पालिका समिति, कार्यकारिणी समिति र सचिवालयले तोकेका कार्यहरू गर्ने ।

(ख) आफनो जिम्मेवारीका कार्यक्षेत्रमा पालिका समितिको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।
(ग) आफनो कार्य क्षेत्रमा पालिका समिति तथा माथिल्लो समितिको निर्णय तथा निर्देशनअनुरूप पार्टी काम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकताबद्ध बनाउने ।

## धारा - ७४ वडा अधिवेशन

1. वडा समितिले समान्यतया हरेक तीन वर्षमा वडा अधिवेशनको आयोजना गर्ने छ ।
2. वडा अधिवेशनमा देहायबमोजिमका प्रतिनिधि हुने छन् :
   (क) वडा समिति र वडा सल्लाहकार समितिका पदाधिकारी तथा सदस्यहरू
   (ख) वडा समितिले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू
   (ग) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी वडा समितिबाट मनोनित प्रतिनिधिहरू,
   (घ) १०० जनाभन्दा कम पार्टी सदस्यहरू रहेका वडामा सबै प्रतिनिधि हुने छन् ।

## धारा - ७५ वडा अधिवेशनको काम, कर्तव्य र अधिकार

वडा अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

1. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने ।
2. वडा समितिको तर्फबाट प्रस्तुत राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रतिवेदन र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
3. वडा समितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने ।

## धारा - ७६ वडा समिति

1. वडा समिति दुई अधिवेशनबिचको अवधिमा सम्बन्धित वडाको मुख्य कार्यकारी संस्था हुने छ । वडा समिति वडा अधिवेशन र माथिल्ला समितिहरू प्रति उत्तरदायी हुने छन् ।
2. वडा अधिवेशनले अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, उपसचिव २, कोषाध्यक्ष १ र उपधारा (३)मा उल्लेखित अधिकत्म सङ्ख्यामा नबढ्ने गरी सदस्यहरू रहेको वडा समिति निर्वाचन गर्ने छ । वडा समिति मातहतका टोल समितिका अध्यक्षहरू वडा समितिका पदेन सदस्य हुने छन् ।
3. गाउँपालिका र नगरपालिका वडा समितिको अधिकतम सदस्य सङ्ख्या २१ जनासम्म, उपमहानगरका वडा समितिको अधिकतम सदस्य सङ्ख्या ३१ जनासम्म र महानगरपालिका वडा समितिको अधिकतम सदस्य सङ्ख्या ४१ जनासम्म हुने छ ।
4. वडा समितिमा पार्टी सदस्य सकभर समावेशी आधारमा चयन गरिने छ ।
5. वडा अधिवेशनबाट नयाँ वडा समिति निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो समिति स्वतः विघटन हुने छ ।

## धारा - ७७ वडा समितिको काम, कर्तव्य र अधिकार

वडा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

1. वडाभित्रको पार्टीको कामको नेतृत्व गर्ने । महाधिवेशन र माथिल्लो समितिको निर्णयको प्रतिकूल नहुने गरी आफनो कार्यक्षेत्रअन्तर्गतका राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गरी कार्यान्वयन गर्ने गराउने । वडा समिति र माथिल्लो समितिका निर्णय र निर्देशन कार्यान्वयन गर्ने गराउने ।
2. वडा समितिको कार्यकारिणी र सल्लाहकार समितिको सङ्ख्या आवश्यकताअनुसार आफै तोकी गठन गर्ने ।
3. पार्टीको सदस्यता निरन्तर वितरण गर्ने, गराउने र यसको अभिलेख राखी पालिका समितिमा पठाउने ।

4. विधानबमोजिम योग्यता पुगेका पार्टीको सदस्यको सदस्यता नवीकरण गर्नका लागि टोल समिति समेतको रायको आधारमा नवीकरण गर्ने ।
5. पार्टीका सङ्गठित पार्टी सदस्यता प्रदान गर्न र सङ्गठित पार्टी सदस्यता नवीकरण गर्नका लागि माथिल्लो निकायमा सिफारिश गर्ने ।
6. वडा क्षेत्रभित्र पार्टीको प्रचार-प्रसार गर्ने ।
7. वडा क्षेत्रभित्रका टोल समितिहरूका बिच समन्वय कायम गर्ने ।
8. सबै तहका निर्वाचनमा टोल समितिसँग समन्वय गरी मतदान स्थलमा पार्टीका तर्फबाट आवश्यक व्यवस्थापन गर्ने ।
9. आवश्यकताअनुसार प्रशिक्षण, सभा, गोष्ठीको आयोजना गर्ने ।
10. कम्तीमा ३/३ महिनामा वडाभित्रका पार्टी सदस्यहरूको भेला र अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।
11. सबै तहका निर्वाचनको समयमा टोल समिति समेतको सहभागीतामा पार्टीको प्रचार-प्रसार, निर्वाचन तथा मतदानसँग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने र निर्वाचनको समग्र मूल्याङ्कन र समीक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।
12. वडाभित्रका विकास निर्माण कार्यको अनुगमन, मुल्याङकन गर्ने र विकास निर्माणका काम सम्पन्न गर्नका लागि पार्टीका तर्फबाट आवश्यक पहल गर्ने ।
13. पार्टीको तर्फबाट वडामा निर्वाचित स्थानीय जनप्रतिनिधि र पार्टीको वडा समितिका बिच कम्तीमा दुई महिनामा एकपटक अनिवार्यरूपमा बैठकको आयोजना गर्ने ।
14. सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत पार्टीका गतिविधिको व्यापक प्रचारप्रसार गर्न आवश्यक कार्य गर्ने गराउने ।
15. मातहत निकायबाट प्राप्त रायसहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिश र निर्णय गर्ने ।
16. आवश्यकताअनुसार विभिन्न समिति, उपसमिति र कार्यदल गठन गर्ने ।
17. वडा स्तरीय जनवर्गीय सङ्गठनको गठन, परिचालन र समन्वय गर्ने ।
18. पार्टीको हितमा अन्य आवश्यक कार्य गर्ने गराउने ।

## धारा - ७८ वडा समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार

1. पालिका वडामा पार्टीको नेतृत्व गर्ने । वडा समिति, वडा अधिवेशनको अध्यक्षता गर्ने ।
2. पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, पालिका वडा अधिवेशन, वडा समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।
3. वडा समितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकताअनुसार कार्यविभाजन हेरफेर गर्ने ।
4. पालिका समितिको बैठक बोलाउने ।
5. वडा समिति अध्यक्ष आफू -आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएको अवस्थामा वा आवश्यकताअनुसार उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
6. अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने ।

## धारा - ७९ वडा समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

पालिकाका वडा समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार आफ्नो कार्यक्षेत्रभित्र समिति रहनेगरी पालिका समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षकोसरह नै रहने छ ।

## धारा - ८० टोल समिति

1. टोल अधिवेशन सामान्यतया प्रत्येक दुई वर्षमा हुने छ । टोल समितिका कार्यक्षेत्रका सम्पूर्ण सदस्यहरू टोल अधिवेशन का प्रतिनिधि हुने छन् ।

2. टोल अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।
   (क) अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने ।
   (ख) टोल समितिको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक, आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
   (ग) अध्यक्ष - १, उपाध्यक्ष - १, सचिव - १, उपसचिव -२, कोषाध्यक्ष - १ र सदस्यहरू समेत बढीमा २१ सदस्यीय टोल समितिको निर्णय गर्ने छ ।

## धारा - ८१ टोल समितिको काम, कर्तव्य र अधिकार

टोल समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

1. आफ्नो क्षेत्रभित्रका सदस्यहरूको विवरण राख्ने, मतदाताहरूको विवरण राख्ने, अद्यावधिक गर्ने, मतदाता नामावलीमा नाम थपघट गर्ने ।
2. सबै तहका निर्वाचनको समयमा पार्टीको प्रचार-प्रसार, निर्वाचन तथा मतदानसँग सम्बन्धित कार्य गर्ने र निर्वाचनका समग्र मूल्याङ्कन । समीक्षा गर्ने तथा माथिल्लो निकायमा विवरण पठाउने ।
3. आफ्नो क्षेत्रका जनतासम्म निरन्तर सम्पर्क र सम्वाद गर्ने तथा आवश्यकताअनुसार सहयोग पुऱ्याउने ।
4. समय समयमा नागरिकहितसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने ।
5. पार्टी हितमा अन्य कार्य गर्ने, गराउने ।
6. माथिल्लो समितिको निर्णय, निर्देशन र पार्टीको नीति प्रतिकूल नहुनेगरी आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने ।
7. राष्ट्र र जनताको हित रक्षाका लागि सङ्घर्ष, आन्दोलन र जनपरिचालनलगायत अन्य कार्यक्रम सञ्चालन गर्ने ।
8. आफ्नो टोलभित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने ।
9. अनुशासनको पालना नगर्ने सदस्यलाई कारवाही गर्ने ।
10. पार्टी विधान, नियमावली, विनियम तथा निर्देशिकामा टोल समितिले गर्ने भनिएको कार्य गर्ने ।

## धारा - ८२ टोल समितिका अध्यक्ष र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

1. टोल समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
   (क) टोलमा पार्टीको नेतृत्व गर्ने ।
   (ख) माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, टोल समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।
   (ग) टोल समितिको बैठक बोलाउने ।
   (घ) टोल समितिका पदाधिकारीहरूको कार्यविभाजन गर्ने र आवश्यकताअनुसार कार्यविभाजन हेरफेर गर्ने ।
   (ङ) टोल समितिका अध्यक्ष आफू आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएको अवस्थामा वा आवश्यकताअनुसार उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
   (च) पदाधिकारीहरूको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने ।
2. टोल समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार टोलभित्रको क्षेत्राधिकारमा सिमित रहने गरी वडा समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षसरह रहने छ ।

## धारा- ८३ बुथ समितिको गठन तथा काम, कर्तव्य र अधिकार

1. निर्वाचनसम्बन्धी कामको व्यवस्थापन गर्न पालिका समितिले निर्वाचनका प्रत्येक बुथमा पर्ने टोल, वडा वा पालिका समितिहरूबाट प्रतिनिधित्व हुने गरी प्रत्येक बुथका लागि छुट्टा-छुट्टै बुथ समिति गठन गरी उनीहरूको काम कर्तव्य र अधिकार तोक्ने छ ।

2. बुथ समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
   (क) प्रत्येक बुथ समितिले पालिका समितिले तोकेको जिम्मेवारी र बुथ समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।
   (ख) बुथ समितिले आफ्ना बुथमा पर्ने सम्पूर्ण मतदाताहरूको तथ्याङ्क सङ्कलन गर्ने, निर्वाचनको समयमा आफ्नो पार्टी र पार्टी उम्मेदवारको पक्षमा मतदान गराउन पहल गर्ने ।
   (ग) बुथ समिति गठन गरेपछि सोको जानकारी पालिका समितिले जिल्ला समितिमा पठाउने ।
   (घ) तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

परिच्छेद- १२

## निर्वाचन, मनोनयन, पदरिक्तता र पदपूर्ति

### धारा - ८४ निर्वाचन विधि

1. समन्वय समिति र तदर्थ समितिबाहेक पार्टीका सबै तहका समितिहरू महाधिवशेन वा अधिवेशनबाट निर्वाचित हुने छन् ।
2. लोकतान्त्रिक विधिअनुरूप राष्ट्रिय महाधिवेशन वा अधिवेशनबाट पार्टीका विभिन्न समिति वा निकायका पदाधिकारीहरू निर्वाचित हुने छन् ।
3. निर्वाचनसम्बन्धी व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावलीबमोजिम हुने छ, प्रदेश निर्वाचन आयोगले पनि यसै नियमावलीअनुरूप कार्य गर्ने छ ।
4. सबै तहका पार्टी समिति, महाधिवेशन वा अधिवेशन प्रतिनिधिहरूको निर्वाचनका लागि आमरूपमा भूगोल, खुला र समावेशी गरी तीन क्षेत्र तोकिने छन् ।
5. सबै तहका निर्वाचित पार्टी समितिहरू, प्रादेशिक र स्थानीय विषेशताअनुरूप जातीय/समुदायिक रूपले समावेशी चरित्रको रहनेछन् र युवा तथा दलितको सहभागीतामा उचित ध्यान दिनुपर्ने छ ।
6. महिला प्रतिनिधित्वको स्वरूप पनि भूगोल र जातीय/सामुदायिकरूपले समावेशी चरित्रको हुनुपर्ने छ । न्यूनतम् योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरूको स्थान खाली रहने छ ।
7. पार्टी समितिहरूमा प्रादेशिक र स्थानीय विशेषताअनुरूप मधेसी, आदिवासी जनजाति, खस, दलित, मुस्लिम, अल्पसङ्ख्यक समुदाय, पिछडावर्ग, थारू आदिको यथासम्भव प्रतिनिधित्व हुने छ ।
8. राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय समिति तथा आयोगका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्न महाधिवेशन हलबाट निर्वाचन समितिको चयन गरिने छ ।
9. प्रदेश/राष्ट्रिय समिति, प्रदेश आयोगका पदाधिकारी एवम् सदस्यहरू र जनवर्गीय सङ्गठनका केन्द्रीय पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले गराउने छ ।
10. पार्टीका जिल्ला तथा पालिका समितिका पदाधिकारी एवम् सदस्यहरू, पार्टी सम्बद्ध जनवर्गीय सङ्गठनका प्रदेश तथा जिल्ला पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन प्रदेश निर्वाचन आयोगले गर्ने छ ।
11. पार्टी सम्पूर्ण निर्वाचन, लोकतान्त्रिक प्रणाली, विधि, प्रक्रिया, मूल्य र मान्यताअनुरूप गरिने छ ।

### धारा - ८५ उम्मेदवार हुन आवश्यक योग्यता

राष्ट्रिय महाधिवेशन र अधिवेशन वा कुनै पनि पार्टी समितिको पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुन देहायबमोजिमको न्यूनतम योग्यता पूरा भएको हुनुपर्ने छ ।

1. राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिनका लागि कम्तीमा १० वर्ष सङ्गठित पार्टी सदस्य भएर काम गरेको हुनुपर्ने छ । तर, जातीय/सामुदायिक समावेशी र महिलाको हकमा ७ वर्ष सङ्गठित पार्टी सदस्य भई काम गरेको भए योग्य ठहरिने छ ।
2. केन्द्रीय समितिको पदाधिकारीका लागि उम्मेदवार हुन केन्द्रीय समितिको सदस्य वा प्रदेश/राष्ट्रिय समितिको अध्यक्ष भई कम्तीमा पाँच वर्ष काम गरेको हुनुपर्ने छ ।
3. केन्द्रीय समितिको सदस्यको उम्मेदवार हुनका लागि सङ्गठित पार्टी सदस्य भई कम्तीमा १० वर्ष पार्टी सदस्य भएर केन्द्रीय समिति वा केन्द्रीय निकाय वा प्रदेश/राष्ट्रिय समितिको सदस्य वा केन्द्रीय विभागको सदस्य वा जिल्ला समितिको पदाधिकारी वा जनवर्गीय सङ्गठनको केन्द्रीय पदाधिकारी भई एक कार्यकाल वा लगातार पाँच वर्ष सम्म काम गरेको हुनुपर्ने छ ।
4. महिला, दलित, श्रमिक, मधेसी, आदिवासी जनजाति, थारू, मुस्लीम र अपाङ्गता भएका व्यक्तिको हकमा भने लगातार पाँच वर्ष वा एक कार्यकाल जिल्ला समिति वा प्रदेश/राष्ट्रिय समिति वा जनवर्गीय सङ्गठनका केन्द्रीय समितिका पदाधिकारी भई काम गरेको भए पुग्ने छ ।
5. केन्द्रीय अनुशासन आयोगको पदाधिकारी र सदस्य हुन केन्द्रीय समितिको सदस्यको योग्यता पुगेको र अनुशासनको कारवाहीमा नपरेको हुनुपर्ने छ ।
6. केन्द्रीय समितिको सदस्यको योग्यता पुगेको र आर्थिक प्रशासन तथा लेखा परीक्षणका विषयमा व्यवहारिक ज्ञान भएको व्यक्ति केन्द्रीय लेखा परिक्षण आयोगका पदाधिकारी र सदस्यका लागि योग्य हुने छ ।
7. निर्वाचनसम्बन्धी कानूनी तथा व्यवहारिक ज्ञान भएको केन्द्रीय समिति सदस्यको योग्यता पुगेको व्यक्ति केन्द्रीय निर्वाचन आयोगको पदाधिकारी एवम् सदस्यका लागि योग्य हुने छ ।
8. प्रदेश/राष्ट्रिय समितिको सदस्य हुन कम्तीमा पाँच वर्ष सङ्गठित पार्टी सदस्य भई काम गरेको र जिल्ला वा सोभन्दा माथिल्लो समिति वा प्रादेशिक विभागको सदस्य वा जनवर्गीय सङ्गठनको प्रदेश पदाधिकारी भई काम गरेको हुनुपर्ने छ । महिला र दलितको हकमा सङ्गठित पार्टी सदस्य भई कुनै पनि पार्टी सङ्गठन र जिल्ला समिति वा प्रदेश वा सोभन्दा माथिल्लो विभाग वा जनवर्गीय सङ्गठनमा कम्तीमा पाँच वर्ष काम गरेको हुनुपर्ने छ ।
9. केन्द्रीय विभागको सदस्य हुन कम्तीमा जिल्ला समितिमा एक कार्यकाल काम गरेको वा प्रदेश सदस्यको योग्यता पुगेको वा सम्बन्धित विषयको विज्ञ हुनुपर्ने छ ।
10. जिल्ला समिति र जिल्ला समितिका मातहतका समिति, निकाय वा विभागको पदाधिकारी तथा सदस्य पदका लागि उम्मेदवार हुन जिल्ला अधिवेशन वा जिल्ला समितिले तोकेबमोजिमको योग्यता हुनुपर्ने छ ।
11. पार्टीको पदाधिकारी वा सदस्य पदमा निर्वाचनका लागि उम्मेदवारी दिंदा वा निर्वाचित भएपछि निर्वाचित व्यक्तिको योग्यता पुरा भएको छैन भनी उजुरी वा निवेदन परेमा सम्बन्धित समितिले छानबिन गर्दा न्यूनतम् योग्यता पुरा नभएको ठहरिएमा निज पदबाट मुक्त हुने छ ।
12. अन्य पार्टी परित्याग गरी पार्टीमा प्रवेश गरेका व्यक्तिको हकमा पहिलो पटकका लागि महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुन कुनै पनि समिति र निकायको पदका लागि पार्टी सदस्यताको अवधिसम्बन्धी बाध्यात्मक व्यवस्था लागु हुने छैन ।

### धारा - ८६ एउटै पदमा लगातार दुई कार्यकाल उम्मेदवार हुन नपाउने

पार्टीको निर्वाचित जिल्ला समिति, प्रदेश/राष्ट्रिय समिति र केन्द्रीय समितिको पदाधिकारीको हैसियतमा कार्यरत एउटै व्यक्ति, एउटै तह र एउटै पदमा लगातार दुई कार्यकाल वा १० वर्षभन्दा बढी कार्य पूरा गरी सकेको भए सोही पदका लागि पुनः उम्मेदवार हुन पाउने छैन ।

## धारा - ८७ मनोनयनसम्बन्धी व्यवस्था

1. निर्वाचित केन्द्रीय समिति, प्रदेश समिति, राष्ट्रिय समिति र जिल्ला समितिहरूले आफ्नो समितिका निर्वाचित सदस्यहरूको कूल सङ्ख्याको १५ प्रतिशतभन्दा बढी नहुने गरी अध्यक्षको प्रस्तावमा समितिले मनोनयन गर्न सक्ने छन् ।
2. केन्द्रीय समितिले समान राजनीतिक सिद्धान्त र विचारधारा भएका दल वा पार्टीसँग एकता र एकीकरण प्रक्रियालाई अगाडि बढाउन सक्ने छ र दलहरूबिच एकीकरणसम्बन्धी सम्झौतामा लेखिएको व्यहोराअनुरूप हुने छ । यस्ता सम्झौतालाई विधानअनुरूप मानिने छ ।
3. अन्य राजनीतिक दल वा समूहबाट पार्टीमा प्रवेश गर्ने वा समाहित हुन आउने व्यक्तिलाई पार्टीको कुनै तहको समितिमा मनोनयन गर्न सक्ने छ । तर यस्तो सङ्ख्या कार्यकाल अवधिभरमा आफ्नो समितिको सङ्ख्याको १५ प्रतिशतभन्दा बढी हुने छैन ।

## धारा - ८८ शपथग्रहणसम्बन्धी व्यवस्था

1. पार्टीको कुनै पनि समिति, आयोग वा निकायमा निर्वाचित वा मनोनित व्यक्ति पद बहाली गर्नुअघि अनुसूची- ९ बमोजिम शपथग्रहण गर्नुपर्ने छ ।
2. शपथग्रहण गर्ने व्यक्तिले मुटुमाथि दायाँ हात राखि पार्टीको झण्डासामु उभिएर शपथग्रहण गर्नुपर्ने छ । शपथग्रहण गरिसकेपछि मात्र आफ्नो पदमा बहाली हुन पाउने छ ।
3. शपथग्रहण गर्ने व्यक्तिले शपथपत्रमा हस्ताक्षर गरी सम्बन्धित समितिमा बुझाउनुपर्ने छ ।
4. निर्वाचन वा मनोनयन सम्पन्न भएपछि देहायको व्यक्तिलाई देहायका पदाधिकारीले शपथग्रहण गराउने छन् ।
   (क) सङ्घीय परिषदको अध्यक्षलाई केन्द्रीय समितिको जेष्ठ सदस्यले, केन्द्रीय सल्लाहकार समितिका अध्यक्षलाई सङ्घीय परिषद अध्यक्षले ।
   (ख) पार्टीको केन्द्रीय समिति र केन्द्रीय आयोगका अध्यक्षहरूलाई यसै विधानको धारा ८४ (८) बमोजिम महाधिवेशन हलबाट गठित निर्वाचन समितिका अध्यक्षले ।
   (ग) केन्द्रीय समितिका अन्य पदाधिकारी र सदस्यहरूलाई केन्द्रीय समितिको अध्यक्षले ।
   (घ) प्रदेश/राष्ट्रिय समितिका अध्यक्ष वा स्थानीय तहका समितिका अध्यक्षलाई सम्बन्धित तहको निर्वाचन आयोगका अध्यक्ष वा प्रमुख निर्वाचन अधिकृतको रूपमा जिम्मेवारी वहन गर्ने व्यक्तिले वा निर्वाचन आयोगबाट निर्वाचन गराउन खटिएका व्यक्तिले ।
   (ङ) प्रदेश/राष्ट्रिय समिति वा स्थानीय तहका पार्टी समितिका अन्य पदाधिकारी र सदस्यहरूलाई सम्बन्धित समितिका अध्यक्षले ।
   (च) माथि उल्लेख गरिएका बाहेक नियुक्ति वा मनोनित हुने व्यक्तिलाई सम्बन्धित समिति वा निकायका अध्यक्ष वा प्रमुखले ।

## धारा - ८९ पद रिक्तता

देहायको अवस्थामा पार्टीको कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुने छ ।

1. पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।
2. पार्टी परित्याग गरेमा ।
3. अनुशासनको कार्यवाहीमा परी पदबाट निष्काशित भएमा ।
4. विभाग, संयन्त्र आदिमा रहेका व्यक्तिलाई सम्बन्धित पार्टी समितिले जिम्मेवारीबाट हटाएमा ।
5. बिनाउचित कारण वा बिनासूचना लगातार ३ पटकसम्म आफ्नो समितिको बैठकमा अनुपस्थित भएमा वा एक वर्षसम्म आफ्नो जिम्मेवारीअनुरूप कार्य नगरेमा ।
6. कुनै समितिका पदाधिकारी वा सदस्य निर्वाचित व्यक्तिको तोकिएको योग्यता नपुगेको प्रमाणित भएमा ।
7. निजको मृत्यु भएमा वा मानसिक सन्तुलन गुमाएमा ।
8. तोकिएको अवधिभित्र पार्टी सदस्यता नवीकरण नभएमा वा सदस्यता नरहेमा ।

**धारा - ९० पदपूर्ति**

१. पार्टीको कुनै पनि समिति वा आयोगका पदाधिकारीको पद रिक्त भएमा यस विधानमा अन्य व्यवस्था भएकोमा बाहेक सम्बन्धित समिति वा आयोग आफैले निर्णय गरी पदपूर्ति गर्ने छ ।
२. मनोनयनबाट नियुक्त भएका पदाधिकारी तथा सदस्यहरूको पद रिक्त भएमा मनोनयन गर्ने समितिले निर्णय गरी पदपूर्ति गर्ने छ ।
३. कुनै पनि पदपूर्ति गर्दा सो पदका लागि योग्यता पूरा गरेको व्यक्तिहरू मध्येबाट नै पदपूर्ति गरिने छ ।

**धारा - ९१ राजीनामा**

1. कुनै पनि निर्वाचित पार्टी समिति र आयोगका पदाधिकारी वा सदस्यले पदबाट राजीनमा दिन चाहेमा अध्यक्षले सहअध्यक्ष/उपाध्यक्षसमक्ष र अन्य पदाधिकारी वा सदस्यले आफ्नो अध्यक्षसमक्ष राजीनामा पेस गर्ने छ ।
2. कुनै पनि निकाय वा विभाग वा कार्यदल वा समितिका पदाधिकारी र सदस्यले पदबाट राजीनामा दिन चाहेमा प्रमुख वा अध्यक्षले, उपप्रमुख वा उपाध्यक्षसमक्ष र अन्य पदाधिकारी र सदस्यले आफ्नो प्रमुख वा अध्यक्षसमक्ष राजीनामा पेस गर्नुपर्ने छ ।
3. राजीनामा स्वीकृत भएपछि त्यसको जानकारी सम्बन्धित समितिलाई दिनुपर्ने छ ।

परिच्छेद - १३

**संसदीय दल र संसदीय बोर्ड**

**धारा - ९२ सङ्घीय संसदीय दल**

1. पार्टीको चुनाव चिन्ह लिई सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) मा विजय भएका र पछि पार्टीको सदस्यता ग्रहण गरेका सांसद समावेश भएको सङ्घीय संसदीय दल हुने छ ।
2. संसदीय दल आफैले बनाएको विधान र नियमावली पार्टीको केन्द्रीय समितिबाट अनुमोदन भएपछि लागू हुने छ ।
3. केन्द्रीय समितिले पार्टीको, नीति तथा कार्यक्रम र उद्देश्यअनुरूप सङ्घीय संसदीय दललाई नेतृत्व प्रदान गर्ने छ । केन्द्रीय समितिले संसदीय विभाग गठन गर्ने छ । पार्टीको तर्फबाट संसदीय दललाई परिचालन र नेतृत्व प्रदान गर्ने कार्यको जिम्मेवारी संसदीय विभागको हुने छ ।
4. प्रतिनिधिसभा र राष्ट्रियसभामा निर्वाचित सदस्यहरू पार्टीको केन्द्रीय समिति, आफु सङ्गठित रहेको समिति र आफू निर्वाचित रहेको निर्वाचन क्षेत्रप्रति उत्तरदायी हुने छन् । पार्टीको नीति र निर्णय पालना गर्नु उनीहरूको कर्तव्य हुने छ ।
5. संसदीय दलको नेता र अन्य पदाधिकारीको निर्वाचन संसदीय दलको विधानबमोजिम हुने छ ।
6. संसदीय दलको नेता र पदाधिकारीको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले गराउने छ ।

**धारा - ९३ प्रदेश संसदीय दल**

1. पार्टीको चुनाव चिन्ह लिई प्रदेश सभा सदस्य निर्वाचनमा विजयी भएका तथा पछि पार्टीको सदस्यता ग्रहण गरेका प्रदेश सभा सदस्य समावेशी भएको प्रदेश सभा संसदीय दल हुने छ ।
2. प्रदेश सभा संसदीय दलले आफै बनाएको विधान र नियमावली, पार्टीको केन्द्रीय समिति वा प्रदेश समितिले अनुमोदन गरेपछि लागू हुने छ ।
3. पार्टीको प्रदेश समितिले पार्टीको नीति, कार्यक्रम र उद्देश्य र केन्द्रीय समितिको निर्णय र निर्देशनअनुरूप प्रदेश सभा संसदीय दललाई नेतृत्व प्रदान गर्ने छ । प्रदेश सभा संसदीय दललाई परिचालन गर्न तथा नेतृत्व प्रदान गर्न प्रदेश समितिले संसदीय विभाग गठन गर्ने छ । पार्टीको तर्फबाट संसदीय विभागले संसदीय दललाई परिचालन र नेतृत्व प्रदान गर्ने छ ।

4. प्रदेश सभा संसदीय दलका सदस्य केन्द्रीय समिति, प्रदेश समिति, आफू कार्यरत रहेको पार्टी सङ्गठन र निर्वाचित रहेको निर्वाचन क्षेत्रप्रति उत्तरदायी हुने छ ।
5. प्रदेश सभा संसदीय दलको नेता निर्वाचन प्रदेश सभा संसदीय दलको विधानबमोजिम हुने छ ।
6. प्रदेश सभा संसदीय दलको नेता अन्य पदाधिकारीहरूको निर्वाचन प्रदेश निर्वाचन आयोगले गराउने छ ।

### धारा - ९४ पालिकासभा समिति

1. पार्टीको चुनाव चिन्ह लिई पालिका निर्वाचनमा विजय भएका र पछि पार्टी सदस्यता ग्रहण गरेका जनप्रतिनिधिहरू सम्मिलित पालिकासभा समिति हुने छ ।
2. निर्वाचित पालिका प्रमुख/अध्यक्ष पालिका सभादलको नेता हुने छ । प्रमुख/अध्यक्ष नभएको अवस्थामा उपप्रमुख/उपाध्यक्ष र सो नभएको अवस्थामा वरिष्ठतम् वडा अध्यक्ष समितिको नेता हुने छ ।
3. जिल्ला समिति र सम्बन्धित पालिका समितिले पालिकासभा दलमार्फत सम्बन्धित पालिका जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने छ ।
4. पालिका सभा समितिले सम्बन्धित जिल्ला समिति र पालिका समितिसँग समन्वय गरी कार्य गर्ने छ ।

### धारा - ९५ संसदीय बोर्ड

सङ्घीय संसद, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारी चयन गर्न सङ्घीय संसदीय बोर्ड र प्रदेशसभा संसदीय बोर्डको गठन गर्ने छ ।

1. **सङ्घीय संसदीय बोर्ड**

सङ्घीय संसदीय बोर्डमा केन्द्रीय समितिका पदाधिकारीसहित देहायबमोजिमका सदस्यहरू रहने छन् ।

(क) केन्द्रीय समितिका अध्यक्ष र महासचिव संसदीय बोर्डको अध्यक्ष र सचिव हुने छन् ।

(ख) सङ्घीय परिषदका अध्यक्ष, वरिष्ठ नेता, सहअध्यक्ष, पार्टीका प्रदेश समितिका अध्यक्षहरू सङ्घीय संसदीय बोर्डका पदेन सदस्य हुने छन् ।

(ग) केन्द्रीय समितिका अध्यक्षको प्रस्तावमा केन्द्रीय समितिका सदस्यहरू मध्येबाट केन्द्रीय समितिले निर्णय गरेका बढीमा ९ जना सदस्य बोर्डका सदस्य हुने छन् ।

2. **प्रदेशसभा संसदीय बोर्ड**

१. प्रदेशसभा संसदीय बोर्डमा प्रदेश समितिका पदाधिकारीसहित देहायबमोजिमका सदस्यहरू रहने छन् ।

(क) प्रदेश समितिका अध्यक्ष र मुख्यसचिव प्रदेशसभा संसदीय बोर्डको अध्यक्ष र सचिव हुने छ ।

(ख) राष्ट्रिय समितिका अध्यक्षहरू, पार्टीका जिल्ला समितिका अध्यक्षहरू, प्रदेशसभा संसदीय बोर्डका पदेन सदस्य हुने छन् ।

(ग) प्रदेश समितिका अध्यक्षको प्रस्तावमा प्रदेश समितिका सदस्यहरू मध्येबाट प्रदेश समितिले निर्णय गरेका बढीमा ७ जना सदस्य बोर्डका सदस्य हुने छन् ।

### धारा - ९६ संसदीय बोर्डको काम, कर्तव्य र अधिकार

1. सङ्घीय संसद, प्रदेशसभा र स्थानीय तहको निर्वाचन सन्दर्भमा उम्मेदवार चयनसम्बन्धी मापदण्ड, विधि र प्रक्रिया केन्द्रीय समितिले निर्णय गर्ने छ ।
2. केन्द्रीय समितिले निर्धारण गरेको मापदण्ड, विधि र प्रक्रियाको आधारमा प्रतिनिधिसभाको निर्वाचनको उम्मेदवारसम्बन्धी निर्णय सङ्घीय संसदीय बोर्डले गर्ने छ ।

3. केन्द्रीय समितिले निर्धारण गरेको उम्मेदवार चयनसम्बन्धी मपदण्ड, विधि र प्रक्रियाको आधारमा प्रदेशसभा सदस्यको उम्मेदवारसम्बन्धी निर्णय प्रदेशसभा संसदीय बोर्डको सिफारिशको आधारमा सङ्घीय संसदीय बोर्डले गर्ने छ ।
4. निर्धारित मापदण्ड, विधि र प्रक्रियाका आधारमा नगर प्रमुख र उपप्रमुख, उपमहानगर प्रमुख र उपप्रमुख, महानगरप्रमुख र उपप्रमुख बाहेकका पालिका उम्मेदवारहरूको निर्णय जिल्ला समितिको सिफारिसका आधारमा प्रदेश सभा संसदीय बोर्डले गर्ने छ ।
5. स्थानीय तहका नगरप्रमुख र उपप्रमुख उपमहानगर प्रमुख र उपप्रमुख र महानगरका प्रमुख र उपप्रमुख पदको उम्मेदवारको निर्णय प्रदेश संसदीय बोर्डको सिफारिशमा सङ्घीय संसदीय बोर्डले गर्ने छ ।

परिच्छेद - १४

## विभाग, संयन्त्र र कार्यदल

### धारा - ९७ केन्द्रीय विभागहरू

1. पार्टीको विषयगत नीति निर्माण तथा कार्यान्वयनमा केन्द्रीय समितिलाई सहयोग गर्ने अङ्गको रूपमा केन्द्रीय विभागहरू गठन गरिने छन् । विभागहरूले सम्बन्धित जनवर्गीय सङ्गठनहरू पनि परिचालन गर्ने छ । विभाग नभएको अवस्थामा जनवर्गीय सङ्गठनहरूमा संयन्त्र गठन गरिने छ ।
2. केन्द्रमा देहायबमोजिमका केन्द्रीय विभागहरूको गठन हुने छ - (१) सङ्गठन विभाग (२) पार्टी स्कुल तथा प्रशिक्षण विभाग (३) अन्तराष्ट्रिय सम्बन्ध विभाग (४) प्रचार प्रसार तथा प्रकाशन विभाग (५) सूचना, सञ्चार तथा प्रविधि विभाग (६) आर्थिक विभाग .७) महिला विभाग (८) युवा, विद्यार्थी तथा खेलकुद विभाग (९) बौद्धिक पेसाकर्मी तथा ट्रेड युनियन विभाग (१०) संसदीय विभाग (११) सङ्घीय मामिला तथा स्थानीय तह विभाग (१२) राज्यव्यवस्था तथा सुशासन विभाग (१३) अर्थनीति तथा योजना विभाग ((१४) कानून विभाग (१५) साँस्कृतिक विभाग (१६) कृषि तथा भूमिव्यवस्था विभाग (१७) उद्योग, वाणिज्य तथा आपूर्ति विभाग, (१८) जलस्रोत तथा उर्जा विभाग (१९) शिक्षा विभाग (२०) स्वास्थ्य तथा जनसङ्ख्या विभाग (२१) सहकारी तथा गरीबी निवारण विभाग (२२) श्रम, रोजगार तथा सामाजिक सुरक्षा विभाग (२३) वन, वातावरण तथा विपद् व्यवस्थापन विभाग (२४) पर्यटन तथा नागरिक उड्डयन विभाग (२५) पूर्वाधार विकास विभाग (२६) उपभोक्ता हित संरक्षण विभाग (२७) सामाजिक सेवा तथा गैर-सरकारी संस्था विभाग ।
3. केन्द्रीय समितिले केन्द्रीय सदस्यहरू मध्येबाट केन्द्रीय विभाग प्रमुख र उपप्रमुख चयन गर्ने छ । विभागको सचिव बैठकले चयन गर्ने छ । सचिवले विभागको प्रमुख र उपप्रमुखसँग समन्वय गरी कार्य गर्ने छ ।
4. विभागअन्तर्गत विभिन्न डेस्क वा शाखाहरू गठन गर्न सक्ने छ ।
5. धारा ९७ को उपधारा (१ र २) मा उल्लेख गरिएका विभागहरूका अतिरिक्त केन्द्रीय समितिले आवश्यकताअनुसार अन्य विभाग गठन गर्न र काम, कर्तव्य तथा अधिकार तोक्न सक्ने छ ।
6. प्रत्येक विभागमा २१ जना सम्म सदस्यहरू रहने छन् ।
7. विभागका सदस्य मनोनयन हुन पार्टीको सङ्गठित पार्टी सदस्य हुनुपर्ने छ ।
8. विभागका सदस्य मनोनयन गर्दा समावेशी हुनुपर्ने छ ।
9. पार्टी सदस्यहरूको रूची, विज्ञता, अनुभव र पार्टीमा पुऱ्याएको योगदानका आधारमा विभागमा मनोनयन गरिने छ ।
10. विभागको प्रमुखले विभागको बैठकमा आवश्यकताअनुसार विषय विज्ञहरूलाई आमन्त्रण गर्न सक्ने छ ।

11. विभागको बैठक कम्तीमा २ महिनामा एकपटक बस्ने छ र प्रत्येक बर्ष कार्यसम्पादन प्रगति विवरणसहितको प्रतिवेदन केन्द्रीय समितिमा बुझाउने छ ।
12. केन्द्रीय समितिले विभागलाई थप कार्य गर्न जिम्मेवारी र निर्देशन दिन सक्ने छ ।
13. विभागसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## धारा - ९८ विभागहरूको काम, कर्तव्य र अधिकार

1. **सङ्गठन विभाग**

(क) सम्पूर्ण सङ्गठित पार्टी सदस्यहरूको अभिलेख राख्ने र समय समयमा अद्यावधिक गर्ने, पार्टी सङ्गठनसम्बन्धी समग्र नीति र सङ्गठनात्मक योजना निर्माण गर्ने ।

(ख) पार्टीका सम्पूर्ण सङ्गठनहरू - पालिका, जिल्ला, प्रदेश/राष्ट्रिय समिति, प्रवास समितिहरू, जनवर्गीय सङ्गठनहरू र यसका मातहतका सङ्गठनहरूको अभिलेख राख्ने र समय समयमा अद्यावधिक गर्ने ।

(ग) केन्द्रीय समिति मातहतका पार्टी र जनवर्गीय सङ्गठनहरूको क्रियाशिलताको निरन्तर अनुगमन र निरीक्षण गर्ने, आवश्यक निर्देशन दिने र केन्द्रीय समितिलाई आवधिक जानकारी गराउने ।

(घ) पार्टीको सङ्गठन विस्तार, समन्वय र सुदृढीकरणका लागि आवश्यक अन्य कार्य गर्ने ।

(ङ) निर्वाचनमा आफ्नो पार्टीको स्थितिको समिक्षा गर्ने र पार्टीलाई विजयी गराउन आवश्यक रणनीति तयार गरी केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।

(च) केन्द्रीय समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

2. **पार्टी स्कुल तथा प्रशिक्षण विभाग**

(क) पार्टीको नीति, सिद्धान्त, विचार र सङ्गठनात्मक कार्यपद्धतिको सम्बन्धमा पाठ्य सामग्री तयार गर्ने, प्रशिक्षण शिविरको आयोजना गर्ने र प्रशिक्षण दिने । प्रशिक्षणका निम्ति विशेषज्ञ समूह तयार गर्ने ।

(ख) पार्टीको घोषणापत्र, नीति तथा कार्यक्रम, विधान र राजनीतिक प्रतिवेदन तथा निर्णयहरूको सम्बन्धमा प्रशिक्षण दिने ।

(ग) प्रशिक्षण - प्रशिक्षक तयार गरी विभिन्न प्रदेश तथा स्थानीय तहसम्मका सङ्गठनलाई प्रशिक्षण दिने ।

(घ) आवश्यक पाठ्य पुस्तकको निर्माण, सङ्कलन र प्रकाशन गर्ने ।

(ङ) प्रशिक्षणका विषय वस्तु तयार गर्ने । विभिन्न बैचारिक, राजनीतिक तथा सैद्धान्तिक दस्तावेजहरू सङ्कलन गरी व्यवस्थित राख्ने ।

(च) राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक घटनाक्रमबारे जानकारी राख्ने, सूचना सङ्कलन गर्ने र विश्लेषण गर्ने, आवश्यकताअनुसार प्रशिक्षण दिने ।

(छ) पार्टीका लागि आवश्यक योग्य र सक्षम नेतृत्वदायी जनशक्ति तयार गर्न अन्यआवश्यक कार्य गर्ने ।

(ज) राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा सैद्धान्तिक क्षेत्रमा खोज, अध्ययन र अनुसन्धान गरी नीति निर्माणमा पार्टीलाई सहयोग गर्ने ।

(झ) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने गराउने ।

3. **अन्तर्राष्ट्रिय सम्बन्ध विभाग**

(क) अन्तर्राष्ट्रिय राजनीति, सम्बन्ध र गतिविधि बारे अध्ययन, अनुसन्धान गर्ने र पार्टीको नीति निर्माणमा सहयोग गर्ने ।

(ख) अन्तर्राष्ट्रिय सङ्गठनहरू, कानूनहरू, सम्झौता, कुटनीतिक सम्बन्धहरू तथा घटनाहरूका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने र पार्टीको नीति निर्माणमा सहयोग गर्ने ।

(ग) विभिन्न देशका राजनीतिक पार्टी/दल, सङ्गठनहरू र कुटनीतिक नियोगहरूसँग सम्पर्क गरी पार्टीसङ्ग समधुर सम्बन्ध स्थापित गर्ने ।

(घ) अन्तर्राष्ट्रिय सहयोगी सङ्घ/संस्थाहरूसँग सम्पर्क र समन्वय गरी सम्बन्ध विस्तार गर्ने र आवश्यकताअनुसार गोष्ठी, सेमिनार, सम्मेलन एवम् अन्तरक्रियाको योजना गर्ने ।

4. **प्रचार प्रसार तथा प्रकाशन विभाग**

(क) सूचना सङ्कलन गर्ने, अध्ययन र विश्लेषण गर्ने, पार्टीको हितमा प्रचार प्रसार गर्ने ।

(ख) पार्टीका दस्तावेजहरू प्रकाशन गर्ने, बिक्री वितरण गर्ने ।

(ग) पार्टी विरूद्ध लगाइएका आरोप खण्डन गर्ने, पार्टीद्वारा आयोजना गरिने पत्रकार सम्मेलन, पत्रकार भेटघाट तथा अन्तरक्रिया कार्यक्रमहरूको संयोजन तथा व्यवस्थापनसम्बन्धी कार्य गर्ने, गराउने ।

(घ) पार्टीको मुखपत्र प्रकाशन गर्ने, पुस्तकालय सञ्चालन गर्ने, गराउने । पार्टीको वेभसाइट सञ्चालन गर्ने र नियमितरुपमा अद्यावधिक गरिराख्ने ।

(ङ) निर्वाचनका लागि पर्चा, पोष्टर, स्टिकरलगायत प्रचार-प्रसारका आवश्यक सामग्रीहरू निर्माण गरी वितरण गर्ने, निर्वाचन प्रचार प्रसारको योजना बनाई कार्य गर्ने ।

(च) जनतालाई पार्टीप्रति आकर्षण गर्न आवश्यक प्रचार-प्रसारका कार्यहरू गर्ने ।

(छ) पार्टी नीति, सिद्धान्त, विचार र कार्यक्रमलाई जन-जनमा पुऱ्याउने कार्य गर्ने ।

(ज) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

5. **सूचना, सञ्चार, विज्ञान तथा प्रविधि विभाग**

(क) IT Cell को निर्माण गर्ने ।

(ख) सूचना सङ्कलन गर्ने, Facebook, Twitter, Instagram, Linkedin, TikTok, Snapchat, youtube, whatsapp, Pinterest, Reddit, website आदि सञ्चालन गर्ने, सामाजिक सञ्चार माध्यमबाट पार्टीको नीति, सिद्धान्त, विचार उद्देश्य र कार्यक्रमलाई जन-जन विचमा फैलाउने ।

(ग) पार्टी र पार्टी नेतृत्व विरूद्ध विभिन्न माध्ययमहरूद्वारा फैलाएका भ्रम, अर्नगल प्रचार, विज्ञापन, समाचार, विचार भनाई आदिलाई खण्डन गर्ने र सही विषयवस्तुलाई सही ढंगले जनताबिच पुऱ्याउने ।

(घ) प्रदेश/राष्ट्रिय समिति र स्थानीय तहमा कार्यरत र क्रियाशील, जनवर्गीय सङ्गठनमा कार्यरत र क्रियाशील, पार्टीका सहयोगी, शुभचिन्तक व्यक्तिहरूलाई आवश्यक प्रशिक्षण र तालिमको प्रवन्ध गर्ने ।

(ङ) सूचना, सञ्चार र प्रसारणसम्बन्धी देशव्यापीरूपमा व्यापक नेटवर्क स्थापित गरी परिचालन गर्ने ।

(च) पार्टीलाई नियमितरूपमा सूचना दिई सहयोग गर्ने, सल्लाह दिने ।

(छ) विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न पार्टीलाई सहयोग गर्ने ।

(ज) मानव जीवन सहज र उत्पादनमुखी बनाउन विज्ञान-प्रविधिको विकासमा जोड दिने, यसको अध्ययन र अनुसन्धानलाई उच्च महत्त्व दिने र यससम्बन्धी शिक्षालाई विद्यालयदेखि विश्वविद्यालयसम्म विशेष प्राथमिकता दिन योजना बनाउने ।

(झ) आधुनिक विद्युतीय प्रविधिसँग राष्ट्रको विकास प्रक्रियालाई आबद्ध गर्न राष्ट्रिय नीति तर्जुमा गर्ने, त्यसका लागि राज्यले समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि, परम्परागत प्रविधिको आधुनिकिकरण र क्षमता अभिवृद्धि गर्न पहल गर्ने, गराउने ।

(ञ) देशबाट वैज्ञानिक तथा प्राविधिक क्षेत्रका प्रतिभा पलायन रोक्न देशभित्रै अवसरको सिर्जना गर्न दबाब दिने ।

(ट) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

6. **आर्थिक विभाग**

(क) पार्टीलाई आर्थिक रूपले सबल बनाउन आर्थिक व्यवस्थापन, स्रोत परिचालन र पार्टी कोष निर्माण गर्ने ।

(ख) पार्टी सदस्यहरूबाट तोकिएको सदस्यता शुल्क, लेबी, चन्दा सहयोग, प्रकाशन बिक्री वितरणबाट प्राप्त रकमलाई सङकलन गरी पार्टी कोषमा जम्मा गर्ने, गराउने ।

(ग) पार्टीको आर्थिक अवस्था सदृढ गर्ने । आर्थिक स्रोत परिचालनको वार्षिक कार्ययोजना तयार गरी लागू गर्ने ।

(घ) पार्टी कोष मितव्ययी ढङ्गले परिचालन गर्ने ।

(ङ) वार्षिक आय-व्ययको बजेट तयार गरी केन्द्रीय समितिमा पेस गर्ने ।

(च) दोहोरो लेखा प्रणालीअन्तर्गत लेखा राख्ने ।

(छ) केन्द्रीय लेखापरीक्षण समितिवाट वार्षिक लेखापरीक्षण गराउने ।

(ज) लेखापरीक्षणबाट देखिएका बेरूजु र अनियमिताहरू फछ्र्यौट र नियमित गर्ने ।

(झ) आर्थिक विनियम तर्जुमा गरी केन्द्रीय समितिबाट अनुमोदन गरेर लागू गर्ने ।

(ञ) आर्थिक कारोबारसम्बन्धी आवश्यक निर्णय लिई कार्य गर्ने ।

(ट) आर्थिक नीति निर्माण गर्न पार्टीलाई सहयोग गर्ने ।

(ठ) पार्टीको चल-अचल सम्पत्तिको अभिलेख राख्ने ।

(ड) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

७. **महिला विभाग**

(क) पार्टीको जनवर्गीय महिला सङ्गठन र पार्टीबिच सम्बन्ध स्थापित गर्ने र पार्टीको तर्फबाट महिला सङ्गठनलाई परिचालन गर्न आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने छ ।

(ख) महिलाको विकास एवम् हक, हित र अधिकारका लागि आवश्यक कार्य गर्ने, कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

(ग) लैङ्गिक समानता, महिला हिंसा र विभेद अन्त्य गर्न पार्टीलाई आवश्यक नीति निर्माणमा सहयोग गर्ने ।

(घ) यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाहरूसँग सम्बन्ध विस्तार, सम्पर्क र समन्वय गर्ने ।

(ङ) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

८. **युवा, विद्यार्थी तथा खेलकुद विभाग**

(क) पार्टीसङ्ग आवद्ध युवा, विद्यार्थी सङ्गठन, खेलकुद महासङ्घ र पार्टीबिच सम्बन्ध स्थापित गर्ने, पार्टीको तर्फबाट युवा, विद्यार्थी सङ्गठनलाई सहयोग, सल्लाह दिने, परिचलान गर्ने ।

(ख) युवा, विद्यार्थीसँग रहेका ज्ञान, शीप र उर्जालाई राष्ट्र निर्माण र विकासका लागि उपयोग गर्न राष्ट्रिय युवा नीति तयार गर्न अध्ययन, अनुसन्धान, सेमिनार, गोष्ठी गरी सहयोग गर्ने ।

(ग) युवा, विद्यार्थीको मानसिक, शारिरिक र बौद्धिक विकास गर्न आवश्यक तालिम, प्रशिक्षणको व्यवस्था गर्ने ।

(घ) खेलकुद सम्बन्धमा अध्ययन र अनसन्धान गरी राष्ट्रिय खेलकुद नीति निर्माण गर्न पार्टीलाई सहयोग गर्ने ।

(ङ) पार्टीसँग आवद्ध खेलकुद संस्था गठन गर्ने, सम्पर्क समन्वय गरी परिचालन गर्ने र क्रियाशील बनाउने ।

(च) राष्ट्रिय र अन्तराष्ट्रिय खेलकुदसम्बन्धी सङ्घ/संस्थासँग समन्वय गरी सम्बन्ध विस्तार गर्ने ।

(छ) युवा स्वरोजगार अभियान सञ्चालन गर्ने, युवा विद्यार्थीहरूमा रहेको बेरोजगारी समस्या हल गर्न अध्ययन, अनुसन्धान गरी पार्टी नीति निर्माण गर्न सहयोग गर्ने ।

(ज) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

९. **बौद्धिक पेसाकर्मी तथा ट्रेड युनियन विभाग**

(क) पार्टीसँग आवद्ध बौद्धिक पेसाकर्मी तथा ट्रेड युनियन महासङ्घसँग सम्पर्क, समन्वय गर्ने । सम्बन्ध बलियो बनाउने र पार्टीको नीति, विचार र सिद्धान्तअनुरूप परिचालन गर्ने ।

(ख) डाक्टर, इन्जिनियर, सरकारी सेवामा नरहेका प्राध्यापक वा शिक्षक, वकिल, पत्रकार, अडिटर आदिकाबिच पार्टी सम्पर्क बढाउने, सम्वाद गर्ने, बौद्धिक पेसाकर्मी महासङ्घका घटक सङ्गठनहरूमा सङ्गठित गर्ने र पार्टीको हितमा परिचालन गर्ने ।

(ग) देशभित्रका बौद्धिक पेसाकर्मी तथ श्रमिक सङ्घ/संस्थाहरू, नागरिक समाज वा व्यक्तिहरूसँग सम्पर्क गर्ने, समन्वय गर्ने तथा अन्तराष्ट्रिय क्षेत्रमा समाजवादी ट्रेड यूनियनहरूसँग सम्पर्क, समन्वय गर्ने ।

(घ) देश र विदेशमा भइरहेका राजनीतिक, आर्थिक, सामाजिक परिवर्तनहरूका साथै विज्ञान र प्रविधिलगायतका विषयहरूमा अन्तरक्रिया सेमिनार र गोष्ठी, गर्न, राष्ट्रिय हितका सम्बन्धमा नीति निर्माण गर्न पार्टीलाई सहयोग गर्ने ।

(ङ) सरकारको नीति, कार्यक्रम र कार्यहरूका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने र पार्टीलाई आवश्यक सल्लाह, सुझाव र परामर्श दिने ।

(च) श्रम शोषण, वालशोषण, बन्धुवा मजदुरी, कमैया प्रथा, हरूचरूवा, हलिया प्रथाद्वारा गरिने श्रम शोषण, उत्पीडनलाई अन्त्य गर्ने, श्रमिक विमा सुविधाको वृद्धि गर्ने, न्योचित ज्याला, स्वास्थ्य र स्वच्छ वातावरण भएको कार्यस्थललगायत श्रमिकहरूको हक, हित, अधिकार र न्यायका लागि आवश्यक काम गर्ने, गराउने ।

(छ) औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको हक, हित, अधिकार र न्यायका लागि प्रयास गर्ने ।

(ज) बौद्धिक पेसाकर्मी तथा श्रमिकहरूको ट्रेड युनियनसम्बन्धी नीति निर्माणमा पार्टीलाई सहयोग गर्ने ।

(झ) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

10. **संसदीय विभाग**

(क) पार्टीको चुनाव चिन्ह लिएर निर्वाचित भएका प्रतिनिधि सभा र राष्ट्रिय सभाको सदस्यहरू, संसदीय दल र पार्टीबिच समन्वय गर्ने । पार्टी र संसदीय दलको बिचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ख) प्रतिनिधिसभा र राष्ट्रियसभामा पार्टीको तर्फबाट देश र जनताको हितमा उठाउनुपर्ने विषयहरूको सम्बन्धमा पार्टीको अवधारणा, नीति र कार्यक्रमसम्बन्धी संसद सदस्य र दललाई जानकारी गराउने ।

(ग) संसदमा प्रस्तुत गरिएका विधेयकहरूका सम्बन्धमा पार्टीमा छलफल गर्ने, विज्ञहरूको सल्लाह सुझाव लिने, पार्टीको अवधारणा तयार गर्न सहयोग गर्ने र संसदीय दल र सांसदहरूलाई जानकारी गराउने ।

(घ) संसदीय दलसङ्ग समन्वय गरी संसदको गतिविधिबारे पार्टीलाई जानकारी गराउने ।

(ङ) संसदमा पार्टीको भूमिकालाई प्रभावकारी बनाउन सांसदहरूको ज्ञान, क्षमता र कलाको अभिवृद्धि गर्न विभिन्न विषयहरूमा आवश्यक अभिमुखीकरण, प्रशिक्षण र अन्तक्रिया आयोजना गर्ने ।

(च) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

11. **सङ्घीय मामिला तथा स्थानीय तह विभाग**

(क) सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, सुदृढ गर्न आवश्यक कार्य गर्ने, गराउने ।

(ख) सङ्घीय शासन प्रणालीलाई सुदृढ गर्दै देश र जनताका हितमा प्रभावकारी बनाउन, यस सम्बन्धमा पार्टी नीति निर्माण, कार्यक्रम सञ्चालन गर्न पार्टी केन्द्रीय समितिलाई आवश्यक सल्लाह, सुझावसहित सहयोग गर्ने ।

(ग) सङ्घीय शासन प्रणाली भएका विभिन्न मुलुकहरूको अध्ययन, अनुसन्धान गरी पार्टीलाई आवश्यक परामर्श सल्लाह, सुझाव र जानकारी दिने ।

(घ) सङ्घीय संरचना, सङ्घीय कानून, सङ्घीय प्रणालीमा शक्ति बाँडफाडका विषय र प्रदेश तथा सङ्घको क्षेत्राधिकार सम्बन्धमा समय समयमा विचार, गोष्ठी, सेमिनार र प्रशिक्षणको व्यवस्था गर्ने ।

(ङ) जातीय भेदभाव, बहिस्करण जस्ता विषयहरूसँग सम्बन्धित विषयहरू पार्टीभित्र र सरकारमा समेत भए नभएको तथ्याङ्क विवरण र तथ्यहरू सङ्कलन, विश्लेषण गर्ने ।

(च) राज्यका सबै तह र निकायमा जातीय, भाषिक, साँस्कृतिक तथा समुदायगत समावेशिताको विषयलाई जनताका हक, अधिकारको रूपमा स्थापित गराउनका लागि नीति कार्यक्रम तर्जुमा गरी पार्टीलाई सुझाव दिने ।

(छ) सङ्घीयतालाई सार्थक बनाउनका लागि समानुपातिक समावेशी र सहभागितामूलक अवधारणालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्ने उद्देश्यसहित पार्टीभित्र समावेशिताको अवस्था र कार्यान्वयनबारे विश्लेषण गरी सुझाव दिने ।

(ज) स्थानीय तहमा पार्टीबाट निर्वाचित सदस्यहरूको क्षमता, ज्ञान र कार्यक्षमताको अभिवृद्धि गर्न पार्टीलाई सुझाव दिने, कानूनी ज्ञानका लागि आवश्यक कानूनको विषयमा प्रशिक्षण तथा अभिमुखीकरण अभियान सञ्चालन गर्ने ।

(झ) स्थानीय निकायहरूको आर्थिक क्रियाकलाप तथा विकास निर्माणको कार्यलाई जवाफदेही र पारदर्शी रूपमा अगाडि बढाउन आवश्यक कार्यहरू गर्ने ।

(ञ) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

12. **राज्य व्यवस्था तथा सुशासन विभाग**

(क) सरकारको शान्ति सुरक्षा नीति, सामान्य प्रशासन र दैनिक काम कारबाहीहरूको अनुगमन गर्ने ।

(ख) सरकारी क्षेत्रबाट भएका भष्ट्राचार, अनियमितता, पक्षपात, राजनीतिकरण, जनविरोधी क्रियाकलाप आदि विषयहरूको तथ्य सङ्कलन गर्ने र त्यस्ता जनविरोधी सरकारी क्रियाकलापका विरुद्ध पार्टीले लिनुपर्ने नीति र कारबाहीका बारेमा सुझाव पेस गर्ने ।

(ग) राजकीय तथा प्रशासनिक क्षेत्रसँग सम्बन्धित विषयहरूमा गोष्ठी तथा छलफल आयोजना गर्ने ।

(घ) सरकारको विभिन्न तहमा रहेका प्रशासक, प्रविधिज्ञ र विभिन्न क्षेत्रका विशेषज्ञहरूको अभिलेख राख्ने ।

(ङ) राज्यका विभिन्न क्षेत्रसँग सम्बन्धित कामहरूलाई अगाडि बढाउन विभागअन्तर्गत अलग फाँट/डेस्क सञ्चालन गर्ने ।

(च) सरकारसँग सम्बन्धित विभिन्न विषयहरूमा प्राप्त गुनासा र सिफारिसहरूबारे आवश्यक जाँचबुझ र अनुगमन गरी सम्बन्धित निकायलाई समाधानमा पुग्न प्रेरित गर्ने ।

(छ) जनताका कामहरू तथा सार्वजनिक सरोकारका विषयहरू सम्बन्धित निकायहरूमा सम्पर्क गर्ने गराउने ।

(ज) देशमा विधिको शासन पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको संस्कार-संस्कृति बसाल्न तथा पार्टी जीवनमा नैतिक, मुल्य, पद्धति स्थापनाको पक्षमा निरन्तर पैरवी गर्ने ।

(झ) भ्रष्टाचारजन्य गतिविधिका तथ्य, तथ्याङक र स्वरूपहरू विश्लेषण गरी त्यसको अन्त्यका लागि पार्टीलाई सुझाव दिने ।

(ञ) सरकारद्वारा राष्ट्रसेवक, राजनीतिक नियुक्ति प्राप्त एवम् विभिन्न ओहोदामा बसेका व्यक्तिहरूका बारेमा जारी आचारसंहिता र तिनको पालनाको अध्ययन, विश्लेषण गरी तथ्य बाहिर ल्याउने ।

(ट) भ्रष्टाचारविरुद्ध सुशासनका पक्षमा सामाजिक जागरणका कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।

(ठ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

13. **अर्थनीति तथा योजना विभाग**

(क) देशको समग्र अर्थव्यवस्था/आर्थिक प्रणाली, सरकारको आर्थिक नीति सम्बन्धमा अध्ययन, अनुसन्धान गरी पार्टीलाई आर्थिक नीति निर्माण गर्न केन्द्रीय समितिलाई सहयोग गर्ने ।

(ख) वित्तीय संस्था, वित्तीय क्षेत्रका सङ्घ/संस्थाहरूको नीति, काम-कारवाहीको सम्बन्धमा अध्ययन गरी पार्टीलाई सुझाव, सल्लाह र सहयोग गर्ने ।

(ग) देशको आर्थिक विकास, जनताको समृद्धिका लागि अल्पकालीन र दीर्घकालीन आर्थिक योजना, आर्थिक नीति र आर्थिक कार्यक्रम निर्माण र सञ्चालन गर्न केन्द्रीय समितिलाई सुझाव र सहयोग दिने ।

(घ) आर्थिक, वित्तीय र मौद्रिक नीतिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने र राष्ट्रिय योजना तर्जुमा गर्न पार्टीलाई आवश्यक सुझाव दिने ।

(ङ) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

14. **कानून विभाग**

(क) पार्टीसँग आवद्ध कानून व्यवसायी सङ्गठनलाई परिचालन र क्रियाशील बनाउने ।

(ख) पार्टीसङ्ग सम्बन्धित मुद्दा मामिला तथा कानूनी विषयमा सहयोग पुऱ्याउने ।

(ग) राष्ट्रिय, अन्तर्राष्ट्रिय संवैधानिक एवम् कानूनी विषयमा केन्द्रीय समितिलाई सुझाव सल्लाह दिने ।

(घ) पार्टीको संसदीय दललाई कानून निर्माण, संविधान र कानूनसम्बन्धी विधेयकहरूका विषयमा सरसल्लाह सुझाव र प्रशिक्षण दिने ।

(ङ) संविधान र कानूनसँग सम्बन्धित विषयमा सङ्घीय संसद र प्रदेश सभामा उठाउनुपर्ने विषयमा पार्टी दृष्टिकोण निर्माण गर्न, संसदमा उठाउन संसदीय दल र पार्टीलाई सुझाव सल्लाह दिने ।

(च) मानव अधिकारकारको अवस्थाबारे अध्ययन अनुसन्धान र मुल्याङ्कन गर्ने, यस विषयमा आवश्यक जानकारी र सुझाव केन्द्रीय समितिलाई उपलब्ध गराउने ।

(छ) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

15. **साँस्कृतिक विभाग**

(क) राष्ट्रिय साँस्कृतिक नीति तर्जुमा गर्न पार्टीलाई सहयोग गर्ने ।

(ख) पार्टीसँग आवद्ध साँस्कृतिक महासङ्घ र पार्टीबिच समन्वय गर्ने र महासङ्घलाई परिचालन गर्ने ।

(ग) लेखक, कलाकार, साहित्यकार, आदिका बिच पार्टी सम्पर्क बढाउने, सम्वाद गर्ने, सङ्गठित गर्ने र पार्टीको हितमा परिचालन गर्ने ।

(घ) कला र संस्कृतिको विकास गर्न राष्ट्रियस्तरदेखि जिल्लासम्म साँस्कृतिक टोलीहरू गठन गरी परिचालन गर्ने र साँस्कृतिक कार्यक्रमहरूको माध्यमद्वारा जनतालाई जागृत गराउन क्रियाशील रहने ।

(ङ) कला र साँस्कृतिक पहिचानलाई आगाडि बढाउन कला र साँस्कृतिक सम्बन्ध प्रशिक्षणको व्यवस्था गरी आ-आफ्नो कला र संस्कृति प्रति जन चेतना जगाउने ।

(च) साँस्कृतिकर्मीहरूलाई पार्टीको वैचारिक सैद्धान्तिक, सङ्गठन निर्माण, साँस्कृतिकलगायत विभिन्न विषयमा प्रशिक्षणको योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

(छ) पार्टीले तोकेका अन्य कार्यहरू गर्ने ।

16. **कृषि तथा भूमिव्यवस्था विभाग**

(क) भूमि व्यवस्थापन तथा भू-उपयोग नीति निर्माण गर्न, वन, कृषि, आवास, औद्योगिक र व्यापारिक क्षेत्रको रूपमा भूमिलाई वर्गीकरण गरी कृषि भूमिमा भइरहेको अतिक्रमण रोक्न, वन विनास रोक्न, जमिनको उर्वर शक्ति बढाउन, बसोबासको उचित व्यवस्थापन गर्न, गरिब र भूमिहीन सुकुम्वासी जनताको समस्या समाधान गर्न नीति निर्माणका लागि केन्द्रीय

समितिलाई सहयोग गर्ने । उपरोक्त समस्याहरूको हल गर्न पार्टीको तर्फबाट आवश्यक भूमिका खेल्ने ।

(ख) पार्टीसँग आवद्ध किसान महासङ्घ, सुकुम्वासी सङ्घ र पार्टीबिच समन्वय र परिचालन गर्ने । किसानको हक, हितका लागि आवश्यक कृषि नीति, र भू-नीति निर्माण गर्न केन्द्रीय समितिलाई सहयोग गर्ने ।

(ग) कृषिलाई ज्ञान, विज्ञान र प्रविधिमा आधारित बनाई आधुनिकिकरण, व्यवसायिकरण र औधोगिकीकरण गर्ने, गरिबी र बेरोजगारी समस्या हल गर्न, खाद्य सुरक्षा र पोषणका लागि आवश्यक पहल गर्ने, पार्टीलाई यस सम्बन्धमा नीति निर्माण गर्न सहयोग गर्ने ।

(घ) कृषि मजदूर, हलिया, भूमिहीन गरिब सुकुमबासीहरूको समस्या समाधान र उचीत व्यवस्थापन गर्न अध्ययन अनुसन्धान गरी पार्टीको नीति निर्माणमा सहयोग गर्ने ।

(ङ) कृषि उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउने, कृषि उत्पादनको निर्यातकर्ता बनाउने, घरेलु र वैदेशिक व्यापार र बजारको व्यवस्थापना गर्न, कृषि क्षेत्रका उत्पादन बृद्धि गर्न, आवश्यक पहल गर्ने, सहयोग गर्ने, पार्टीलाई सुझाव दिने ।

(ङ) कृषिको व्यवसायिकरण, आधुनिकिकरण र यान्त्रिकिकरणलाई बढाउन नीतिगत तथा व्यवहारिक पैरवी गर्ने ।

(च) भूमिसुधारका माध्यमबाट कृषिमा आधारित किसानहरूलाई जमिन उपलब्ध गराउन पैरवी गर्ने ।

(छ) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

17. **उद्योग, वाणिज्य तथा आपूर्ति विभाग**

(क) देशमा कृषि, उद्योग, जलस्रोत र उर्जा, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा आन्तरिक र वाह्य लगानी गर्नका लागि आवश्यक लगानी मैत्री वातावरण तयार गर्न, अध्ययन अनुसन्धान, छलफल, गोष्ठी, सेमिनार र अन्तरक्रिया गर्ने र उद्योग, वाणिज्य तथा व्यापारसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न पार्टीलाई आवश्यक सहयोग गर्ने ।

(ख) देशमा सञ्चालित ठूला, मझौला र साना उद्योगहरूको अवस्था बारे तथ्याङ्क सङ्कलन गर्ने, विवरण तयार पार्ने ।

(ग) मित्र राष्टका सहयोगमा निर्माण गरिएका उद्योगहरू बन्द अवस्थमा रहेका उद्योगहरू पुनःसञ्चालन गर्न आवश्यक पहल गर्ने ।

(घ) बस्तु आयात र निर्यातबिच असन्तुलन र बढ्दो व्यापारघाटाका कारणबारे अध्ययन गरी व्यापारघाटा कम गर्न, निर्यात बढाउने नीति, निर्माण गर्नका लागि पार्टीलाई सहयोग गर्ने ।

(ङ) पार्टी निकट उद्योग, बाणिज्य तथा व्यवसाय महासङ्घलाई पार्टी नीतिअनुरूप समन्वय र परिचालन गर्ने तथा उद्योग र वाणिज्य क्षेत्रका अन्य सङ्घ/संस्था, महासङ्घसँग सम्पर्क समन्वय गर्ने र पार्टी, देश र राष्ट्र हितमा क्रियाशील बनाउने ।

(च) देशमा अत्यावश्यकीय वस्तु-खाद्यान्न, नुन, तेल, रासायनिक मल, निर्माणका सामग्रीलगायतका बस्तुको आपूर्ति सहज र सुलभ रूपमा गराउन निरन्तर पैरवी गर्ने ।

(छ) विशेष गरी दुर्गम र प्राकृतिक प्रकोप पीडित क्षेत्रहरूमा सरकारी राहत सेवा पुगे नपुगेको तथ्यपरक विश्लेषण गरी सुझाव दिने ।

(ज) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

18. **जलस्रोत तथा उर्जा विभाग**

(क) सिञ्चाई जल र उर्जाको अधिकतम् विकास गरी व्यापार घाटालाई सन्तुलन गर्ने, आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विषयमा अध्ययन अनुसन्धान गर्ने, जलस्रोतको विकास गरी विजुली, र पानी निर्यात गरी मुलुकलाई समृद्ध र विकसित बनाउन नीति निर्माण गर्न पार्टी केन्द्रीय समितिलाई सहयोग गर्ने ।

(ख) वन, जलस्रोत, खनिज, गिट्टी , ढुंगा, वालुवा आदिलाई पर्यावरणमाथि असर नपर्ने गरी उपयोग गर्न, संरक्षण गर्न सरकारकारलाई आवश्यक सुझाव सल्लाह र दवाद दिने ।

(ग) जलस्रोत तथा उर्जा (पवन, सौर्य, जल, खनिज) आदि को विकासमा पहल गर्ने ।

(घ) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

19. **शिक्षा विभाग**

(क) देशको शिक्षा प्रणाली समग्र शैक्षिक अवस्थाका बारे विस्तृत अध्ययन अनुसन्धान गर्ने र सङ्घीय शिक्षा नीति निर्माण गर्न पार्टीलाई सहयोग गर्ने । शिक्षा क्षेत्रका समस्याहरू अध्ययन गरी समाधानका उपायहरू पेस गर्ने ।

(ख) उच्चमाध्यामिक तहसम्मको शिक्षालाई निःशुल्क तथा अनिवार्य र उच्च शिक्षालाई गुणस्तरीय, विज्ञान र प्रविधिमा आधारित तथा सबै जनताको सहज पहुँचमा पुग्नका लागि शिक्षा नीतिमा सुधार र परिवर्तन गर्न प्रयास गर्ने ।

(ग) साक्षरता अभियान सञ्चालन गरी निरक्षरता उन्मूलन गर्न सबैलाई साक्षर बनाउने अभियान सञ्चालन गर्ने, गराउने ।

(घ) शिक्षामा सुधार ल्याउन शैक्षिक क्षेत्रलाई सवलीकरण गर्न प्रोत्साहित गर्ने ।

(ङ) शिक्षा क्षेत्रमा भइरहेको माफियाकरण र व्यापारीकरण रोक्ने र सार्वजनिक विद्यालय, सरकारी कलेज, विश्वविद्यालयमा शिक्षालाई गुणस्तरीय बनाउन आवश्यक कार्य गर्ने ।

(च) पार्टी निकट शैक्षिक संस्थाहरू र पार्टीबिच सम्बन्ध, सम्पर्क स्थापित गरी आवश्यक सहयोग, सल्लाह दिई परिचालन र क्रियाशील बनाउने ।

(छ) विद्यालय व्यवस्थापन समितिको निर्वाचन र परिचालनको सन्दर्भमा नीति बनाउने ।

(ज) मातृभाषामा उच्च शिक्षाको अध्ययन, अध्यापन तथा पठन पाठनको व्यवस्था गर्न पाठ्यपुस्तकहरू तयार गर्न सरकारलाई दबाब दिने ।

(झ) मानव जीवन सहज र उत्पादनमुखी बनाउन विज्ञान-प्रविधिको विकासमा जोड दिने, यसको अध्ययन र अनुसन्धानलाई उच्च महत्त्व दिने र यससम्बन्धी शिक्षालाई विद्यालयदेखि विश्वविद्यालयसम्म विशेष प्राथमिकता दिन योजना बनाउने ।

(ञ) नवप्रवर्द्धनलाई जोड दिँदै देशबाट वैज्ञानिक तथा प्राविधिक क्षेत्रका प्रतिभा पलायन रोक्न देशभित्रै अवसरको सिर्जना गर्न नीति बनाउने ।

(ट) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

20. **स्वास्थ्य तथा जनसङ्ख्या विभाग**

(क) स्तरीय र सर्वसुलभ स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँचका लागि प्रयास गर्ने, पार्टीलाई स्वास्थ्यसम्बन्धी नीति निर्माणका लागि आवश्यक सल्लाह, सुझाव र सहयोग गर्ने ।

(ख) स्वास्थ्य र पोषण क्षेत्रमा सरकारले गरिरहेको कार्यक्रमहरूलाई अध्ययन गर्ने र सुधारका लागि सरकारलाई दबाब दिने, पार्टीलाई सल्लाह र सुझाव दिने ।

(ग) पार्टी निकट स्वास्थ्यसम्बन्धी संस्थाहरू र पार्टीबिच सम्बन्ध, सम्पर्क स्थापित गरी आवश्यक सहयोग, सल्लाह दिई परिचालन र क्रियाशील बनाउने ।

(घ) चिकित्सक, स्वास्थ्यकर्मी, स्वास्थ्य प्राविधिक, आदिबिच सम्बन्ध स्थापित गर्ने, विस्तार र क्रियाशील बनाउने ।

(ङ) प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अवस्था सृजना गर्न आवश्यक कार्य गर्ने ।

(च) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

21. **सहकारी तथा गरिवी निवारण विभाग**

(क) पार्टी निकट सहकारी सङ्घ/संस्था र सङ्गठन, महासङ्घसँग सम्पर्क राख्ने र उनीहरूलाई पार्टीको तर्फबाट सहयोग, सल्लाह दिने र पार्टी हितमा परिचालन गर्ने । सहकारी विकास, सहकारी योजना नीति तथा कार्यक्रमको निर्माण, संरक्षण एवम् प्रवर्द्धन गरी आर्थिक-सामाजिक अभियानलाई ठोस सहयोग पुऱ्याउन कार्ययोजना बनाउने ।

(ख) सहकारीताको माध्ययमबाट गरिबी, बेरोजगारी अन्त्य गर्न सहकारी अभियानलाई अगाडि बढाउने ।

(ग) पार्टी सदस्यहरूलाई सहकारी अभियानसँग जोड्न आवश्यक प्रशिक्षण तालिमको व्यवस्था गर्ने, प्रोत्साहन दिने । जनताको उत्थान, गरिबी निवारण, रोजगारीको सृजनाका निम्ति सहकारीलाई प्रभावकारी माध्यमको रुपमा अगाडि बढाउने र किसानलाई कृषि सहकारीमा आबद्ध गराउने ।

(घ) सहकारीबारे पार्टी, नीति निर्माणमा सहयोग गर्ने ।

(ङ) निरपेक्ष गरीबीको स्वरूप र अवस्थाबारे तथ्य तथ्याङ्कका आधारमा विश्लेषण गरी त्यसको निवारणका लागि पार्टीमा सुझाव दिने ।

(च) गरीबी निवारणको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना बनाई पार्टीलाई सुझाव दिने ।

(छ) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

22. **श्रम, रोजगार तथा सामाजिक सुरक्षा विभाग**

(क) श्रम, रोजगार तथा सामाजिक सुरक्षा नीति तर्जुमा गर्न आवश्यक पहल गर्ने ।

(ख) देशको श्रम शक्तिका लागि देशभित्रै रोजगारी सिर्जना गर्न राज्यलाई दबाब दिने र स्वरोजगार व्यवसाय गर्न प्रोत्साहित गर्ने ।

(ग) वैदेशिक रोजगारीबाट पुँजी र प्रविधिसहित फर्केका नेपालीहरूलाई देशभित्र व्यवसाय गर्न प्रोत्साहित गर्ने र प्राप्त विप्रेषणको रकमलाई देशको औद्योगिक विकासमा लगानी गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

(घ) सरकारी, सार्वजनिक वा निजी क्षेत्रका जुनसुकै रोजगारदाताले नेपाली नागरीकहरूको बिचमा रोजगारीका अवसरहरूमा कुनै प्रकारको भेदभाव गर्न नपाउने व्यवस्था गर्न दबाब दिने ।

(ङ) श्रम तथा राजगारीसँग सम्बन्धित विषयमा अन्तर्क्रिया, गोष्ठी आदि गर्ने तथा यससँग सम्बन्धित सरकारी निकायहरूको कामको अनुगमन गर्ने ।

(च) आर्थिक समृद्धिका क्षेत्रहरूको खोजी गरी रोजगारी श्रृजनाका अवसरहरू माथि रचनात्मक बहस र त्यसका लागि नीतिगत पैरवी गर्न पार्टीलाई सहयोग गर्ने ।

(छ) श्रम संस्कृतिको विकास गर्न सरकार, राजनीतिक दल, श्रम क्षेत्र र नागरीक समाजले लिनुपर्ने नीति र व्यवहार माथि सोध, नीतिगत पैरवी र बहसलाई अगाडी वढाउने

(ज) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

23. **वन, वातावरण तथा विपद् व्यवस्थापन विभाग**

(क) विश्वव्यापीरूपमा पर्यावरणीय सङ्कट, तापक्रममा परिवर्तन, बढ्दो प्रदूषण, औद्योगिक प्रदूषण, रसायनिक प्रदूषणले गर्दा जीवन नै सङ्कटमा पर्दै गइरहेको छ । यसबाट जीवनलाई बचाउने प्रयास गर्ने ।

(ख) वन तथा वातवरणसम्बन्धी नीति निर्माणमा पार्टीलाई सहयोग गर्ने ।

(ग) वन तथा वातावरणसँग सरोकार राख्ने संस्था, सङ्गठन सङ्ग सम्पर्क राखि पार्टीहितमा क्रियाशील बनाउने ।

(घ) वन, वातावरण र पर्यावरण तथा जैविक विविधता संरक्षणसम्बन्धी अध्ययन अनुसन्धान गरी नीति, निर्माणमा पार्टीलाई सहयोग गर्ने ।

(ङ) बाढी, पहिरो, भूकम्प, दुर्घटनाजस्ता विपद्मा परी पीडित भएका व्यक्ति वा परिवारलाई पार्टीको तर्फबाट उद्धार, राहत, पुनर्स्थापना आदि कार्यमा सहयोग गर्न जनवर्गीय र शुभेच्छुक सङ्घ संस्था समेतलाई परिचालन गर्ने, गराउने ।

(च) विपद व्यवस्थापनसम्बन्धी नीति निर्माण गर्न पार्टीलाई सहयोग गर्ने ।

(छ) वन, जंगल वातावरण र जैविक विविधताको संरक्षण गर्न पहल गर्ने । तराई मधेसलाई मरुभूमिकरणबाट जोगाउन पर्यावरणीय सन्तुलनको कामलाई एकिकृतरुपमा अगाडि बढाउने ।

24. **पर्यटन तथा नागरिक उड्डयन विभाग**

(क) मुलुकको पर्यटन क्षेत्रको प्रवर्द्धन, सम्बर्द्धन र विकास तथा पर्यटन क्षेत्रका नयाँ सम्भावनाहरूको खोजी, पर्यटन उद्योग र व्यवसायको वृद्धि गरी मुलुकलाई समृद्धितर्फ लैजाने महत्त्वपूर्ण क्षेत्रको विषयमा अध्ययन अनुसन्धान गरी पार्टीलाई नीति निर्माण गर्न सहयोग गर्ने । नेपालको हवाई उड्ययनको क्षेत्रमा रहेका समस्याहरू, अनियमितता तथा विकृतिहरूको निराकरणका लागि नीति निर्माण गर्न सहयोग पुरयाउने ।

(ख) पर्यटन व्यवसायसँग सम्वद्ध सङ्घ/संस्थाहरूको विवरण तयार गर्ने, सम्पर्क राख्ने र पार्टीको हितमा क्रियाशील बनाउने ।

(ग) पर्यटन क्षेत्रको विकासमा योगदान पुऱ्याउन प्रयास गर्ने । पर्यटनका विविध क्षेत्र पहिल्याई तिनका पूर्वाधार निर्माणका निम्ति योजना तथा नीति निर्माण गर्न सहयोग गर्ने ।

(घ) नेपालको हवाई उड्डयनसँग देखा परेका समस्या निवारणका लागि सुझाव पेस गर्ने ।

(ङ) नेपालको हवाई उड्डयनको क्षेत्रमा रहेका अनियमितता तथा विकृतिहरूको निराकरणका लागि नीति तथा प्रस्ताव बनाउने ।

(च) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

25. **पूर्वाधार विकास विभाग**

(क) सहरी विकास, यातायात, खानेपानी जस्ता भौतिक पूर्वाधारसम्बन्धी समग्र नीति तथा दीर्घकालिन र अल्पकालिन योजना निर्माण गर्न पार्टीलाई सहयोग गर्ने ।

(ख) सहरी तथा ग्रामिण पूर्वाधार विकासका लागि सडक, रेल, नहर र विमानस्थल आदिबारे आवश्यक नीति बनाई कार्यान्वयन गर्न तथा यातायातको विकास, व्यवस्थापन र नियमनका लागि आवश्यक सुझाव दिने ।

(ग) अनियन्त्रित बसोवास नियन्त्रण, बैज्ञानिक भू-उपयोग नीति निर्माण, एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन, भूकम्प प्रतिरोधक तथा वातावरण मैत्री सहर निर्माण र पहिचानमा आधारित सामुदायिक वस्ती तथा साँस्कृतिक सम्पदा सहरहरू विकास गर्न योजना बनाउने ।

(घ) देशमा खाद्य सामग्री, सडक, सञ्चार, बिजुली, खानेपानी, ढल निकास, दमकल, एम्बुलेन्स, शिक्षा, स्वास्थ्य केन्द्र आदिको व्यवस्था गर्न सरकारलाई दबाब दिने ।

(ङ) प्रदेशहरूलाई केन्द्रबिन्दु बनाई सडकसँग जोडिएका निर्माणाधिन सहरहरूलाई व्यवस्थित गर्न प्रदेश र स्थानीय तह सक्रिय बनाई व्यवस्थित सहरीकरणको योजना कार्यान्वयन गर्ने, गराउने ।

(च) विकासको पूर्वाधारहरू पुऱ्याउन सजिलो होस् भन्नाका लागि असुरक्षित र छरिएर रहेका ग्रामिण वस्तीहरूलाई एकै स्थानमा केन्द्रीत गर्ने गरी व्यवस्थित सहरीकरण र बसोबासको योजना बनाउने ।

(छ) हिमाल, पहाड र तराईका बस्तिहरूमा स्वच्छ, शुद्ध तथा स्वस्थकर खानेपानीको प्रबन्ध गर्नको निम्ति गर्न पर्ने आवधिक तथा दीर्धकालिन योजना तर्जुमा गर्ने,

(ज) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

26. **उपभोक्ता हित संरक्षण विभाग**

(क) आम नागरीकको, हक, हित र कर्तब्यका लागि काम गर्ने उपभोक्ता अधिकारसँग सम्बन्धित सङ्गठन निर्माण गरी पार्टीको नीति, उदेश्य, सिद्धान्त र निर्णयको अनुसार परिचालन गर्ने ।

(ख) विभिन्न उद्योगहरूबाट उत्पादित तथा आयातित बस्तुहरूको गुणस्तरबारे अनुगमन गर्न, जनस्वास्थ्य अनुकुल भए नभएको निग्रानी गर्न र बस्तु उत्पादनलाई उपभोक्ता हितमा राख्न दवाव दिने ।

(ग) बजार मूल्यको अवस्था र उपभोक्ताहरूमा पर्न गएको कष्ट पीडाबारे निरन्तर तथ्यपरक विश्लेषण गरी सम्बन्धित निकायलाई सुझाव दिने ।

(घ) जनस्वास्थ्यलाई असर पर्ने कम्बल, खाद्यान्न, औषधी, तेल निर्माण सामग्री पदार्थहरू उत्पादन गर्ने संस्था, उद्योग कम्पनीहरूमाथि निरन्तर निगरानी गरी उपभोक्ताको पक्षमा पैरवी गर्ने ।

(ङ) उपभोक्ता हित संरक्षणसँग सम्बन्धित सरकारी र गैरसरकारी संस्थाहरूसँग समन्वय गरी सचेतना प्रवर्द्धनमा निरन्तर लागी पर्ने ।

(च) सेवा प्रदायक संस्थाहरूबाट गुणस्तरीय सेवा प्रवाहका लागि दवाव दिने र काला बजारी, कार्टेलिङ, कृतिम अभाव रोक्न आपश्यक कार्य गर्ने ।

(छ) उपभोक्ताहरूमा हुने मिसावट वा कुनै सेवा प्रदायक संस्थाबाट हुने लापर्वाहीका विरुद्ध जनतालाई सचेत गर्ने ।

(ज) उपभोक्तको हक, हितको पक्षमा चेतना अभिबृद्धि एवम जागरणसम्बन्धी विविध योजना र कार्यक्रम गर्ने ।

(झ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

27. **सामाजिक सेवा तथा गैर-सरकारी संस्था विभाग**

(क) पार्टीसङ्ग आवद्ध गैर-सरकारी सामाजिक सङ्घ, संस्था, महासङ्घसँग समन्वय सम्पर्क राख्ने र पार्टीहितमा क्रियाशील बनाउने ।

(ख) राष्ट्रिय स्तरका गैर-सरकारी क्षेत्र सङ्घ, संस्था र देशभित्र कार्यरत विदेशी गैर-सरकारी सङ्घ संस्थाहरूको तथ्याङ्क सङ्कलन गर्ने, तिनीहरूको कार्य सम्बन्धमा अध्ययन गर्ने सुझावसहित पार्टी नीति निर्माण गर्न सहयोग गर्ने ।

(ग) गैर-सरकारी संस्थाको माध्ययमबाट समाजको आर्थिक उत्थान, गरिबी उन्मुलन र आयमूलक व्यवसायलाई प्रोत्साहन गर्ने कार्यमा भूमिका खेल्ने ।

(घ) पार्टीका सदस्यहरूलाई गैर-सरकारी संस्था स्थापना, सञ्चालनसम्बन्धी प्रशिक्षण दिने ।

(ङ) मानव अधिकार तथा नागरिक, राजनीतिक, आर्थिक र साँस्कृतिक अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुन, घोषणा तथा अधिकाहरूको नेपाल पक्ष राष्ट्र रहेकोमा त्यसको कार्यान्वयन र नभएकोमा अनुमोदन गर्न दवाव दिन गतिविधि सञ्चालन गर्ने ।

(च) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## धारा - ९९ पार्टी संयन्त्र, कार्यदल र इन्चार्ज

1. पार्टी र जनवर्गीय सङ्गठन तथा अन्य सङ्घ संस्थाहरूबिच समन्वय गर्न, क्रियाशील बनाउन, पार्टीको बैचारिक, नीतिगत अवधारणा अनुसार, परिचालन गर्न, पार्टीको नीति तथा सिद्धान्तअनुरूप कार्य गर्न, पार्टी निर्णय लागू गराउन सम्बन्धित पार्टी समितिले सो कामका लागि विभाग गठन नगरेको भए सम्बन्धित जनवर्गीय वा सरोकारवाला सङ्गठनमा रहेका सङ्गठित पार्टी सदस्यहरूमध्ये मुख्य पदाधिकारीहरूसहित १५ सदस्यसम्मको पार्टी संयन्त्र गठन गर्ने छ ।
2. पार्टी संयन्त्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् -

(क) आफू सम्बन्धित जनवर्गीय, बौद्धिक पेसाकर्मी, सामुदायिक, जनप्रतिनिधिमूलक र सरोकारवाला सङ्घ, संस्था र सङ्गठनलाई पार्टी नीति, निर्माण र निर्देशनअनुरूप सञ्चालन गर्ने ।

(ख) जनवर्गीय सङ्गठन, बौद्धिक पेसाकर्मी तथा जातीय/सामुदायिक सङ्गठनलाई पार्टी संयन्त्रको माध्यमबाट पार्टीको नीति, निर्णय र निर्देशनअनुरूप परिचालन गर्ने ।

(ग) संयन्त्रले सम्बन्धित पार्टी समितिको निर्णय, निर्देशन र नीतिलाई पालना गर्नुपर्ने छ ।

(घ) संयन्त्र सम्बन्धित पार्टी समितिप्रति उत्तरदायी रहने र आफ्नो कार्यको प्रगति विवरण नियमितरूपमा पार्टी समितिमा प्रस्तुत गर्ने ।

(ङ) सम्बन्धित पार्टी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

3. पार्टी संयन्त्र सञ्चालन विधि र प्रक्रियासम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले तोकेबमोजिम हुने छ ।

4. **कार्यदल**

(क) कुनै पनि तहका पार्टी समितिले कुनै विशेष प्रयोजनका लागि आफ्नो तहमा कार्यदल गठन गर्न सक्ने छ ।

(ख) सम्बन्धित पार्टी समितिले कार्यदलको संयोजक र सदस्यहरू तोक्नुका साथै कार्यदलको अधिकार कर्तव्य र कार्यकाल समेत तोक्न सक्ने छ ।

(ग) सम्बन्धित पार्टी समितिको निर्णय र निर्देशनअनुरूप कार्यदलले काम गर्ने छ ।

5. **इन्चार्ज र सहइन्चार्ज**

(क) विभिन्न तहका पार्टी समितिहरूले मातहतका समिति तथा जनवर्गीय सङ्गठनहरूमा आफ्नो प्रतिनिधिको रूपमा आवश्यकतानुसार इन्चार्ज र सहइन्चार्ज खटाउन सक्ने छ ।

(ख) इन्चार्ज र सहइन्चार्जहरूको मुख्य काम पार्टी प्रतिनिधिको रूपमा मातहतका समितिमा पार्टी धारणा स्पष्ट पार्ने, पार्टीको निर्देशन कार्यान्वयन गर्न, गराउन समितिहरूहरूको बिचमा समन्वयकारी भूमिका निर्वाह गर्ने र मातहतका समितिको सुझाव माथिल्लो समितिमा प्रस्तुत गर्ने हुने छ ।

(ग) आवश्यकता परेको खण्डमा केन्द्रीय सदस्यहरूलाई केन्द्रीय समितिले जुनसुकै तहको समिति तथा जनवर्गीय सङ्गठनका लागि इन्चार्ज तोक्न सकिने छ ।

(घ) इन्चार्ज र सहइन्चार्जले आफूलाई खटाएको समितिमा नियमित रूपमा कार्य प्रगति विवरण पेस गर्नुपर्ने छ ।

परिच्छेद - १५

## विशेष महाधिवेशन तथा अधिवेशन

### धारा - १०० विशेष महाधिवेशन तथा अधिवेशन

1. पार्टीको विशेष राष्ट्रिय महाधिवेशनसम्बन्धी व्यवस्था देहायबमोजिम हुने छ ।

(क) उचित कारण र ठोस कार्यसूचीसहित बहुमत प्रदेश र जिल्ला समितिहरूको बहुमतले निर्णय गरी लिखितरूपमा माग गरेमा माग पत्र दर्ता भएको मितिले ६ महिनाभित्र केन्द्रीय समितिले विशेष महाधिवेशन आयोजना गर्नुपर्ने छ ।

(ख) विशेष राष्ट्रिय महाधिवेशनको विधि र प्रक्रिया राष्ट्रिय महाधिवेशनको व्यवस्थाअनुरूप हुने छ ।

(ग) केन्द्रीय समितिले विशेष महाधिवेशनको आयोजना नगरेमा माँग गर्ने समितिहरूले विशेष महाधिवेशन आयोजक समिति बनाई महाधिवेशनको आयोजना गर्न सक्ने छ ।

**२. प्रदेश विशेष अधिवेशनसम्बन्धी व्यवस्था देहायबमोजिम हुने छन् ।**

(क) उचित कारण र ठोस कार्य सूचीसहित बहुमत जिल्ला समितिहरू र नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका समितिको बहुमतद्वारा निर्णय गरी लिखितरूपमा मांग गरेमा मागपत्र दर्ता भएको ६ महिनाभित्र प्रदेश समितिले प्रदेश विशेष अधिवेशन आयोजना गर्नुपर्ने छ ।

(ख) प्रदेश अधिवेशनको विधि र प्रक्रिया नै विशेष प्रदेश अधिवेशनको हुने छ ।

(ग) प्रदेश समितिले विशेष अधिवेशन आयोजना नगरेमा, अधिवेशन माँग गर्ने समितिहरूले आयोजक समिति गठन गरी विशेष अधिवेशन गर्न सक्ने छ ।

**३. स्थानीय तहको विशेष अधिवेशन**

स्थानीय तह विशेष अधिवेशनसम्बन्धी व्यवस्था देहायबमोजिम हुने छ ।

(क) जिल्ला विशेष अधिवेशनको लागि जिल्लाभित्रका पालिकाका बहुमत समितिहरूले निर्णय गरेर लिखित रूपमा माग गरेमा जिल्ला समितिले विशेष अधिवेशन बोलाउनुपर्ने छ । उक्त विशेष अधिवेशनको कार्यसूची विशेष अधिवेशन मागपत्र दर्ता भएअनुरूप हुने छ ।

(ख) पालिका विशेष अधिवेशन पालिका बहुमत वडा समितिहरूले वडाको बहुमतद्वारा निर्णय गरी उचित कारण र ठोस कार्यसूचीसहित विशेष अधिवेशनको माग दर्ता गरेको मितिले ६ महिनाभित्र सम्बन्धित समितिले विशेष अधिवेशन आयोजना गर्नुपर्ने छ ।

(ग) जिल्ला समिति र पालिका समितिले विशेष अधिवेशन आयोजना गर्न अस्वीकार गरेमा वा नगेरमा विशेष अधिवेशन माग गर्ने समितिहरूले आयोजक समिति बनाई विशेष अधिवेशन गर्न सक्ने छ ।

४. विशेष महाधिवेशन तथा अधिवेशनको कार्यसूची दर्ता गरेको माग पत्रमा उल्लेख गरिएको हुने छ ।

परिच्छेद - १६

## राष्ट्रिय महाधिवेशन र अधिवेशनको निर्णय प्रमाणीकरण

### धारा - १०१ राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको निर्णय प्रमाणीकरण

**राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको निर्णय प्रमाणीकरणसम्बन्धी देहायबमोजिम व्यवस्था रहने छ ।**

१. राष्ट्रिय महाधिवेशनका निर्णय प्रमाणीकरणका लागि महाधिवेशन प्रतिनिधिहरूमध्येबाट कम्तीमा एक तिहाई महिला सहित नौ जना सदस्यहरू रहेको निर्णय प्रमाणीकरण समिति गठन गर्नुपर्ने छ ।

२. अधिवेशनको निर्णय प्रमाणीकरणका लागि सम्बन्धित तहको अधिवेशनद्वारा अधिवेशन प्रतिनिधिहरूमध्येबाट एक तिहाई महिलासहित ७ जना सदस्य रहेको निर्णय प्रमाणिकरण समिति गठन गर्नुपर्ने छ ।

३. उपरोक्त धारा १, २ बमोजिम गठन भएको समितिले निर्णय प्रमाणीकरण गरेपछि मात्र निर्णयले आधिकारिकता पाउने र कार्यान्वयनमा आउने छन् ।

४. निर्णय प्रमाणीकरणसम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले तोकेबमोजिम हुने छ ।

परिच्छेद - १७

## बैठक र निर्णय

### धारा - १०२ बैठक

१. सामान्यतया केन्द्रीय समितिको बैठक ६ महिनामा नबढाई आयोजना गर्नुपर्ने छ ।

२. प्रदेश/राष्ट्रिय समितिको बैठक तीन महिनामा र जिल्ला समितिको बैठक दुई महिनामा नबढाई आयोजना गर्नुपर्ने छ ।

३. पालिका समितिको बैठक दुई महिनाभन्दा बढी नबढाई आयोजना गर्नुपर्ने छ ।

४. वडा समिति/टोल समितिका बैठक प्रत्येक महिनामा एक पटक अनिवार्य आयोजना गर्नुपर्ने छ ।

५. केन्द्रीय कार्यकारिणी समिति, केन्द्रीय सचिवालयको बैठक आवश्यकताअनुसार बस्ने छ । सामान्यतया केन्द्रीय कार्यकारिणी समितिको बैठक दुई महिनाभित्र र सचिवालयको बैठक एक महिनाभित्र बस्नुपर्ने छ ।

६. प्रदेश/राष्ट्रिय समितिको कार्यकारिणी समितिको बैठक प्रत्येक महिनामा र प्रदेश सचिवालयको बैठक १५ दिनभित्र बस्नुपर्ने छ । आवश्यकता परेको अवस्थामा जुनसुकै बेला पनि बस्न सक्ने छ ।

७. जिल्ला कार्यकारिणी समितिको बैठक सामान्यतया १ महिनामा बस्नुपर्ने छ, तर पार्टीलाई आवश्यकता परेका जुनसुकै बेला पनि बस्न सक्ने छ ।

८. विभाग, आयोग, संयन्त्रका र सल्लाहकार समितिका बैठक आवश्यकतानुसार आ-आफ्नो कार्य सम्पादन नियमावलीमा तोकेबमोजिम वा निर्णय अनुसार बस्ने छ ।
९. संसदीय दलको बैठक संसदीय दलको विधान र नियमावलीमा तोकिएबमोजिम हुने छ । तर, आवश्यक परेमा जुनसुकै बेला पनि बस्न सक्ने छ ।

### धारा - १०३ बहुमतको निर्णय

१. पार्टीको राष्ट्रिय महाधिवेशन, विधान अधिवेशन, प्रदेश/राष्ट्रिय समितिको अधिवेशन, विशेष अधिवेशन तथा केन्द्रीय समितिलगायत सबै बैठकमा विभिन्न विषयहरूमा छलफल गर्दा लोकतान्त्रिक विधि र प्रक्रिया अपनाइने छ । सम्भव भएसम्म सर्वसम्मतिले निर्णय गरिने छ । सर्वसम्मति हुन नसकेको अवस्थामा बहुमतको निर्णय पार्टीको निर्णय हुने छ । अल्पमतले चाहेमा लिखितरूपमा आफ्नो असहमति समितिमा राख्न सक्ने छ । अल्पमतमा अथवा फरकमतलाई सम्पत्तिको रूपमा दर्ज गरिने छ ।

परिच्छेद - १८

## पार्टी कोष र सम्पत्ति

### धारा - १०४ कोष

१. पार्टीको छुट्टै कोष हुने छ । जसमा देहाय अनुसारको रकम जम्मा हुने छ ।
(क) सदस्यता शुल्क वापत प्राप्त रकम ।
(ख) तोकिएको लेभी वा सदस्यता नवीकरणवापत प्राप्त रकम ।
(ग) स्वेच्छिक आर्थिक सहयोगबाट प्राप्त हुने रकम ।
(घ) पार्टीले कुनै कार्यक्रम आयोजना गरी सङ्कलन गरेको रकम ।
(ङ) पुस्तक, दस्तावेजलगायत प्रकाशनहरू बिक्री वितरण तथा चल अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम ।
(च) कोषमा रहेको रकम बापत बैंकबाट प्राप्त व्याज रकम ।
(छ) आर्थिक सहयोग बापत प्राप्त हुने रकम ।
२. उपधारा १ बमोजिम कोष प्रत्येक तहको समितिमा रहने छ ।
३. उपधारा (१) बमोजिमको कोषमा रहेको रकम प्रत्येक तहका समितिले बैंकमा खाता खोली जम्मा गर्नुपर्ने छ । पार्टीको दिनानुदिनको कार्य सञ्चालनका लागि नगदी कोषको व्यवस्था गरिने छ ।
४. पार्टीको प्रत्येक तहका समितिको नाममा हुने सबै खर्च सम्बन्धित तहको पार्टीको कोषबाट व्यहोरिने छ ।
५. प्रत्येक तहका पार्टी समितिहरूले आ-आफ्नो मातहतका समिति र सदस्यहरूबाट सदस्यता शुल्क र लेभी, समर्थक र शुभचिन्तकबाट आर्थिक सहयोग सङ्कलन गरी कोष निर्माण र सञ्चालन गर्न सक्ने छ ।
६. आर्थिक विनियम अनुसार पार्टीकोषको व्यवस्थापन र सञ्चालन हुने छ ।
७. कोषसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

### धारा - १०५ बैंक खाता सञ्चालन

१. पार्टीको बैंक खाता सम्बन्धित तहको समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये अध्यक्षको अनिवार्य रहने गरी सचिव र कोषाध्यक्ष दुईजनामध्ये कुनै एकको दस्तखतबाट सञ्चालन गरिने छ ।
२. पार्टीको बैंक खाता सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

## धारा - १०६ पार्टी सम्पत्ति

1. पार्टीको नाममा भएका चल, अचल जिन्सी, नगदलगायत सम्पूर्ण सम्पत्तिमा पार्टी केन्द्रीय समितिको पूर्ण स्वामित्व रहने छ ।
2. केन्द्रीय समितिको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही रहने छैन ।
3. पार्टी सम्पत्ति परिचालन पार्टीको आर्थिक विनियमबमोजिम हुने छ ।

## धारा - १०७ लेखा र लेखा परीक्षण

१. पार्टीको आय-व्ययको लेखा केन्द्रीय लेखा परिक्षण आयोगले तोकेबमोजिम राखिने छ ।
२. पार्टी केन्द्रको लेखा परीक्षण केन्द्रीय लेखा परिक्षण आयोगद्वारा हुने छ ।
३. प्रदेश र स्थानीय तहको समितिको लेखा परीक्षण केन्द्रीय लेखा परिक्षण आयोग आवश्यक समन्वयमा गर्ने छ ।
४. सबै समितिहरूले पार्टीको आर्थिक विनियम अनुसार आफ्नो आय-व्ययको लेखा राख्ने छन् । आय-व्ययको लेखा दोहरो लेखा प्रणालीको आधारमा राख्नुपर्ने छ ।
५. प्रत्येक पार्टी समितिले हरेक आर्थिक वर्षभित्र लेखा परीक्षण गराई माथिल्लो समितिमा पेस गर्नुपर्ने छ । आफ्नो तहको महाधिवेशन वा अधिवेशनमा सिङ्गो अवधिको लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्ने छ ।
६. लेखा र लेखा परीक्षणसम्बन्धी अन्य कार्य तोकिएबमोजिम हुने छ ।

परिच्छेद-१९

# विवाद समाधान समिति

## धारा - १०८ विवाद समाधान समिति

पार्टीको आन्तरिक विवाद समाधानका लागि देहायबमोजमका पदाधिकारी भएको विवाद समाधान समिति गठन गरिने छ ।

१. पार्टीको सङ्घीय परिषदका अध्यक्ष संयोजक
२. वरिष्ठ नेता र सहअध्यक्ष, सदस्य
३. केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष, सदस्य
४. प्रतिनिधिसभा संसदीय दलको नेता, सदस्य
५. कानुन विभाग प्रमुख सदस्य
६. केन्द्रीय समितिले केन्द्रीय कार्यकारिणी समितिका सदस्य मध्येबाट तोकेको ३ जना सदस्य

## धारा - १०९ विवाद समाधान समितिको काम, कर्तव्य र अधिकार

विवाद समाधान समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

1. सदस्यता बितरणसम्बन्धी विवाद, पार्टीभित्रको आन्तरिक विवाद र पार्टीभित्र देखा परेका नीतिगत विवाद, पार्टीभित्र भएका व्यक्तिगत वा सामूहिक विवादहरू हल गर्ने ।
2. पार्टीभित्र देखा परेका अन्य विवादहरू हल गर्ने ।

## धारा - ११० बिवाद समाधानको प्रक्रिया र कार्यविधि

1. विवाद समाधानको प्रक्रिया पार्टीको नीति, सिद्धान्त, पार्टी विधान र नियमावलीलाई आधार मानी विवाद हल गर्नुपर्ने छ ।

2. अन्य प्रक्रिया र कार्यविधि विवाद समाधान समिति आफैले तोकेबमोजिम हुने छ ।
3. विवाद सम्बन्धमा विवाद समाधान समितिले दिएको राय, सुझाव र निर्णय सबै पक्षलाई मान्य हुने छ ।

परिच्छेद- २०

## अविश्वासको प्रस्ताव

### धारा - १११ अविश्वासको प्रस्ताव

1. सबैतहका समितिका अध्यक्षलगायत निर्वाचित पदाधिकारीविरूद्ध कुनै ठोस कारण वा प्रमाण भएको खण्डमा सोसहित सम्बन्धित तहका समितिका सदस्यहरूको २५ प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित तहको समितिमा दर्ता गराउन सक्ने छ ।
2. अध्यक्षको विरुद्ध दर्ता हुन आएको प्रस्तावउपर कार्यकारिणी समितिले आधिकारिकता जाँच गर्दा आधिकारिक रहेको पाइएमा उक्त प्रस्ताव ६० दिनभित्र सम्बन्धित तहको समितिको बैठक बोलाई निर्णय गर्नुपर्ने छ । यस्तो निर्णय गर्दा केन्द्रीय समितिको हकमा सहअध्यक्ष र सो नभएमा उपाध्यक्षले, प्रदेश/राष्ट्रिय समितिको हकमा उपाध्यक्ष र सो नभएमा मुख्यसचिवले तथा स्थानीय तहको हकमा उपाध्यक्ष र सो नभएमा सचिवले बैठकको अध्यक्षता गर्ने छ ।
3. उपधारा (१) र (२) बमोजिम पेस हुन आएको अध्यक्षविरुद्धको अविश्वासको प्रस्ताव सम्बन्धित समितिको सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा अध्यक्ष आफ्नो पदबाट मुक्त हुने छ । अध्यक्ष पदमुक्त भएपछि यस विधानबमोजिम अर्को व्यवस्था नभए सम्मका लागि कार्यवाहक अध्यक्षले अध्यक्षको काम गर्ने छ ।
4. उपधारा (२) बाहेक सबै तहका समितिका निर्वाचित पदाधिकारीको विरुद्ध उपधारा (१) बमोजिम दर्ता हुन आएको अविश्वास प्रस्तावको सम्बन्धमा सम्बन्धित तहका समिति वा कार्यकारिणी समितिले आधिकारिकता जाँच गर्दा आधिकारिक रहेको पाईएमा सम्बन्धित तहको समितिले ६० दिनभित्र सम्बन्धित तहको समितिमा निर्णयार्थ पेस गर्नुपर्ने छ ।
5. उपधारा (४) वमोजिम निर्णयार्थ पेस हुन आएको कुनै पनि पदाधिकारीविरुद्धको अविश्वासको प्रस्ताव सम्बन्धित तहको समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाई बहुमतले पारित गरेमा आफ्नो पदबाट मुक्त हुने छ । पदमुक्त भएपछि यस विधानबमोजिम अर्को व्यवस्था नभए सम्मका लागि कार्यवाहक चयन वा पदपूर्ति गर्ने छ ।
6. अविश्वास प्रस्तावबाट पदमुक्त भएका अध्यक्ष वा पदाधिकारीले आगामी महाधिवेशनसमक्ष अपिल गर्न सक्ने छन् । महाधिवेशनले सो अपिलमाथि सुनवाई गरी निर्णय दिएपछि मात्र अरु विषयमा प्रवेश गर्ने छ ।
7. अविश्वासको प्रस्तावसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

परिच्छेद-२१

## विधान संशोधन

### धारा - ११२ विधान संशोधन कार्यदल

1. पार्टीको विधान संशोधन गर्न आवश्यक देखिएमा केन्द्रीय समितिले एकजना संयोजकसहित बढीमा ९ जना सदस्य रहेको विधान संशोधन कार्यदल गठन गर्ने छ ।
2. उपधारा (१) बमोजिमको कार्यदलमा कम्तीमा एक तिहाई महिला सदस्य रहने छन् ।
3. उपधारा (१) बमोजिमको कार्यदल समानुपातिक आधारमा समावेशी समूहका प्रतिनिधि समेत रहने गरी गठन गरिने छ ।

4. केन्द्रीय समितिले विधान संशोधन कार्यदल राष्ट्रिय महाधिवशेनको मितिले कम्तीमा ३ महिना अगावै गठन गर्ने छ ।
5. विधान संशोधन कार्यदलले देहायअनुसारको विधि, प्रक्रिया अबलम्बन गरी विधान संशोधनको मस्यौदा तयार गर्नुपर्ने छ ।
   (क) प्रदेश, राष्ट्रियसमिति, जिल्ला, पालिका समितिहरूसँग विधान संशोधन गर्नुपर्ने विषयका सम्बन्धमा सुझाव माग गर्ने ।
   (ख) खण्ड (क) बमोजिम माग प्राप्त सुझावका आधारमा संशोधनको खाका तयार गर्ने ।
   (ग) खण्ड (क) बमोजिमको खाका माथि केन्द्रीय समितिमा छलफल गर्ने ।
   (घ) विधान संशोधन मस्यौदा प्रतिवेदन तयार गरी केन्द्रीय समितिमा पेस गर्ने ।
6. कार्यदलले विधान संशोधन मस्यौदा प्रतिवेदनको प्रस्ताव महाधिवेशनको मितिभन्दा कम्तीमा ४५ दिन अगावै केन्द्रीय समितिमा पेस गर्नुपर्ने छ । विधान संशोधन कार्यदल र कार्यदलले अपनाउनुपर्ने प्रक्रिया तथा प्रतिवेदनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

## धारा - ११३ विधान संशोधन प्रस्ताव

१ धारा ११२ को उपधारा ६ (१) को खण्ड (घ) र (ङ) बमोजिम प्रतिवेदनको आधारमा केन्द्रीय समितिले अनुसूची १० बमोजिमको ढाँचामा विधान संशोधनको प्रस्ताव तयार गर्नुपने छ ।
२. उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि केन्द्रीय समितिले अनुसूची १० बमोजिम ढाँचामा विधान संशोधनको प्रस्ताव तयार गर्न विधान संशोधन कार्यदललाई जिम्मेवारी तोक्न सक्ने छ ।
३. उपधारा (२) बमोजिम जिम्मेवारी तोकिएका सोहीबमोजिम कार्य गर्नु विधान संशोधन कार्यदलको जिम्मेवारी हुने छ ।
४. विधान संशोधन कार्यदलले महाधिवेशन हुने मितिभन्दा कम्तीमा एक महिना अगावै तोकिएबमोजिमको ढाँचामा विधान मस्यौदा तयार गरी केन्द्रीय समितिमा पेस गर्ने छ ।
५. विधान संशोधन प्रस्तावसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

## धारा - ११४ विधान संशोधनको प्रक्रिया

१. पार्टी विधान संशोधन राष्ट्रिय महाधिवेशनबाट मात्र गरिने छ ।
२. धारा ११२ (४) बमोजिम विधान संशोधन कार्यदलले तोकिएबमोजिमको ढाँचामा पेस गरेको प्रस्ताव केन्द्रीय समितिले लिखितरूपमा राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने छ ।
३. धारा ११३ बमोजिम प्रस्तुत प्रस्तावमाथि राष्ट्रिय महाधिवेशनमा छलफल गरी आवश्यक देखेमा परिमार्जनसहित महाधिवेशन प्रतिनिधिको कुल सङ्ख्याको दुई तिहाई बहुमतले पारित भएमा विधान संशोधन हुने छ । राष्ट्रिय महाधिवेशनबाट पारित संशोधन प्रस्ताव यसै विधानको अंश हुने छ ।
४. विधान संशोधनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

## धारा - ११५ संशोधित विधानको प्रमाणीकरण

१. संशोधित विधान महाधिवेशनको निर्णय समितिले प्रमाणित गर्ने छ ।
२. उपधारा (१) मा जेसुकै कुरा लेखिएको भएतापनि धारा ११४ को उपधारा (३) बमोजिम विधान संशोधन भएकोमा उपधारा (१) बमोजिम गठन गरिएको निर्णय समिति वा तत्काल कायम रहेका केन्द्रीय समितिका प्रमुख पदाधिकारीले प्रमाणित गर्नुपर्ने छ ।
३. विधान संशोधन प्रमाणीकरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

## धारा - ११६ संशोधित विधान लागु हुने

१. धारा ११५ बमोजिम प्रमाणित विधान तत्कालदेखि लागू हुने छ ।

परिच्छेद - २२

## उम्मेदवार मनोनयनको मापदण्ड

## धारा - ११७ उम्मेदवार मनोनयनको मापदण्ड

१. नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम हुने निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार मनोनयन गर्दा देहायको मापदण्डको आधारमा गरिने छ ।
२. उम्मेदवारसम्बन्धी मापदण्ड केन्द्रीय समितिले तोकेबमोजिम हुने छ ।
३. उम्मेदवारको योग्यता - देहायबमोजिमको योग्यता भएको नेपालको नागरिक पार्टीको तर्फबाट राज्यको कुनै पनि तहको पदमा उम्मेदवार हुन योग्य मानिने छ ।
   (क) पार्टीको सङ्गठित पार्टी सदस्य भएको, तर कुनै राजनीति दल पार्टीमा एकीकरण वा समाहित भएको वा अन्य राजनीतिक दलमा काम गरी पार्टीमा प्रवेश गरेको व्यक्तिको हकमा केन्द्रीय समितिले निर्णय गरेबमोजिम हुने ।
   (ख) पार्टीद्वारा सञ्चालन गरिएका विभिन्न कार्यक्रम, अभियान, जनसङ्घर्ष र आन्दोलन समेतका गतिविधिमा सक्रिय रूपले सहभागी भई भूमिका खेलेको ।
   (ग) विगतका निर्वाचनहरूमा पार्टीका उम्मेदवारको पक्षमा सक्रियतापूर्वक काम गरेको ।
   (घ) प्रचलित कानूनबमोजिम उम्मेदवार हुन योग्य भएको ।
   (ङ) पार्टी सङ्गठन वा जनवर्गीय सङ्गठनमा सक्रिय भई काम गरेको ।
   (च) पार्टीले तोकेको लेभी नियमितरूपमा बुझाएको ।
   (छ) भ्रष्टाचार, कालाबजारी, महिला हिंसा, जातीय विभेद जस्ता अभियोगमा सजय नपाएको ।
   (ज) समाजमा लोकप्रिय, पार्टीमा सक्रिय र उच्च नैतिक चरित्र भएको ।
   (झ) जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पोसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्तित शुद्धीकरण, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको ।
   (ञ) पार्टी कोष वा पार्टी सम्पत्ति हिनामिना नगरेको ।

परिच्छेद - २३

## सङ्गठनात्मक सिद्धान्त र कार्यपद्धति

## धारा - ११८ पार्टीको सङ्गठनात्मक सिद्धान्त र कार्यपद्धति

पार्टीको सङ्गठनात्मक सिद्धान्त र कार्य पद्धति देहायबमोजिम हुने छ ।

1. पार्टीको सङ्गठनात्मक सिद्धान्त यस विधानमा व्यवस्था भएबमोजिम लोकतान्त्रिक अकेन्द्रीयकरण (Democratic Non-centralization) को मूल्य मान्यता, विधि, प्रक्रिया, प्रणालीअनुरूप हुने छ । पार्टीको आन्तरिक लाकतन्त्र बलियो बनाउन सामूहिक नेतृत्व प्रणाली अवलम्बन गरिने छ ।
2. पार्टी सङ्गठनभित्र आन्तरिक लोकतन्त्रको अभ्यास गरिने छ । लोकतन्त्रको अभ्यास अनुशासनको घेराभित्र हुनुपर्ने छ । पार्टीभित्र आन्तरिक लोकतन्त्रको मूल मर्म भनेकै उत्तरदायित्व र जवाफदेहिता हो । सबै तहमा पार्टीको लोकतान्त्रिकरण गर्न अपरिहार्य हुने छ । पार्टी विधि र प्रक्रिया अनुसार र पार्टी प्रणाली वा कार्य पद्धतिअनुरूप पार्टी सञ्चालन गरिने छ ।
3. पार्टीको सङ्गठनात्मक जीवन प्रणालीमा व्यक्ति सङ्गठन/समितिको मातहत, बहुमतको निर्णय पार्टी निर्णय, अल्पमत बहुमतको मातहत, तल्लो समिति माथिल्लो समितिको मातहत, पार्टीका सम्पूर्ण सदस्य तथा समिति/सङ्गठनहरू केन्द्रीय समितिको मातहत, केन्द्रीय समिति राष्ट्रिय

महाधिवेशनको मातहत र राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरू मातहत, प्रतिनिधिहरू सङ्गठित पार्टी सदस्यहरू मातहत हुने छ ।

4. पार्टीको सार्वभौमसत्ता र सर्वोच्चता सङ्गठित पार्टी सदस्यहरूमा निहित रहेको छ । यसको प्रयोग यस विधानमा व्यवस्था भएबमोजिम हुने छ ।
5. पार्टीको अन्य सङ्गठनात्मक कार्यपद्धति केन्द्रीय समितिले तोकेबमोजिम हुने छ ।

परिच्छेद - २४

## जनवर्गीय तथा सामाजिक सङ्गठन

### धारा - ११९ जनवर्गीय तथा सामाजिक सङ्गठन

**१. जनवर्गीय सङ्गठन**

(क) पार्टी सम्बद्ध महिला, युवा, विद्यार्थी, किसान, मजदुर, साँस्कृतिक, उद्योग बाणिज्य तथा व्यवसाय, भूपु सैनिक तथा प्रहरी, सुकुम्बासीलगायत पार्टीले आवश्यकताअनुसार जनवर्गीय सङ्गठनहरू निर्माण गर्न सक्ने छ ।

(ख) पार्टी सम्वद्ध जनवर्गीय सङ्गठनहरूलाई पार्टीको राजनीतिक नेतृत्व र आफ्नो विधान तथा नियमावलीअनुरूप सञ्चालित हुने छ ।

(ग) जनवर्गीय सङ्गठनका पदाधिकारी र सदस्यहरूको पार्टी हैसियत तोकिएबमोजिम हुने छ ।

**२. बौद्धिक पेसाकर्मी सङ्गठन**

(क) प्राध्यापक, वकिल, चिकित्सक, स्वास्थ्यकर्मी, इन्जिनियर, प्राविधिक, लेखक, कलाकार, संगितकार, साहित्यकार, पत्रकार, अडिटरलगायतका पेसाकर्मी सङ्गठनहरू निर्माण गरी परिचालन गर्न सक्ने छ ।

(ख) पेसाकर्मी सङ्गठनहरूले पार्टीको नीति, विचार र सिद्धान्तलाई स्वीकार गरी आफ्नो विधान र नियमावलीअन्तर्गत रही कार्य सञ्चालन गर्ने छ ।

**३. जातीय/सामुदायिक सङ्गठन**

(क) पार्टीले विभिन्न सामाजिक कार्य गर्नका लागि जातीय/सामुदायिक सङ्गठनको रूपमा आदिवासी जनजाति, मधेसी, थारु, शिल्पी वा दलित, मुस्लीम, पिछडा वर्गलगायतको सङ्गठन निर्माण गर्न सक्ने छ ।

(ख) सामाजिक सङ्गठनको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ ।

**४. स्वयम्सेवी सङ्गठन**

स्वैच्छिकरूपले सामाजिक एवम् सार्वजनिक क्षेत्रमा समाजसेवीरूपमा प्राकृतिक विपद्का समयमा तथा पार्टीले तोकेका विभिन्न क्षेत्रहरूमा स्वयम्सेवीकोरूपमा कार्य गर्न पार्टी केन्द्रीय समितिको मातहत रहने गरी युवा स्वयम्सेवक सङ्घ (Youth Volunteers Organisation) गठन गरी तिनको सञ्चालन विधि, काम, कर्तव्य र अधिकार तथा सङ्गठनात्मक संरचना समेत तोक्न सक्ने छ ।

परिच्छेद - २५

## सम्पर्क समिति, विशेष प्रदेश समिति र विशेष संरचना

### धारा - १२० केन्द्रीय सम्पर्क समिति

विभिन्न जिल्लाहरूबाट सङ्घीय राजधानीमा आई बसोबास गर्ने पार्टी सदस्यहरूलाई सङ्गठित गरी परिचलान गर्न एक केन्द्रीय सम्पर्क समिति रहने छ ।

## धारा - १२१ प्रदेश र जिल्ला सम्पर्क समिति

१. विभिन्न प्रदेशमा मतदाता रही सङ्घीय राजधानीमा अस्थायी बसोबास गरिबसेका पार्टीका सदस्य, पार्टीप्रति प्रतिबद्ध व्यक्तिले प्रदेश सम्पर्क समिति गठन गर्ने छ ।

२. प्रदेश सम्पर्क समिति सम्बन्धित प्रदेशको पार्टी समितिको सल्लाह, समन्वय र निर्देशनमा रही कार्य गर्ने छ ।

३. विभिन्न जिल्लामा मतदाता रही सङ्घीय राजधानीमा अस्थायी बसोबास गरी बसेका पार्टीका सदस्य, पार्टीप्रति प्रतिबद्ध व्यक्तिले जिल्ला सम्पर्क समिति गठन गर्ने छ ।

४. जिल्ला सम्पर्क समिति सम्बन्धित जिल्लाको पार्टी जिल्ला समितिको सल्लाह, समन्वय र निर्देशनमा रही कार्य गर्ने छ ।

५. निर्वाचन र अन्य पार्टी अभियान तथा कार्यक्रममा जिल्ला समितिसँगको समन्वयमा रही सम्पर्क समितिले कार्य गर्ने छ ।

५. यस समितिले पार्टीको केन्द्रीय कार्यालय, सम्बन्धित प्रदेश/राष्ट्रिय समितिको कार्यालय र सम्बन्धित जिल्ला समितिसँग समन्वय गरी काम गर्ने छ । यस सम्बन्धमा अन्य व्यवस्था केन्द्रीय समितिले तोकेबमोजिम हुने छ ।

## धारा - १२२ प्रवास विशेष प्रदेश समिति

1. विभिन्न मुलुकमा रहेका पार्टीका सदस्यहरूलाई सङ्गठित गर्न, परिचालन गर्न र व्यवस्थित गर्न प्रवास विशेष प्रदेश समिति रहने छ । यस समितिको काम प्रवासमा रहेका नेपालीहरूबिच पार्टी विस्तार गर्न हुने छ ।
2. यससम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले तोकेबमोजिम हुने छ ।

## धारा - १२३ विशेष संरचना

1. पार्टी सङ्गठनभित्र विशेष संरचनाको रूपमा केन्द्रीय समितिले राष्ट्रिय/जातीय, भाषिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचानमा आधारित स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र स्तरीय समितिहरू गठन गरी तिनको अधिकार कर्तव्य तोक्न सक्ने छ ।
2. विशेष संरचनाहरूले राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक, साँस्कृतिक विकासका लागि आवश्यक कार्य गर्ने छ ।
3. केन्द्रीय समितिले यस विधानमा उल्लेख गरिएका बाहेक आवश्यकताअनुसार अन्य समितिहरू गठन गरी तिनको काम, कर्तव्य र अधिकार तोक्न सक्ने छ ।

परिच्छेद - २६

# कार्यविभाजन, जिम्मेवारी पालना र अनुगमन तथा कार्यमूल्याङ्कन

## धारा - १२४ कार्यविभाजन

1. पार्टीको कामलाई अगाडि बढाउन र व्यवस्थित गर्न पार्टीका समितिहरूले एक व्यक्ति एक मुख्य जिम्मेवारीको अवधारणालाई अवलम्वन गरी आ-आफ्नो समितिका सबै पदाधिकारी र सदस्यलाई कार्यविभाजन गरी जिम्मेवारी तोक्न सक्ने छ ।
2. कार्यविभाजन गर्दा समितिका सदस्यहरूलाई भूगोलको काममा, विभागीय काममा, जनवर्गीय सङ्गठनको काममा वा अन्य आवश्यक काममा विन्यास गर्ने गरी गरिने छ । आफूलाई तोकिएको जिम्मेवारी वा कार्य सम्पन्न गर्नु प्रत्येक सदस्यको दायित्व एवम् कर्तव्य हुने छ ।

### धारा - १२५ अनुगमन तथा कार्यमूल्याङ्कन

1. पार्टी समितिले निश्चित विधि र प्रक्रिया अवलम्बन गरी आफ्नो र आफ्नो मातहतका समितिहरू, समितिका पदाधिकारी एवम् सदस्यहरू वा जिम्मेवारी तोकिएको कुनै पनि व्यक्तिको कामको अनुगमन, निरिक्षण र कार्यमूल्याङ्कन गर्ने छ ।
2. पार्टी समितिले आफ्नो समिति र मातहतका समितिहरूबाट सरकार, संसद र स्थानीय तहमा गएका वा राजनीतिक नियुक्ति पाएका पदाधिकारी वा सदस्यले गरेको कामको अनुगमन र मुल्याङ्कन गर्ने छ ।
3. अनुगमन, निरिक्षण तथा कार्यमूल्याङ्कनको प्रतिवेदन विवरण तथा रेकर्ड पार्टीमा राख्नुपर्ने छ ।

परिच्छेद - २७

## अनुशासनसम्बन्धी कारबाही र पुनरावेदन

### धारा - १२६ आचारसंहिता

पार्टीको आन्तरिक एकतालाई दह्रो बनाउन तथा पार्टी विधि र प्रक्रियाअनुसार पार्टी प्रणाली (Party System) वा कार्यपद्धतिअनुरूप पार्टी सञ्चालन गर्नका लागि निम्नानुसार आचारसंहिताको पालना गर्नु पर्दछ ।

1. केन्द्रीय समिति, केन्द्रीय कार्यकारी समिति, प्रदेश समिति, राष्ट्रिय समिति, स्थानीय तहलगायत समितिहरूका नेतृत्वमा रहनु हुने सम्पूर्ण सदस्यहरूले विधान र नियमावली तथा पार्टीका निर्णयहरू र निर्देशनलाई अनिवार्य रूपले पालना गर्नु/गराउनु पर्दछ ।
2. पार्टीले गरेका निर्णयहरूका सम्बन्धमा आफूलाई चित्त नबुझेको खण्डमा आफू सङ्गठित रहेको समितिभित्र आफ्नो फरक धारणा लिखित वा मौखिक रूपमा राख्न सक्ने छ । पार्टी बिरूद्ध Facebook, Twitter, Instagram, Linkedin, youtube, TikTok, पत्रपत्रिका, टेलिभिजन, एफ.एम.लगायत कुनै पनि सञ्चार माध्यमद्वारा सार्वजनिक वा प्रचार - प्रसार गर्नु हुन्न । पार्टीको गोपनीयतालाई कायम राख्नुका साथै पार्टीको निर्णय र निर्देशनलाई कार्यान्वयन गर्नु पर्दछ । तर सैद्धान्तिक, वैचारिक तथा खोज र अनुसन्धानका विषयहरूमा आफ्नो विचार सार्वजनिक गर्न यसले बाधा पर्ने छैन ।
3. पार्टीको आधिकारिक धारणा पार्टी प्रवक्ता वा तोकेको व्यक्ति वा पार्टी विधानद्वारा अधिकार प्राप्त व्यक्तिमार्फत सार्वजनिक गरिने छ । पार्टीको आधिकारिक धारणा भन्दै आफ्नो छुट्टै व्यक्तिगत विचार वा धारणा राख्नु हुँदैन ।
4. पार्टीका साथीहरूले एक अर्काप्रति सम्मान, मित्रता र आदरपूर्वक व्यवहार गर्नु पर्दछ । पार्टी नेतृत्वमा रहेर कुनै पनि व्यक्तिले गल्ती गरेको वा पार्टी हितविपरीत कार्य गरेको लागेमा सम्बन्धित समितिको बैठकमा अनुमति लिएर सप्रमाण सम्मानजनकरूपले आफ्नो धारणा राख्नुपर्ने छ । माथिल्लो समितिका व्यक्तिको आलोचना मातहतका समितिमा गर्न र गराउनु हुँदैन ।
5. पार्टीको विधान वा पार्टीले व्यक्तिगत वा सामूहिकरूपमा तोकेको जिम्मेवारी तथा कार्यक्षेत्र वा क्षेत्राधिकारको परिधिभित्र रही आफ्नो जिम्मेवारी पूरा गर्नु पर्दछ । अनाधिकृतरूपमा अर्काको कार्यक्षेत्र वा जिम्मेवारी वा क्षेत्राधिकारमा हस्तक्षेप गर्नहुँदैन । प्रत्येक व्यक्तिले आफूलाई पार्टीले सुम्पिएको जिम्मेवारी र दायित्वलाई नै पूरा गर्ने कार्यप्रति प्रतिवद्ध रहनु पर्दछ ।
6. व्यक्तिगत स्वार्थ परिपूर्तिका लागि पार्टीभित्र गुट/उपगुट खडा गर्ने, एक आपसमा मतभेद तथा वैमनष्यता उत्पन्न गराई आपसी दूरी बढाउने, पार्टी नेता/कार्यकर्ता विरूद्ध सार्वजनिकरूपमा जथाभावि बोल्ने, पार्टी नीति, सिद्धान्त र विधानविपरीत कार्य गर्ने, पार्टी हितविपरीत गतिविधि र कार्य गर्ने, पार्टी विरोधीहरूसँग आन्तरिकरूपमा साँठगाँठ गर्ने, पार्टी गोपनीयता भङ्ग गर्ने र पार्टीभित्रका आन्तरिक गतिविधिसम्बन्धी सूचना बाहिर लैजाने, पार्टीभित्र हुने गरेका आन्तरिक अन्तर्विरोधलाई हल गर्नुको सट्टा चर्काउने र एक अर्का बिरूद्ध उपयोग गर्ने जस्ता निन्दनीय कार्य

गर्न/गराउन हुँदैन । पार्टीभित्र उठेका सम्पूर्ण विवादहरू सङ्गठनात्मक सिद्धान्त र पार्टी पद्धतिअनुसार हल गर्नु पर्दछ ।

7. पार्टीका सम्पूर्ण सदस्यहरूले महिला, दलित, बृद्ध र फरक क्षमता भएका (अपाङ्गता भएका) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकप्रति सम्मान्जनक एवम् मैत्रीपूर्ण व्यवहार गर्नु पर्दछ । सार्वजनिक जीवन र पार्टी कार्यमा सम्मानका साथ प्रोत्साहन गर्नु पर्दछ । साथै कुनै पनि तवरले जात, धर्म र संस्कृतिबिच आपसी विद्वेष फैलाउन तथा सामाजिक छवि धुमिल हुने कार्य गर्नु हुँदैन ।
8. विभिन्न समितिका पदाधिकारी एवम् सदस्यहरू आफू सङ्गठित रहेको सङ्गठन/समितिका बैठकमा उपस्थिति भई सहभागी हुनुपर्ने छ । आफू सङ्गठित रहेको समितिबाहेक अन्य सङ्गठन/समितिको बैठकमा जान आवश्यक परेमा सम्बन्धित समिति वा सङ्गठनसँग सम्पर्क गरी जान सकिने छ । समितिका बैठकहरूमा सम्बन्धित सङ्गठन/समितिका लागि तोकिएको इन्चार्ज/सह-इन्चार्ज वा माथिल्लो समितिले जिम्मेवारी तोकि खटाएका व्यक्ति र कामको प्रकृतिले प्रत्यक्ष सरोकार राख्ने आमन्त्रित व्यक्तिलाई भने सहभागी गराउनुपर्ने छ ।
9. प्रत्येक पार्टी सदस्यले पार्टीको सङ्गठनात्मक सिद्धान्त पालना गर्नु पर्दछ । कुनै पनि पार्टी सदस्यले पार्टी सङ्गठनलाई क्रियाशील बनाउनुको साटो शिथिल तुल्याउने कार्य गर्नु हुँदैन । प्रत्येक पार्टी सदस्य सङ्गठनकोअन्तर्गत रहनु पर्दछ, अल्पमतले बहुमतको निर्णय पालना गर्नु पर्दछ, तल्लो समिति माथिल्लो समितिअन्तर्गत रहनु पर्दछ, सम्पूर्ण सदस्य तथा समितिहरू पार्टीको केन्द्रीय समितिकोअन्तर्गत रहनु पर्दछ र सम्पूर्ण सङ्गठन राष्ट्रिय महाधिवेशनको मातहत रहनु पर्दछ ।
10. कुनै पनि अन्तर्राष्ट्रिय सङ्गठन, सङ्घ/संस्था र कुटनीतिक नियोगले मुलुकभित्र वा बाहिर आयोजना गरिएको कार्यक्रममा प्रतिनिधित्व गर्न वा सहभागी हुनुपर्ने भएमा पार्टीको केन्द्रीय कार्यालयलाई सो कार्यक्रमबारे जानकारी गराई अनुमति लिनु पर्दछ । तर मुलुकभित्र नेपालका मित्रराष्ट्र, कुटनीतिक नियोग, संयुक्त राष्ट्र सङ्घीय नियोगहरूद्वारा आयोजित कार्यक्रममा सहभागी हुन बाधा पर्ने छैन ।
11. आफू सदस्य रहेको समितिको बैठकमा उपस्थित हुनु सबैको कर्तव्य हुने छ । पूर्व सूचनाविना तीन पटकसम्म बैठकमा लगातार अनुपस्थित रही पार्टीलाई चित्तबुझ्दो स्पष्टिकरणको जवाफ समेत प्रस्तुत गर्न नसक्ने व्यक्ति समितिको पदबाट स्वतः मुक्त हुने छ ।
12. आचरण र व्यवहारसम्बन्धी आचारसंहिता सबैले कडाईकासाथ पालना गर्नु पर्दछ । पार्टी पद्धति/प्रणालीअनुसार नै पार्टी सञ्चालन गर्नु पर्दछ । आचारसंहिताको पालना नगरेमा वा उल्लङ्घन गरेमा वा गराईएमा पार्टी विधानअनुसार कारवाहीको भागी हुनुपर्ने छ ।
13. आचारसंहितासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

## धारा - १२७ आचारसंहिता तथा अनुशासन उल्लङ्घन गरेको मानिने

पार्टीका पदाधिकारी, सदस्य तथा निकायले देहायबमोजिम कार्य गरे, गराएमा धारा (१२६) बमोजिम जारी आचारसंहिता वा अनुशासनको उल्लङ्घन गरेको मानिने छ ।

1. पार्टीको सिद्धान्त, विधान, नियमावली एवम् नीति तथा कार्यक्रमविपरीत कार्य गरे, गराएमा ।
2. नेपालको संविधान र प्रचलित कानूनबमोजिम जननिर्वाचित प्रतिनिधिले चलाउने निकायको निर्वाचनमा पार्टीको निर्णयविपरीत उम्मेदवार बनेमा, पार्टीको उम्मेदवार विरूद्ध प्रचार गरेमा वा पार्टीको उम्मेदवार बिरूद्ध उठ्ने अन्य कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेदवारको पक्षमा कुनै काम गरेमा ।
3. नैतिक पतन देखिने फौजदारी कसुर गरेको वा भ्रष्ट क्रियाकलाप गरेको वा अवाञ्छित तत्वसँग साँठगाँठ गरी राष्ट्रिय हितविपरीत काम गरेको ।
4. पदीय आचरण वा पार्टी हितविपरीत आर्थिक अनुशासनहीनता वा पार्टी सम्पत्तिको हिनामिनामा संलग्न भएको ।
5. छुवाछुत वा जातीय भेदभाव वा लैङ्गिक हिंसाजन्य क्रियाकलाप गरेको ।

6. पार्टीको आचारसंहिता उल्लङ्घन गरेमा वा पार्टी निर्णय नमानी खुला उल्लङ्घन गरेमा ।
7. पार्टीलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा हानी नोक्सानी पुऱ्याएमा ।
8. कसैको चरित्र हत्या हुने, व्यक्तिगत वा सामाजिक मर्यादा भङ्ग हुने, सम्मानमा चोट पुग्ने वा वितृष्णा फैलिने, साम्प्रदायिक सदभाव प्रतिकूल हुने कुनै पनि गतिविधि, व्यवहार, आचरण वा अभिव्यक्ति दिएमा ।
9. पार्टी सङ्गठन/समितिको गोपनीयता भङ्ग गरेको ।
10. पार्टीद्वारा सञ्चालित अभियान, आन्दोलन, जनपरिचालन वा सङ्घर्षको बिरूद्ध रहेको वा बिरोधीसँग साँठगाँठ गरेको ।
11. पार्टीको विधान, आचारसंहिता र नियमावलीमा पार्टी सदस्य वा पार्टी समितिले पालना गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उल्लङ्घन गरेको ।
12. आचारसंहिता वा अनुशासनका नियम उल्लङ्घनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

**धारा - १२८ अनुशासनसम्बन्धी कारवाही प्रक्रिया**

अनुशासनसम्बन्धी कारवाहीको प्रक्रिया देहायबमोजिम हुने छ ।

१. धारा १२६ र १२७ मा उल्लेखित क्रियाकलाप गरे वापत त्यसको प्रकृति र परिणाम हेरी सम्बन्धित समिति/निकायले आलोचना गर्ने वा लिखितरूपमा आत्मालोचना गराउने वा चेतावनी दिने वा पदमा रहेर निश्चित समय काम गर्न रोक लगाउने वा पद वा सदस्यबाट निलम्बन गर्ने वा पदबाट निष्काशन गर्ने वा अन्य उपयुक्त कारबाही गर्न सक्ने छ । यस्तो कारबाही मनोनयनबाट नियुक्त भएका पदाधिकारी तथा सदस्यहरूको हकमा मनोनयन गर्ने समितिले गर्न सक्ने छ । पालिका, वडा र टोल समितिले पार्टी सदस्यताबाट निष्काशनको सिफारिश गर्न सक्ने छ । पार्टीसदस्यबाट निष्काशनको कारवाही गर्ने अधिकार जिल्ला, प्रदेश, राष्ट्रिय समिति र केन्द्रीय समितिलाई हुने छ ।
२. पर्टीको आचारसंहिता वा अनुशासन उल्लङ्घन गरेमा पार्टीका सबै तहका समितिका अध्यक्षको प्रस्तावमा निर्वाचित समितिबाट चयन भएका वा निर्वाचित भएका पदाधिकारी र सदस्यहरूलाई उपधारा १ बमोजिम सम्बन्धित समितिले अनुशासनको कारवाही गर्न सक्ने छ । .
३. सम्बन्धित समितिले कुनै पनि पार्टी सदस्यलाई अनुशासनको कारवाही गर्नुअघि निजलाई स्पष्टीकरणको मौका दिनुपर्ने छ ।
४. केन्द्रीय समितिले बाहेक कुनै पनि व्यक्तिलाई पार्टी सदस्यताबाट निष्काशनको कारबाही गर्दा एकतह माथिल्लो पार्टी समितिबाट अनिवार्य अनुमोदन हुनुपर्ने छ ।
५. पार्टी सदस्यताबाट निलम्बन गर्ने अधिकतम् अवधि १ वर्ष सम्म हुने छ ।
६. कुनै पनि पार्टी समितिले आफ्नो दायित्व वा तोकिएको जिम्मेवारी र कर्तव्यको पालना नगरेमा माथिल्लो समितिले त्यस्ता पार्टी समितिलाई विघटन गर्न सक्ने छ ।
७. पार्टी निर्णयको अवज्ञा गरेमा वा पार्टी हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा, जन प्रतिनिधिहरूको हकमा पार्टी केन्द्रीय समितिले निर्वाचित भएको तहबाट हटाउने सम्मको कारबाही गर्न सक्ने छ । पार्टी अनुशासनको कारबाही भोगि रहेका सङ्गठित पार्टी सदस्यले कारबाही अवधिभर पार्टीको कुनै पनि तह र जन प्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेदवारी दिन सक्ने छैनन् ।
८. पार्टीको चिन्हबाट निर्वाचित वा पछि दलको सदस्यता ग्रहण गरेको प्रतिनिधिसभा वा राष्ट्रियसभा सदस्य र प्रदेशसभा सदस्यलाई वा पालिकाको पदाधिकारी एवम् सदस्यलाई राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम जनप्रतिनिधिको पदबाट हटाउने अधिकार केन्द्रीय समितिलाई हुने छ ।
९. पार्टी एकता बिरूद्ध गतिविधि गरेको ठहर भएमा पार्टी सदस्यता स्वतः समाप्त हुने छ ।

### धारा - १२९ पुनरावेदनसम्बन्धी व्यवस्था

१. आफूमाथि भएको अनुशासनसम्बन्धी कारबाही चित्त नबुझेको खण्डमा पुनराबेदन गर्न सक्ने छ । केन्द्रीय समितिले गरेको निर्णय र प्रदेश अनुशासन आयोगको निर्णय चित्त नबुझे केन्द्रीय अनुशासन आयोगमा र अन्य प्रदेश वा सोभन्दा मातहतका समितिहरूले गरेको कारबाही को निर्णय चित्त नबुझे प्रदेश अनुशासन आयोगमा पुनरावेदन गर्न सक्ने छ । आयोगको निर्णयमा चित्त नबुझेमा राष्ट्रिय महाधिवेशनमा पुनरावेदन गर्न सकिने छ ।
२. पुनरावेदन सुन्ने समिति वा आयोगले अनुशासन कारवाहीको निर्णय सदर, बदर वा परिवर्तन गर्न सक्ने छ ।
३. कुनै पार्टी समिति वा व्यक्तिले आफूमाथि कारवाही भएको मितिले ३५ दिनभित्र पुनरावेदन गर्न सक्ने छ ।
४. पुनरावेदन प्रक्रियासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

परिच्छेद २८

## विविध

### धारा - १३० वरियताक्रम तोक्ने

पार्टीको विभिन्न निकाय र  तहका समितिको पदाधिकारी एवम् सदस्यहरूको वरियताक्रम सम्बन्धित समितिले तोक्न सक्ने छ ।

### धारा - १३१ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान

पार्टीले राजनीतिक वा आर्थिक वा सामाजिक वा साँस्कृतिक वा समाज विज्ञानका क्षेत्रमा अध्ययन, अनुसन्धानका लागि स्वायत्त प्रकृतिको एक अध्ययन तथा अनुसन्धान  प्रतिष्ठान स्थापना गर्न सक्ने छ । यसको कार्यविधि, काम, कर्तव्य, अधिकार र सञ्चालन विधि तोकिएबमोजिम हुने छ ।

### धारा - १३२ विधानको व्याख्या

यो विधान र विधानअन्तर्गत बनेको नियम, विनियमको कार्यान्वयन गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा यसको व्याख्या गर्ने अधिकार केन्द्रीय समितिलाई हुने छ ।

### धारा - १३३ नियम बनाउने अधिकार

विधानसँग नबाझिने गरी केन्द्रीय समितिले आवश्यकताअनुसार नियमावली, तथा विनियम बनाई कार्यान्वयन गर्न सक्ने छ ।

### धारा - १३४  खारेजी र बचाउ

यस अघि लागू रहेको पार्टीको विधान खारेज गरिएको छ र सो विधानबाट भए गरेका सम्पूर्ण कार्यहरू यसै विधानबाट गरिएको मानिने छ ।

### धारा - १३५ तदर्थ समिति

*1.* निर्वाचित समिति गठन नभएको ठाउँमा एक तह माथिल्लो समितिले पार्टी सदस्यहरूको भेलाद्वारा वा मनोनयनद्वारा पार्टीको तदर्थ समिति गठन गर्न सक्ने छ । यस्तो समितिको मुख्य काम

सदस्यता वितरण र सङ्गठन विस्तार गरी सम्बन्धित तहको अधिवेशन सम्पन्न गराउनु हुने छ । अधिवेशन सम्पन्न नुहँदासम्म यसले निर्वाचित समितिको अधिकारहरू प्रयोग गरी काम गर्ने छ ।

2. तदर्थ समितिको अवधि सामान्यतः ६ महिनाको हुने छ । आवश्यक परेमा एक तह माथिल्लो समितिले थप ६ महिनासम्म बढाउन सक्ने छ । तर कुनै पनि अवस्थामा यो अवधि एक वर्षभन्दा बढी हुने छैन ।
3. निर्वाचित समितिको आफ्नो अवधि समाप्त भएको अवस्थामा सो समिति स्वतः तदर्थ समितिमा रूपान्तरित हुने छ । यसरी तदर्थ समितिमा रूपान्तरित भएको मितिले ६ महिनाभित्र अधिवेशन सम्पन्न गर्नुपर्ने छ ।

## धारा - १३६ गणपूरक सङ्ख्या

सबै तहको समितिको बैठकको गणपूरक सङ्ख्या कूल सङ्ख्याको ५० प्रतिशत जोड एक हुने छ ।

## धारा - १३७ एक व्यक्ति एक प्रमुख जिम्मेवारी

पार्टीले सामान्यतः एक व्यक्ति एक प्रमुख जिम्मेवारीको नीति लिने छ । पदेनबाहेक माथिल्लो समितिका व्यक्तिहरू तल्लो समितिमा र तल्लो समितिका व्यक्तिहरू माथिल्लो समितिमा रहन पाउने छैनन् । तर यसले समान तहको अन्य जिम्मेवारी लिन तथा जनवर्गीय तथा सामाजिक सङ्गठनहरूमा आवद्ध हुन कुनै वाधा हुने छैन ।

## धारा - १३८ बिस्तारित बैठक

केन्द्रीय समिति, प्रदेश समिति, राष्ट्रिय समिति, जिल्ला समिति, पालिका र नगरपालिका समितिले आवश्यकताअनुसार समितिको बिस्तारित बैठक गर्न सक्ने छ । बिस्तारित बैठकमा केन्द्रीय समितिले प्रदेश अध्यक्ष, जनवर्गीय सङ्गठनका केन्द्रीय अध्यक्षलाई, प्रदेश/राष्ट्रिय समितिले जिल्ला अध्यक्ष, प्रदेश स्तरीय जनवर्गीय सङ्गठनका अध्यक्षहरूलाई, जिल्ला समितिले पालिका, नगरपालिका अध्यक्ष, जिल्ला स्तरीय जनवर्गीय सङ्गठनका अध्यक्षलाई, पालिकाले वडा अध्यक्ष, पालिका स्तरीय जनवर्गीय सङ्गठनका अध्यक्षलाई र सम्बन्धित प्रदेश/राष्ट्रिय समिति र स्थानीय तहमा रहनु हुने पार्टी केन्द्रीय सदस्यलाई आमन्त्रित गर्नुपर्ने छ । सम्बन्धित समितिले तोकेको कार्यसूची नै बैठकको कार्यसूची हुने छ । बिस्तारित बैठकका आमन्त्रित सदस्यहरूले आ-आफ्नो राय-सल्लाह र सुझाव दिई समितिको बैठकलाई कार्यसूचीबमोजिम निर्णय लिन सहयोग गर्नुपर्ने छ ।

## धारा - १३९ बाधा अड्काउ फुकाउ

यस विधानको कार्यान्वयनमा कुनै बाधा पर्न आएमा केन्द्रीय समितिको दुईतिहाई बहुमतले बाधा अड्काउ फुकाउन सक्ने छ । सो को अनुमोदन महाधिवेशनबाट गर्नुपर्ने छ ।

## धारा - १४० कार्यविधि बनाउन सक्ने

१. पार्टीको केन्द्रीय समिति वा नियमावलीमा तोकिएबमोजिमको तहका समितिले पार्टी सञ्चालन तथा विधान र नियमावलीबमोजिमको ब्यवस्था कार्यान्वयन गर्न कार्यविधि बनाउन सक्ने छ ।
२. उपधारा (१) बमोजिम कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिएकोमा कार्यविधि स्वीकृत भएको मितिले १५ दिनभित्र सम्बन्धित तहको समितिले निकट मानिने माथिल्लो तहको समितिलाई जानकारी गराउनुपर्नेछ, तर केन्द्रीय समितिले गरेको निर्णय अन्तिम हुने छ ।

**धारा - १४१ अधिकार प्रत्यायोजन**

१. महाधिवेशनले केन्द्रीय समितिलाई तथा सम्बन्धित तहको अधिवेशनले सम्बन्धित तहको समितिलाई महाधिवेशन वा अधिवेशनको अधिकार तोकिएको शर्तबमोजिम उपयोग गर्न प्रत्यायोजन गर्न सक्ने छ ।
स्पष्टीकरण : यस उपधाराको प्रयोजनका लागि 'तोकिएको शर्त' भन्नाले अधिकार प्रत्यायोजन गर्दा सम्बन्धित महाधिवेशन वा अधिवेशनले तोकिदिएको शर्त सम्झनुपर्छ ।

२. उपधारा १ बमोजिम प्रत्यायोजन भएका अधिकार पुनः प्रत्यायोजन गर्न पाइने छैन ।

३. सम्बन्धित तहको समितिले निर्णय गरी सो समितिको अधिकार सम्बन्धित तहको कुनै विभाग, समिति वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सकिने छ ।

## अनुसूची- १

(धारा - ६ सँग सम्बनिधत)

### पार्टीको छाप

पार्टीको छाप पाँचकुने तारा बिचमा राखी माथि देवनागरी र तल अङ्ग्रेजीमा गोलाकारमा पार्टीको पूरा नाम र मुनी समितिको नाम र पार्टी स्थापना साल हुने छ । पार्टीको छाप यसप्रकार हुने छ ।

## अनुसूची -२

(धारा - ७ सँग सम्बन्धित)

### पार्टीको चुनाव चिन्ह



## अनुसूची- ३
**(धारा - ८ सँग सम्बन्धित)**

### पार्टीको झण्डा

पार्टीको झण्डा आयताकारमा ३:२ को अनुपातमा लम्बाई र चौडाई रहने छ । रातो रङ्गको पृष्ठभूमिमा बिचमा सेतो रङ्गको पाँचकुने तारा रहने छ ।

झण्डामा रहेको रातो रङ्गले क्रान्ति र समाजवाद तथा पाँचकुने ताराले चेतना र विविधतामा एकताको प्रतिक जनाउने छ । पार्टीको झण्डा यसप्रकार हुने छ ।



## अनुसूची- ४
(धारा - ८ सँग सम्बन्धित)

### पार्टीको लोगो

पार्टीको लोगो (चिन्ह) रातो रङ्गको गोलाकारभित्र रातो रङ्गको पाँचकुने ताराको बिचमा सेतो रङ्गको हातको मुट्ठी रहने छ । पार्टीको लोगो यसप्रकार हुने छ ।

**अनुसूची- ५**
(धारा - ११ उपधारा २ सँग सम्बन्धित)

## जनता समाजवादी पार्टी, नेपाल
## सङ्गठित पार्टी सदस्यता आवेदन फारम

अध्यक्ष,
..................................समिति
जनता समाजवादी पार्टी, नेपाल

फोटो

मार्फत .............................समिति ...................
मैले पार्टी विधानमा उल्लेखित योग्यता र मापदण्ड पुरा गरेकोले सङ्गठित पार्टी सदस्यता प्रदान गरियोस भनी अनुरोध गर्दछु ।
१. नाम, थर ........................................................ २. जात/जाती/समुदाय .....................
३. स्थायी ठेगाना ..................................................४. अस्थायी ठेगाना ...............................
५. आमाको नाम ..................................................६. बाबुको नाम ................................
७. जन्म मिति .................
८. नागरिकता नं. र जिल्ला ..........................९. शिक्षा ..........................विषय .........
१०. पेसा ..................................११. पार्टी सदस्यता प्राप्त मिति
१२. ईमेल ..................................१३. सम्पर्क नं. ...............................
१४. संक्षिप्त राजनीतिक पृष्ठभूमि :
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................

पार्टी सदस्यता पत्रको प्रमाणित प्रतिलिपि यसै साथ संलग्न गरेको छु ।

..............................
आवेदकको हस्ताक्षर

### सिफारिसकर्ताहरु

म निवेदक ....................................................लाई चिन्दछु । निजलाई सङ्गठित पार्टी सदस्यता प्रदान गर्न उपयुक्त हुने देखिएकोले सिफारिश गर्दछु ।
१. नाम, थर .....................समिति र पद ............ठेगाना .............हस्ताक्षर .................
२. नाम, थर .....................समिति र पद ............ठेगाना .............हस्ताक्षर .................

सिफारिश गर्ने समिति ..............बैठकको मिति ................... अध्यक्षको हस्ताक्षर र छाप ...........

### सदस्यता स्वीकृत गर्ने

नाम, थर ................................................................... पद..........................
सिफारिस गर्ने समिति ..................................................हस्ताक्षर र छाप ...............................

## अनुसूची ६
(धारा - २२ उपधारा १ सँग सम्बन्धित)

### जनता समाजवादी पार्टी, नेपाल
### पार्टी सदस्यता-पत्र

नं.
नाम, थर ....................
ठेगाना ..................
जन्म मिति : ............................
पार्टी सदस्यता प्राप्त मिति ........................
प्रदान गर्नेको नाम, थर .................
समिति ...................हस्ताक्षर
पद .......................मिति ...........................

## अनुसूची ७
(धारा - २२ उपधारा १ सँग सम्बन्धित)

### जनता समाजवादी पार्टी, नेपाल
### सङ्गठित पार्टी सदस्यता-पत्र

फोटो

सदस्यता नं. ..................
नाम, थर ....................
स्थायी ठेगाना ................
जन्म मिति ....................
सदस्यता प्राप्त मिति ......................

..........................
प्रमाणित गर्नेको हस्ताक्षर
नाम, थर .................
समिति र पद ...............
प्रमाणित गरेको मिति ........

| **नवीकरण मिति** | **नवीकरण गर्नेको नाम, थर** | **समिति, पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची ८
(धारा - २२ उपधारा २ सँग सम्बन्धित)

**जनता समाजवादी पार्टी, नेपाल**

फोटो

**परिचय-पत्र**

**नाम, थर ..................**
**स्थायी ठेगाना .................**
**जन्म मिति .....................**
**राष्ट्रिय परिचयपत्र/नागरिकता नं. .............**

**......................**
**प्रमाणित गर्नेको हस्ताक्षर**
**नाम थर : ...................**
**समिति ...................**

**समिति र पद ....................मान्य अवधि ................देखि ................सम्म ।**

## अनुसूची ९
## शपथग्रहणको व्यहोरा
(धारा - ८८ सँग सम्बन्धित)

**(मुटुमाथि दायाँ हात राखेर शपथ लिने ।**

म ............................................जनता समाजवादी पार्टी, नेपालको.......................... समिति .............................पद/सदस्यको जिम्मेवारी लिइरहेको यस महत्त्वपूर्ण घडीमा पार्टीको झण्डासामु उभिएर महान शहीदहरूलाई सम्झँदै प्रतिज्ञा गर्दछु, कि,

म सङ्घीय समाजवादलाई पार्टीको मार्गदर्शक सिद्धान्तको रूपमा आत्मसात गर्ने छु ।

म पार्टीको नीति, सिद्धान्त र उद्देश्यलाई दृढताकासाथ अनुसरण गर्दै पार्टी विधानलाई इमान्दारीताका साथ पालना गर्ने छु ।

म नीजि वा व्यक्तिगत स्वार्थबाट माथि उठेर स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउने छु ।

म पार्टीको गोपनीयता तथा एकता जोगाउँदै, सबैखाले शोषण, उत्पीडन र विभेदको अन्त्य गर्न सँधै सङ्घर्षरत रहने छु ।

म स्वतन्त्रता, समानता, सामाजिक न्याय र समाजवादका लागि लडिरहने छु ।

जनता समाजवादी पार्टी, नेपाल -जिन्दावाद ! जिन्दावाद !

आदरणीय वीर सहिदहरू- अमर रहून् ! अमर रहून् !

हस्ताक्षर : ........................................................
नाम, थर : ........................................................
ठेगाना : ........................................................
पद : ..................................................................
मिति ..................................................

## अनुसूची - १०
(धारा - ११३ उपधारा १ सम्बन्धित व्यवस्था)

### विधान संशोधनसम्बन्धी ढाँचा

| क्र.सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची- ११
(धारा - १९ उपधारा १ र २ सँग सम्बन्धित)

### पार्टी सदस्यता अभिलेखसँग सम्बन्धित

| प्रदेश :<br>जिल्ला : | | | विशेष संरचना<br>निर्वाचन क्षेत्र | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | सदस्यता नं. | नाम र थर | जन्म मिति | ठेगाना | सदस्यता प्राप्त मिति | जाति/ समुदाय | लिङ्ग | कैफियत |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची - १२
(धारा - ५४ को उपधारा २ र धारा ५७ सँग सम्बन्धित)

**१. धारा - ५४ को उपधारा २ बमोजिम राष्ट्रिय समितिमा रहने जिल्लाहरू**
**प्रदेश नं १**

१. लिम्बुवानः ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा ।
२. किरात प्रदेश : संखुवासभा, भोजपुर, उदयपुर, खोटाङ, ओखलढुङ्गा ।
३. शेर्पालुङ : सोलुखुम्वु तथा प्रदेश नं १ को हिमाली पालिकाका अध्यक्ष वा प्रतिनिधिहरू ।

४. मधेस प्रदेश : सुनसरी, मोरङ, झापा । तर यी तीन जिल्लामा रहेका अरु समुदायको बाहुल्यता रहेका पालिकाका प्रतिनिधिहरू आआफ्नो पहिचानमा आधारित राष्ट्रिय समितिमा सङ्गठित हुन सक्ने छन् ।

**बागमती प्रदेश**

१. ताम्सालिङ प्रदेश : दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, नुवाकोट धादिङ, मकवानपुर, चितवन ।

२. नेवाः प्रदेश : काठमाडौं, भक्तपुर, ललितपुर ।

**गण्डकी प्रदेश**

१. तमुवान प्रदेश : गोरखा, लम्जुङ, कास्की, मनाङ, मुस्ताङ, स्याङ्जा, पर्वत ।

२. मगरात प्रदेश : तनहुँ, नवलपुर, बाग्लुङ, म्याग्दी ।

**लुम्बिनी प्रदेश**

१. मगरात : पाल्पा, गुल्मी, अघाखाँची, प्यूठान, रोल्पा, रुकुम (पूर्व) ।

२. थरुहट तराई प्रदेश : नवलपरासी, रुपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया ।

**सुदुरपश्चिम प्रदेश**

१. खसान : बाजुरा, अछाम, बझाङ, डोटी, दार्चुला, बैतडी, डडेलधुरा ।

२. थरुहट तराई प्रदेश : कैलाली, कञ्चनपुर ।

**२. धारा ५७ बमाजिम गठन हुने राष्ट्रिय समन्वय समिति**

१. शेर्पालुङ राससः प्रदेश नं १ को शेर्पालुङ राष्ट्रिय समिति तथा बागमती प्रदेशका हिमाली पालिकाका अध्यक्षहरू ।

२. मधेस राससः वर्तमान मधेस प्रदेश तथा प्रदेश नं १ का मधेस राष्ट्रिय समिति ।

३. मगरात राससः गण्डकी र लुम्बिनी प्रदेशका मगरात राष्ट्रिय समितिहरू ।

४. थरुहट-तराई राससः लुम्बिनी र सुदुरपश्चिम प्रदेशका थरुहट-तराई राष्ट्रिय समितिहरू ।

५. खसान कर्णाली राससः सुदुरपश्चिमको खसान राष्ट्रिय समिति र वर्तमान कर्णाली प्रदेश ।

## अनुसूची - १३

(धारा - २१ को उपधारा १ सँग सम्बन्धित)

### १) पार्टी सदस्यता दर्ता किताब

| क्र.सं. | नाम, थर | जन्म मिति | प्रदेश | जिल्ला | गा.पा./न.पा. | वडा नं. | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### २) सङ्गठित पार्टी सदस्यता दर्ता किताब

| क्र.सं. | नाम, थर | जन्म मिति | प्रदेश | जिल्ला | गा.पा./न.पा. | वडा नं. | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |